पहिलो परिच्छेद

शोधपरिचय

## १.१ शोधशार्षक

यस शोधपत्रको शीर्षक **लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा देशभक्ति** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकीशास्त्र तथा सामाजिक सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको आंशिक परिपूर्तिको लागि दसौँ पत्रको प्रयोजनार्थ तयार गरिएको छ ।

## १.३ विषयपरिचय

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले नेपाली साहित्यका कविता, कथा, उपन्यास, नाटक आदि विविध विधामा सफलतापूर्वक कलम चलाएको पाइए पनि ख्यातिप्राप्त विधाका रूपमा कविता र निबन्ध नै देखापर्दछन् । करिब ६५० जति फुटकर कविता, आधा दर्जन महाकाव्य, तीन दर्जनजति खण्डकाव्य लेखी नेपाली काव्यजगत्लाई समृद्ध बनाएका देवकोटाको निबन्धकार व्यक्तित्वलाई चिनाउने **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) र **दाडिमको रूखनेर** (२०३९) दुईवटा निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । नेपाली निबन्धजगत् अतुलनीय योगदान दिन सफल देवकोटाका यी दुबै निबन्धसङ्ग्रहको कृतिपरक रूपमा शोधकार्य पनि भइसकेको छ तर देवकोटाको एक प्रमुख निबन्धात्मक प्रवृत्तिका रूपमा रहेको देशभक्तिलाई केन्द्र बनाएर निबन्धहरूको विश्लेषण गर्ने काम भएको छैन । यसै प्रवृत्तिगत सन्दर्भमा देवकोटा यी दुई निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको अध्ययन प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.४ शोधकार्यको समस्या

निबन्धविधामा महत्त्वपूर्ण योगदान दिने नेपाली निबन्धजगत्मा आधुनिकताको सूत्रपात गरी त्यसलाई संरक्षण र संवर्द्धन गर्दै उत्कर्ष अवस्थामा पुऱ्याएका हुन् । देशभक्ति उनका निबन्धको एउटा मूल प्रवृत्ति हो । यस प्रवृत्तिलाई केन्द्र बनाएर सम्पन्न गरिएको प्रस्तुत शोधपत्रका मुख्य समस्याहरू निम्नानुसार रहेका छन् :

(क) निबन्धकार देवकोटाको निबन्धयात्रा र निबन्धसिर्जना केकस्तो रहेको छ ?

(ख) विधातात्त्विक दृष्टिले देवकोटाका निबन्ध केकस्ता रहेका छन् ?

(ग) निबन्धकार देवकोटाका निबन्धमा देशभक्तिको भावना केकसरी व्यक्त भएको छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) देवकोटाको निबन्धयात्रा र निबन्धसिर्जनाको अनुशीलन गर्नु,

(ख) विधातात्त्विक दृष्टिले देवकोटाका निबन्धको विश्लेषण/मूल्याङ्कन गर्नु,

(ग) निबन्धकार देवकोटाका निबन्धमा व्यक्त देशभक्तिको भावसन्दर्भको अनुशीलन गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धकार व्यक्तित्वका बारेमा विभिन्न समालोचकहरूले विभिन्न ठाउँमा चर्चा गरेका छन् । उनको जीवनी, व्यक्तित्व, कृतित्वलगायत अन्य विविध कोणबाट स्नातकोत्तर तहदेखि विद्यावारिधि तहसम्म अध्ययन-अनुसन्धानको कार्य भइसकेको देखिन्छ तर देवकोटाको महत्त्वपूर्ण निबन्धगत प्रवृत्तिका रूपमा रहेको देशभक्तिका सन्दर्भमा निबन्धहरूको अध्ययन-विश्लेषण हुन सकेको छैन । निबन्धकार देवकोटाको निबन्धकारिताको एक पक्षका रूपमा रहेको देशभक्तिको भावनाका बारेमा केही प्रमुख समालोचक तथा अध्येताहरूले विभिन्न ठाउँमा व्यक्त गरेका धारणाहरूलाई पूर्वकार्यका रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

वासुदेव त्रिपाठी (२०२७) ले **रत्नश्री** (वर्ष ८, अङ्क २) मा 'निबन्धकार देवकोटा र नेपाली निबन्धको अभ्युदय' शीर्षकको लेखमा देवकोटाभित्र रहेको देशभक्तिको भावनालाई पुष्टि

गर्न उनकै निबन्धलाई अघि सार्दै भनेका छन् : “देवकोटा भित्रभित्रै क्रान्तिकारी आगो भर्भराइरहेको कुरा उनका कतिपय निबन्धले प्रमाणित गर्दछन् । ‘वीरहरू’मा अपरत्र पङ्खा फुक्का भई मानवात्माको चर्चा उनी गर्दछन् भने ‘के नेपाल सानो छ’ जस्ता निबन्धमा स्वराष्ट्रको महिमा गाउँछन् । भावसत्यहरूद्वारा राष्ट्रप्रेमको सिद्धान्त स्थिर गर्दछन् ।”

गोमा (२०३०) को **रत्नश्री** (वर्ष ११, अङ्क १) मा ‘देवकोटामा राष्ट्रियता’ शीर्षकको लेख प्रकाशित छ । यसमा देवकोटाका व्यक्तित्वको विभिन्न पक्षको चर्चा गर्ने क्रममा निबन्धकार व्यक्तित्वका बारेमा टिप्पणी गर्दै ‘के नेपाल सानो छ’ लगायतका विभिन्न कृतिहरूमा व्यक्त राष्ट्रिय भावनाका आधारमा उनी राष्ट्रिय भावनाले ओतप्रोत भएका व्यक्तित्व थिए भनेकी छिन् ।

घटराज भट्टराई (२०३५) ले **मधुपर्क** (वर्ष ११, अङ्क ६) प्रकाशित ‘लक्ष्मीप्रसाद देवकोटा : व्यक्ति र कृति’ शीर्षकको लेखमा देवकोटाको **लक्ष्मी निबन्धसङ्ग्रह**लाई आत्मपरक निबन्धहरूको सँगालोका रूपमा लिँदै उनलाई आफूले भोगेका, सोचेका, अनुभव गरेका र देखेका घटना र प्रसङ्गहरू मनोरम शैलीमा व्यक्त गर्ने निबन्धकार भन्दै ‘के नेपाल सानो छ ? ’ निबन्धभित्रका केही उद्धरणका माध्यमबाट राष्ट्रवादी चिन्तन भएका निबन्धकार भनी पुष्टि गर्ने प्रयास गरेका छन् ।

कृष्णचन्द घिमिरे (२०३८) ले **निबन्धकार देवकोटाको निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन** शीर्षकको शोधपत्रमा देवकोटाको निबन्धयात्राको चर्चा गर्ने क्रममा देस्रो चरणसम्म भावुक राष्ट्रवाद उनका निबन्धमा रहेको वस्तुगत राष्ट्र राष्ट्रवाद त्यसपछिको प्राप्ति हो भन्ने कुराको उल्लेख गरी उनका निबन्धमा देशभक्तिको भावना रहेकोतर्फ सङ्केत गरेका छन् ।

दुर्गाप्रसाद अर्याल (२०५४) ले **निबन्धकार देवकोटाका निबन्धमा दार्शनिक चिन्तन** विद्यावारिधि शोधप्रबन्धमा देशभक्त निबन्धकारका रूपमा चिनाउने क्रममा लेखेका छन् : “प्रबल श्रद्धाभाव र तर्कका आधारमा नेपाललाई सुन्दर, शान्त र विशाल तथा नेपाली भाषा आर्य र मङ्गोलको सङ्गमस्थल, नेपालका जनताका जीवन, व्यवसाय र नेपाली प्रकृतिलाई अनेक दृष्टिले महत्त्वपूर्ण एवम् खँदिलो अस्तित्वका रूपमा स्वीकार गर्ने देवकाटा राष्ट्रवादी व्यक्ति हुन् ।”

ध्रुव बस्याल (२०५४) ले **देवकोटाको लक्ष्मी निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** शोधकार्यमा **लक्ष्मी निबन्धसङ्ग्रह**भित्रका निबन्धहरूलाई विषयवस्तुका आधारमा वर्गीकरण गरी अध्ययन गर्ने क्रममा देशभक्तिको भाव प्रबल रूपमा देखिएका केही निबन्धहरूको अध्ययन गरेका छन् । बस्यालको देशभक्तिको विषयवस्तु समेटिएका निबन्धहरूको अध्ययन अरूको भन्दा अलिक विस्तृत छ तर पूर्ण छैन ।

चूडामणि बन्धु (२०५८) ले **देवकोटा** पुस्तकमा देवकोटाका दुबै निबन्धसङ्ग्रह **लक्ष्मी निबन्धसङ्ग्रह** र **दाडिमको रूखनेर** भित्रका निबन्धहरूको अध्ययन गर्ने क्रममा केही निबन्धमा भएको देशभक्तिको भावनालाई सङ्क्षिप्त रूपमा चर्चा गरेका छन् ।

राजेन्द्र सुवेदी (२०५९) ले **दाडिमको रूखनेर** निबन्धसङ्ग्रहको 'देवकोटाका निबन्ध केही मेलो केही झमेलो' शीर्षकको लेखमा देवकोटाका निबन्धहरूको वर्गीकरण गरी अध्ययन गर्ने क्रममा केही निबन्धमा रहेको देशभक्तिको भावनाको सङ्केतसम्म गरेका छन् ।

नेत्रप्रसाद न्यौपाने (२०६१) ले **गरिमा** (वर्ष २२, अङ्क ८) मा 'लक्ष्मी निबन्धसङ्ग्रह देवकोटाको साहित्यिक आत्मवृत्तान्त' लेख लेखी केही निबन्धहरूमा पाइने देशभक्तिको भावनालाई उल्लेख गरेका छन् ।

यसरी उपर्युल्लिखित विभिन्न समालोचक तथा शोधार्थीहरूका धारणालाई मूल्याङ्कन गर्दा केही सूचना अवश्यै प्राप्त हुन्छन् तर तिनले देवकोटाका निबन्धमा रहेको देशभक्तिलाई पूर्ण रूपमा विश्लेषण गर्न सकेका छैनन् । ती टीकाटिप्पणीहरूको सहयोग लिँदै प्रस्तुत शोधकार्य अगि बढाइएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व तथा उपयोगिता

देशभक्त निबन्धकारका रूपमा समग्र, सघन र व्यवस्थित अध्ययन नभएकाले पनि शोधकार्यको औचित्य स्पष्ट छ । प्रस्तुत शोधकार्यको अध्ययनबाट देवकोटाका निबन्धमा पाइने देशभक्तिका बारेमा जान्न चाहने जोकोही पाठक, अध्येता तथा स्वतन्त्र अनुसन्धातालाई सन्दर्भसामग्री हुनाका साथै देवकोटाको निबन्धकारितासँग सम्बन्धित देशभक्तिको भावनाका बारेमा प्रस्ट पारिएकाले यसको औचित्य, महत्त्व तथा उपयोगिता स्पष्टै छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

निबन्धकार देवकोटाको साहित्यिक व्यक्तित्व निबन्धका अतिरिक्त कविता, कथा, उपन्यास, नाटक आदिमा फैलिएको छ । प्रस्तुत शोधकार्यका देवकोटालाई उनले लेखेका निबन्धका आधारमा देशभक्तिको भावना बोकेका निबन्धकारका रूपमा चिनाइएको छ । उनको निबन्धकारिताका अन्य क्षेत्र र निबन्धइतर विधालाई समेट्न नसक्नु नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ सामग्रीसङ्कलनविधि र शोधविधि

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय अध्ययन विधिको उपयोग गरी सामग्रीसङ्कलन गरिएको छ । यस प्रक्रियाद्वारा प्राप्त हुन आएका सामग्रीलाई प्रस्तुत शोधकार्यमा विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरी देशभक्त निबन्धकारका रूपमा देवकोटालाई चिनाउन उनका निबन्धमा पाइने देशभक्तिको भावनालाई केलाइएको छ । साथै आफूभन्दा अगाडिका शोधार्थीले गरेका शोधकार्य र विविध अनुसन्धानात्मक लेखलाई सामग्रीसङ्कलनको आधार बनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई परिच्छेदमा विभाजन गरिएको छ र आवश्यकतानुसार विभिन्न शीर्षक र उपशीर्षकमा पनि विभाजन गरिएको छ जुन यसप्रकार रहेको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | देवकोटाको निबन्धयात्रा र निबन्धसिर्जना |
| तेस्रो परिच्छेद | : | विधातात्त्विक दृष्टिले देवकोटाका निबन्ध |
| चौथो परिच्छेद | : | देवकोटाका देशभक्तिमूलक निबन्धको विश्लेषण |
| पाँचौं परिच्छेद | : | उपसंहार |

दोस्रैं परिच्छेद

देवकोटाको निबन्धयात्रा र निबन्धसिर्जना

## २.१ नेपाली निबन्धको विकासक्रम

इसाको एघारौँ शताब्दीदेखि आरम्भ भएको मानिएको नेपाली भाषाको सर्वप्राचीन नमुनाका रूपमा १०३८ को **राजा गगनिराजको यात्रा** नामक पुस्तकमा दामुपालको अभिलेख पाइएको छ । वि. सं. ३१२ को अशोक चल्लको प्रशासनिक ताम्रपत्र र वि. सं. १३७८ को आदित्य मल्लको 'गोर्खा अभिलेख' मा नेपाली गद्यको प्रारम्भिक स्वरूप फेला पार्न सकिन्छ । यसपछिका उल्लेख्य कृतिहरूमा **भास्वती** (१४५७ पूर्व), **खण्डखाद्य** (१६४८), **जातकर्म पद्धति,वाज परीक्षा** (१७०० तिर), **ज्वरोत्पत्ति चिकित्सा** (१७७३), **प्रायश्चित्त प्रदीप** (१७८०), **औषध रसायन** (१८००) आदि कृति छन् । यस चरणमा अभिलेख ताम्रपत्र, शिलापत्र, औषधीमूलो, यात्रा, राजकाज, प्रकाशन, लेनदेन, व्यवहार नीति, ज्योतिषशास्त्र, जीवनीसाहित्य आदि विषयमा लेखिएका पाइन्छन् । यी कृतिहरूमा आख्यानात्मक र प्रबन्धात्मक विशेषता पाइन्छन् (गौतम र लुइटेल, २०५४ : १४) । आधुनिक नेपालको जन्म हुनुभन्दा अघिका ग्रन्थादिलाई निबन्ध मान्न सकिँदैन । यी सामग्रीहरू नेपाली गद्यका पृष्ठभूमिका प्राचीन स्रोत मात्र हुन् (शर्मा र श्रेष्ठ, २०४९ : १२८) ।

### २.१.१ प्राथमिक काल

नेपालको एकीकरणसँगै नेपाली भाषाले स्थिर रूप प्राप्त गऱ्यो र क्रमशः विकसित र विस्तारित हुन थाल्यो । यसै समयलाई नेपाली साहित्यको प्राथमिक काल भनिन्छ । वैयक्तिक अनुभूति, स्वतन्त्र अभिव्यक्ति, स्फुट विचार, वर्णनात्मकताजस्ता प्रवृत्ति लिएर देखापरेको

पृथ्वीनारायण शाहको **दिव्योपदेश**लाई नेपाली निबन्ध साहित्यको प्रथम चरणको निबन्धात्मक अभिलक्षण भएको प्रमुख कृति मानिएको छ (शर्मा र श्रेष्ठ, २०४९ : १२८) । यसपछि भानुदत्तको **हितोपदेश मित्रलाभ** (१८३३), शक्तिबल्लभ अर्यालको **हास्यकदम्ब** (१८५५), सुन्दरानन्द बाँडाको **त्रिरत्नसौन्दर्य गाथा** (१८९०) आदि गद्यात्मक लेखनमा उल्लेख्य योगदान पुऱ्याउने कृतिहरू प्राप्त भए । यस बीचमा **लक्ष्मी धर्म संवाद** (१८५१), सुन्दरानन्द बाँडाको **अध्यात्म रामायण** (१८९०), भवानीदत्त पाण्डेको **आत्मबोध** (१८९३ पूर्व) जस्ता कृति निस्किए पनि जङ्गबहादुरको **बेलायत यात्रा** निस्कनु (१९०९) अघिसम्म निबन्धमा उल्लेख्य कृति प्राप्त हुन सकेन । **दिव्योपदेश**पछिको महत्त्वपूर्ण कृतिका रूपमा **जङ्गबहादुरको बेलायत यात्रा** र मोतीराम भट्टको **भानुभक्तको जीवनचरित्र** नै उल्लेख्य देखापर्दछन् । उपदेश, यात्रा र जीवनी साहित्यले गद्यलेखनलाई उकास्न बल पुऱ्याएको देखिन्छ । यस समयमा नै निबन्धका प्रारम्भिक लक्षणहरू पाइन्छन् तर विधागत विभाजन गर्न भने कठिनाइ नै देखापर्दछ । यो समयमा नेपाली गद्यसाहित्यको उठान हुने आधारहरू पाइए पनि अपरिष्कृत भाषा, संरचनाको सिथिलता, आख्यानतत्त्वको असंयत अनियन्त्रित प्रयोगले निबन्धात्मक गुण दुर्बल हुन पुगेकाले नेपाली निबन्धको बीजकालका रूपमा नेपाली साहित्यको प्राथमिक काल रहेको छ (शर्मा; २०५७ : ३१) ।

## २.१.२ माध्यमिक काल

वि.सं. १९५८ मा **गोरखापत्र**को प्रकाशन भएपछि नेपाली निबन्धको माध्यमिक काल सुरु भएको मानिन्छ । यस समयका 'अगि मूर्ख पछि बुद्धिमान' (१९५९), 'निद्रा' (१९६६), 'श्री वसन्त पञ्चमी' (१९६६), 'दूधको गुण अवगुण' (१९६७), 'सुखदुःख' (१९६७), 'शिशु र शिक्षा' (१९७०) जस्ता लेखहरूले नेपाली निबन्धको प्रारम्भिक रूपरेखा कोर्न पुगेका थिए भन्न सकिन्छ (सत्याल; २०५४ : ११६) । यसबाहेक बनारसबाट प्रकाशित हुने **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोर्खाली** (१९७२) आदि पत्रिकाले पनि निबन्धको विकास थालेको पाइन्छ । **सुन्दरी**मा 'वेसरी' शीर्षकको निबन्धात्मक लेख र देवीदत्त शर्माको 'उचित चर्चा (१९६५) प्रकाशित छ । **माधवी**मा गद्यलाई विशेष स्थान दिएर राममणि आदीको **कविता रीति**, **मातृभाषाको आवश्यकता**

र काश्मीर यात्राको वर्णन निबन्ध पुस्तक देखापरेका छन् । वि. सं. १९७१ मा बनारसबाट प्रकाशित मासिक पत्रिका **चन्द्र**मा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान आदिका निबन्ध प्रकाशित भएका छन् भने **गोर्खाली**मा सूर्यविक्रम ज्ञवालीका 'सोक्रेटसको बहस' छापिएको पाइन्छ ।

१९७४ मा कर्साङबाट प्रकाशित **चन्द्रिका** पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलको 'महेन्द्रमल्ली', 'कविताको फल', 'प्रेम', 'समयको मूल्य'जस्ता निजात्मक निबन्धहरू प्रकाशित भएका छन् । यसै समयमा पारसमणि प्रधानको 'अध्यावसाय' निबन्ध र वकिमचन्द्रको 'खद्योत मानव' शीर्षकका निबन्धलाई 'जुनकीरी' शीर्षकमा अनुवाद गरी प्रकाशित गरेका छन् । यस्तै चन्दनसिंह, नन्दराम र मानसिंहको सम्पादकत्वमा देहरादूनबाट प्रकाशित **गोर्खा संसार** पत्रिकामा वेदनिधि शर्माको 'जातीय रोगको अचुक औषधी' (१९८३) र विद्यावतीको 'तरुणतपसी कुन्न छन् ? (१९९४) निबन्धहरूले नेपाली जातीय निस्क्रियता अनि सामाजिक विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा उद्घाटन गर्ने काम गरेका छन् (सुवेदी; २०५६ : १५) ।

दार्जिलिङबाट प्रकाशित **नेपाली साहित्य सम्मेलन** (१९८९) पत्रिकामा सूर्यविक्रम, पारसमणि, रूपनारायण आदिका क्रमशः 'साहित्य सेवा', चरित्र सुधार' र 'नैतिकता' जस्ता बौद्धिकता निजात्मकताले ओतप्रोत निबन्ध प्रकाशित छन् ।

यसरी स्वदेशी र प्रवासीहरूले पत्रिकाका माध्यमबाट निबन्धलेखनमा गति प्रदान गरेर भाषासाहित्यको उत्थान गरेका छन् । वैचारिक, वर्णनात्मक र विचारात्मक निबन्धको अधिकता पाइए पनि मौलिक र आत्मपरक निबन्धलेखनको थालनी यसै कालदेखि भएको हो । यस कालका निबन्धहरू व्याकरणात्मक गद्यात्मक भाषा र आयामको निश्चितताजस्ता सकारात्मक पक्ष देखिए पनि परिष्कृत शैली र अनुभूतिको अभाव, चिन्तनको गहिराइ नपाइनु, शिथिल संरचना र भाषिक स्थिरताको अभाव हुनु यस कालका निबन्धमा पाइने नकारात्मक पक्षहरू हुन् ।

### २.१.३ आधुनिक काल

#### २.१.३.१ प्रथम चरण (१९९१-२०१६)

१९९१ सालमा **शारदा** पत्रिकाको प्रकाशनले नेपाली साहित्यको क्षेत्रमा नयाँ मोड ल्याउन सफल भयो । नेपाली निबन्ध विधाको आधुनिक युगको सूत्रपात गर्ने श्रेय **शारदा** पत्रिकाले प्राप्त गरेको छ । बालकृष्ण समको 'वर्दाहामा शिकार' लाई निबन्ध भनिए पनि त्यो पूर्णतः निबन्ध होइन बरु 'त्यो', 'पानी', 'आत्मविश्वास' आदि निबन्धहरू प्रकाशित भएपछि समको उच्चता कायम भयो । 'बर्दाहामा शिकार' कथात्मक गुण बोकेको र अन्य निबन्धहरू वस्तुपरकता, बौद्धिकता र विचारले थिचिएका भएकाले आजका निबन्धले प्रतिस्थापन गरेको मूल्यलाई नेतृत्व दिन नसकेकाले नै १९९३ आषाढमा **शारदा**मा प्रकाशित 'आषाढको पन्ध्र' निबन्धले आधुनिक नेपाली निबन्धको प्रथम पाइलोको रूपमा स्थापित हुने मौका पायो । नेपाली निबन्धमा सौन्दर्यमूलक र भावात्मक चेतको प्रविष्टि गराएर लेख्ने देवकोटाले २००२ सम्ममा ३७ वटा विचारभन्दा बढ्ता भाव र अन्तुर्मखी चिन्तन अभिव्यक्त भएका निबन्धहरूको सङ्ग्रह पनि प्रकाशित गरे (शर्मा; २०५७ : ३५) ।

यसै समयमा स्वदेश र विदेश दुवै क्षेत्रबाट निबन्धलेखन र प्रकाशन जारी रहेको पाइन्छ जसमध्ये बाबुराम आचार्य, बदरीनाथ भट्टराई, भेषराज शर्मा, भीमनिधि तिवारी, यदुनाथ खनाल, खड्मान मल्ल, रूद्रराज पाण्डे, अच्छा राई, सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान, रूपनारायण सिंह रहेका छन् । यस चरणमा मूलतः दुईवटा प्रवृत्ति प्रमुख रूपमा देखापरेका छन् : तिनमा पहिलो प्रवृत्ति देवकोटाबाट प्रवृत्त भएको स्वच्छन्दतावादी प्रवृत्ति र दोस्रो प्रवृत्ति समबाट सुरु भएको शास्त्रीयतावादी प्रवृत्ति (शर्मा; २०५७ : ७०) । यसअन्तर्गत कलम चलाउनेहरूको नेतृत्व हृदयचन्द्रसिंह प्रधानले गरे ।

यसै चरणमा देवकोटाले प्रसिद्ध आधुनिक पश्चिमी निबन्धकारहरूका निबन्धहरूको अनुवाद गरी प्रसिद्ध प्रबन्धसङ्ग्रह प्रकाशित गरी निबन्ध अनुवादको परम्परा बसाले । यस चरणका निबन्धहरूमा संरचना र स्वरूपमा विविधता पाइन्छ । शैलीशिल्पगत नवीनता, काव्यात्मकता पाइने यी निबन्धहरूले अन्तर्राष्ट्रिय स्तरसमेत प्राप्त गरेकाले यस समयलाई निबन्धको स्वर्ण युग मान्न सकिन्छ ।

### २.१.३.२ दोस्रो चरण (२००४-२०१६)

आधुनिक नेपाली निबन्धको दोस्रो चरणको प्रारम्भ देवकोटाको सम्पादकत्वमा बनारसबाट प्रकाशित **युगवाणी** पत्रिकासँगै हुन्छ र यस चरणको व्याप्ति **रूपरेखा** (२०१७) पत्रिकाको प्रकाशानार्थ २०१६ सालसम्म रहन्छ (शर्मा; २०५७ : ३७) । देवकोटाको 'समाजवादको धुनमा', नारायणप्रसाद भट्टराईको 'हावाबाजी', अच्छा राई 'रसिक'को 'नारी समस्याको हल' र रूद्रराज पाण्डेको 'गुन्द्रुकको पुकार' जस्ता निबन्धहरू यस पत्रिकामा प्रकाशित भएका देखिन्छन् (शर्मा; २०५७ : ३७) । यस बेलाका निबन्धमा तत्कालीन राजनैतिक अवस्थाले जन्माएका विकृतिहरूको अन्त्य गरी स्वस्थ्य र सुन्दर समाजको स्थापना गर्ने चाहना अभिव्यक्त भएको पाइन्छ । यस समयमा निबन्धकार देवकोटा विशुद्ध प्रकृतिवादी सौन्दर्यचेतलाई परित्याग गरी क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्तिको लेखनतर्फ उन्मुख भए ।

वि. सं. २००४ मा हृदयचन्द्रसिंह प्रधानको सम्पादत्वमा **साहित्य स्रोत** पत्रिका प्रकाशित हुन्छ । यिनमा हृदयचन्द्रसिंह प्रधानका नौला बाँन्की भएका निजात्मक निबन्धहरू प्रकाशित गरेर नेपाली निबन्धको दोस्रो चरणको थालनी गर्दछन् । यस अवधिमा **आँखा** (२००५), **भारती** (२००६), पुरुषार्थ (२००६), प्रभात (२००६), प्रगति (२०१०), गोर्खा (२०११), **नौलो पाइलो** (२०१३), **इन्द्रेणी** (२०१३), **प्रहरी** (२०१६) जस्ता साहित्यिक पत्रिकाहरूमा थुप्रै निबन्धहरू प्रकाशित भएका छन् । यस समयका निबन्धकारहरूमा हृदयचन्द्रसिंह प्रधान, रामकृष्ण शर्मा, रूपनारायण सिंह, कमलमणि दीक्षित, भीमनिधि तिवारी, तारानाथ शर्मा, ईश्वर बल्लभ, बदरीनाथ भट्टराई, केशवराज पिँडाली आदि देखिन्छन् । यस चरणका प्रकाशित पुस्तकहरूमा बदरीनाथ भट्टराईको **पच्चीस प्रबन्ध** (२००८), भेषराज शर्माको **के कस्तो** (२००३), भीमनिधि तिवारीको **पन्ध्र प्रबन्ध** (२००४), हृदयचन्द्रसिंह प्रधानका **भूस्वर्ग** (२००३), **तीस रुपैयाँको नोट** आदि पर्दछन् ।

बदरीनाथ भट्टराई र भीमनिधि तिवारीका निबन्धहरू परात्मक तथा वस्तुपरक देखिन्छन् । प्रेमराज शर्माले सुरु गरेको हास्यव्यङ्ग्य निबन्धलाई केशवराज पिँडाली, वासुदेव शर्मा लुइँटेलले अघि बढाए । खोज अनुसन्धानमा दीक्षित देखिन्छन् । श्यामप्रसाद शर्मा र हृदयचन्द्र प्रधानले निजात्मक निबन्धको आलोचनात्मक यथार्थवादी प्रवृत्ति अँगाले । यसै समयमा देवकोटाको क्रान्तिकारी स्वच्छन्दतावादी भावनाले पनि चरमोत्कर्ष प्राप्त गरेको छ ।

### २.१.३.३ तेस्रो चरण

आधुनिक नेपाली निबन्धको तेस्रो चरण रूपरेखा प्रकाशनको समयदेखि सुरु हुन्छ र यस चरणले वर्तमान समयलाई समेत छुन पुगेको देखिन्छ । यस चरणमा देशभित्र र देशबाहिर बाट अनेकौँ समाचारमूलक र साहित्यमूलक पत्रपत्रिकाको बाढी नै आयो (शर्मा; २०५७ : ४०) । यसका साथै विभिन्न सङ्घसंस्थाहरूका मुखपत्रबाट निबन्ध प्रकाशनमा तीव्रता आएको देखिन्छ । यस चरणका निबन्धहरूमा बौद्धिक चिन्तन, आलोचनात्मक यथार्थवादी चिन्तन, समसामयिक विसङ्गतिको टिप्पणी गर्नेजस्ता प्रवृत्तिहरू देखिएका छन् ।

तृतीय चरणले जन्माएका निबन्धकारहरूमध्ये उल्लेखनीय प्रतिभाका रूपमा प्रयोगशील निबन्धलेखनको थालनी विकासमा नयाँ मोड ल्याउने शङ्कर लामिछानेलाई लिन सकिन्छ । उनले ‘एब्स्ट्र्याक चिन्तन प्याज’ (२०२४), ‘गोधुली संसार ’ (२०२७), ‘बिम्बप्रतिबिम्ब’ (२०२८), ‘शङ्कर लामिछाने’ (२०३२) जस्ता लयात्मक, चित्रात्मक, काव्यात्मक भाषामा बौद्धिकता, चिन्तनशीलता, प्रयोगधर्मिता आदिको प्रयोग भएका निबन्ध लेखेका छन् । शिल्पमा अमूर्तता एवम् चेतन प्रवाहका दृष्टिले बौद्धिक गहनताले भरिएका यिनका निबन्धहरूले आधुनिक नेपाली निबन्धको तेस्रो चरणको प्रतिनिधित्व गर्दछन् । तेस्रो चरणको प्रथम प्रवृत्तिअन्तर्गत कलम चलाउनेहरूमा रामकृष्ण शर्मा, मविवि शाह, भाइचन्द प्रधान, कमल दीक्षित, बालकृष्ण पोखरेल, वासुदेव त्रिपाठी आदि पर्दछन् । यस चरणमा आलोचनात्मक यथार्थवादलाई अँगालेर निबन्ध सिर्जना गर्ने सर्जकहरूमा रमेश विकल, परिजात, आनन्ददेव भट्ट, गोविन्द भट्ट, चूडामणि रेग्मी आदि देखिन्छन् । समसामयिक विसङ्गतिहरूको आलोचना गरेर निबन्ध लेख्ने निबन्धकारहरूमा स्वच्छन्दतावादमूलक र अर्न्तमुखी चेतको स्थान नगण्य हुँदै गएको छ भने पछिका वर्षहरूमा अराजकतामूलक स्वच्छन्दतावादको विकास हुँदै गएको छ । समाजमा देखापरेका विकृति र विसङ्गतिलाई व्यङ्ग्य प्रहार गरी निबन्धसिर्जना गर्नेहरूमा गङ्गा उप्रेती, माधवप्रसाद पोखरेल, मोहनराज शर्मा, रामलाल अधिकारी, विमल निभा, राजेन्द्र सुवेदी, खगेन्द्र सङ्गौला आदि

पर्दछन् । समसामयिक धाराअन्तर्गत निबन्धसिर्जना गर्ने क्रम चलिरहेकाले कैयौँ निबन्धकारहरू स्थापित हुँदैछन् ।

## २.२ देवकोटाको नेपाली निबन्धमा आगमन

समग्र नेपाली साहित्यमा देवकोटाको नाम महत्त्वपूर्ण रहेको पाइन्छ । नेपाली निबन्धमा वर्णन, विवरण र बौद्धिक विषयको वस्तुपरक चाप देखिरहकै बेलामा देवकोटाको निजात्मक निबन्धकारका रूपमा प्रवेश (१९९३) भएको देखिन्छ ।

लक्ष्मीप्रसाद देवकोटाको प्रवेश हुनुअगि नेपाली निजात्मक निबन्धको रचना शून्यप्राय स्थितिमा थियो । **चन्द्रिका** (१९७५) पत्रिकामार्फत भारतबाट शम्भुप्रसाद ढुङ्गेललगायत वेदनिधि शर्मा, विद्यावती, प्रेमराज शर्मा, बोधविक्रम अधिकारी आदि निबन्धकारहरूले विक्रमको बीसौँ शताब्दीको नवौँ दशकतिर नेपाली निबन्धलेखनमा सक्रियता ल्याउने काम गरे (सुवेदी; २०५९ : १) । निबन्धका निजात्मक विशेषताहरू यी निबन्धमा नगण्य नै पाइन्छन् । उक्त पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलका 'महेन्द्रमल्ली' एवम् 'जूनकीरी' जस्ता निबन्धहरूले पनि निजात्मक वैशिष्ट देखाउन सकेका छैनन् । **नेपाली साहित्य सम्मेलन** र **जन्मभूमि** जस्ता पत्रिकाहरूमा पनि निजात्मक निबन्धको स्थिति खाली नै रह्यो । वि. सं. १९९१ सालमा प्रकाशित **शारदा** पत्रिकाले पनि नेपाली निजात्मक निबन्धको प्रकाशनका लागि देवकोटालाई नै पर्खनुपरेको देखिन्छ । **शारदा** पत्रिकाको प्रकाशनको समयदेखि नै बालकृष्ण सम निजात्मक निबन्धको विपरीत परात्मक 'त्यो', 'पानी', 'आत्मविश्वास' जस्ता निबन्धहरू लिएर देखिइसकेका थिए । यसरी नेपालभित्र र नेपालबाहिर निबन्धलेखनमा पूर्ण निस्क्रियता नछाएको तर निबन्धको वास्तविक विधागत निजी वैशिष्ट्य नपाइरहेकै अवसरमा वि. सं. १९९३ **शारदा** पत्रिकामा देवकोटा 'आषाढको पन्ध्र' नामक आत्मपरक निबन्ध लिएर प्रथम आत्मपरक निबन्धकारका रूपमा देखापरे र उनको प्रवेशबाट निबन्धको मूल्यगत स्थिरता र विधागत अस्तित्वको सुदृढीकरण भएको मान्न सकिन्छ (शर्मा; २०५७ : ३६) ।

निबन्धको क्षेत्रमा वस्तुको घनत्व र चिन्तनको गाम्भीर्यलाई विषय बनाई तीव्र रूपमा कमल चलाउने बालकृष्ण सम, देवकोटाको प्रवेशपछि उति बढी सक्रिय हुँदैनन् जति पहिला

थिए । वि. सं. १९७५ भित्र नै 'फूल', 'निद्रा', 'पहाडी जीवन'जस्ता महत्त्वपूर्ण निबन्धहरू देवकोटाले रचे (सुवेदी; २०५९ : १) । वि. सं. १९९३ पछि केही समय एकलौटी प्रभाव जमाउन सफल देवकोटाले निबन्धलेखनलाई मृत्युपर्यन्त अन्य विधाको लेखनसँगसँगै निरन्तरता दिइरहे । यसरी रचना गरिएका निबन्धहरू **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) र **दाडिमको रूखनेर** (२०३९) दुईवटा निबन्धसङ्ग्रहहरूभित्र सङ्कलित भएका छन् । यसबाहेक देवकोटाले अङ्ग्रेजी निबन्धहरूको रचना र अङ्ग्रेजी निबन्धकारहरूकै निबन्धहरूको अनुवाद गरेर पनि नेपाली निबन्ध साहित्यमा आफ्नो विशेष प्रतिभाको परिचय दिन सफल भएका छन् ।

## २.३ देवकोटाको निबन्धयात्रा र निबन्धसिर्जना

लक्ष्मीप्रसाद देवकोटाको औपचारिक निबन्धयात्राको थालनी वि. सं. १९९३ सालबाट भएको हो । वि. सं. १९९३ साल कार्तिक महिनामा 'आषाढको पन्ध्र' निबन्धको प्रकाशन भएपछि उनी निबन्धकारका रूपमा देखापरेका हुन् । यो नै उनको पहिलो प्रकाशित निबन्ध हो । यसपछि उनका वि. सं. १९९५ सालमा **शारदा** पत्रिकामा 'फूल', 'निद्रा', 'भलाद्मी', 'पूर्व र पश्चिम' जस्ता निबन्धहरू प्रकाशित भए । यसपछि उनको निबन्धसिर्जनामा एउटा प्रवाह सुरु भयो र उनका विभिन्न निबन्धहरू **शारदा, साहित्य स्रोत, युगवाणी, प्रगति, रूपरेखा** आदि पत्रिकाहरूमा प्रकाशित हुँदै गए । लेखनका दृष्टिले देवकोटाको निबन्धयात्रा वि. सं. १९९३ सालबाट सुरु भएर वि. सं. २०१६ सालसम्म कायम रहेको देखिन्छ । देवकोटाका 'म सुवासिनी मान्छे भए के गर्ने थिएँ ?', 'शिशुभक्षकका लागि क्षमाप्रार्थना', 'साँढे' तीन निबन्धहरू २०१६ सालतिर लेखिएजस्ता देखिन्छन् (बन्धु; २०५८ : ४७) । यस अर्थमा देवकोटाको निबन्धरचनाको यात्रा वि. सं. १९९३ सालदेखि २०१६ सालसम्म अर्थात् २३ वर्ष लामो औपचारिक निबन्धयात्राका क्रममा रचना गरेका निबन्धहरू वि. सं. २०१६ सालपूर्व र त्यसपछि पनि प्रकाशित भएका छन् । आत्मपरक शैलीमा रचना गरिएका २००२ सालभन्दा अगि प्रकाशित निबन्धहरूको सूची निम्नानुसार रहेको छ :

| क्र. सं. | शीर्षक | प्रकाशन वर्ष | प्रकाशन स्रोत |
|---|---|---|---|
| १ | आषाढको पन्ध्र | १९९३ | **शारदा**, वर्ष २, अङ्क ९ |

| | | | |
|---|---|---|---|
| २ | निद्रा | १९९५ | **शारदा**, वर्ष ४, अङ्क ८ |
| ३ | फूल | १९९५ | **शारदा**, वर्ष ४, अङ्क ९ |
| ४ | भलाद्मी | १०९५ | **शारदा**, वर्ष ४, अङ्क १० |
| ५ | पूर्व र पश्चिम | १९९५ | **शारदा**, वर्ष ४, अङ्क ११ |
| ६ | बेलामा | २००० | **शारदा**, वर्ष ९, अङ्क ८ |
| ७ | मातृभाषाका ागि | २००१ | **शारदा**, वर्ष १०, अङ्क १-२ |
| ८ | फर्सीको झोल | २००१ | **शारदा**, वर्ष १०, अङ्क ९-१० |

उल्लिखित निबन्धहरूको प्रकाशनपछि वि. सं. २००२ सालमा देवकोटाका निबन्धहरूको सङ्ग्रह **लक्ष्मी निबन्धसङ्ग्रह** प्रकाशित हुन्छ । यस सङ्ग्रहमा सङ्कलित ३७ वटा निबन्धहरूमध्ये 'आषाढको पन्ध्र' वि. सं. १९९३ सालमा प्रकाशित भइसकेको थियो भने 'फूल' र 'भलाद्मी' निबन्धहरू पनि १९९५ मा प्रकाशित भइसकेका थिए । यसरी **लक्ष्मी निबन्धसङ्ग्रह**भित्र सङ्कलित तीनवटा निबन्धहरू देवकोटा भाषानुवाद परिषद्मा जागिर खानुपूर्व प्रकाशित भइसकेका थिए भने ३४ वटा निबन्धहरू सर्वप्रथम **लक्ष्मी निबन्धसङ्ग्रह**भित्र सङ्कलित भएर प्रकाशित भएका छन् । यी ३४ वटा निबन्धहरूमध्ये धेरैजसो भाषानुवाद परिषद्मा जागिर खाएकै समयमा लेखिएका निबन्धहरू हुन् (बन्धु; २०५८ : ४७) ।

**लक्ष्मी निबन्धसङ्ग्रह**को प्रकाशनपछि निबन्धकार देवकोटाका निबन्धहरूको प्रकाशनमा केही शिथिलता आएको देखिन्छ । वि. सं. २००४-२००६ सालको प्रवास जीवनमा उनले लेखेका निबन्धहरू **युगवाणी** पत्रिकामा प्रकाशित भएका छन् तर त्यस समयमा उनी निबन्धमा भन्दा कविता र कथा विधामा नै सक्रिय देखिन्छन् । २००७ साल पछिका वर्षहरूमा प्रकाशित देवकोटाका निबन्धहरूको सूची तल दिएको छ :

| क. सं. | शीर्षक | प्रकाशन वर्ष | प्रकाशन स्रोत |
|---|---|---|---|
| १ | कट्टरता | २००४ | **साहित्य स्रोत**, वर्ष १, अङ्क २ |
| २ | कला | २००४ | **युगवाणी**, वर्ष १, अङ्क ६ |
| ३ | दार्जिलिङ, खरसाङ, | २००४ | **युगवाणी**, वर्ष १, अङ्क २९ |

| | | | |
|---|---|---|---|
| | कालिम्पोङ | | |
| ४ | नरनारी | २००४ | **शारदा**, वर्ष १६, अङ्क १-४ |
| ५ | भ्रमणको महत्त्व | २०१० | **प्रगति**, वर्ष १, अङ्क २ |
| ६ | साहित्यमा शिवत्व | २०१० | **प्रगति**, वर्ष १, अङ्क ५ |
| ७ | नेपाली भाषा | २०१० | - |
| ८ | श्री पञ्चमीको दिन | २०१० | - |
| ९ | दान | १९९५ | **नेपाली पाठ सङ्ग्रह**, |
| १० | मांसाहारी तरङ्ग | २०११ | **भोर**, वर्ष १, अङ्क ३ |
| ११ | धुम्रपानको क्षमाप्रार्थना | २०११ | **प्रगति**, वर्ष २, अङ्क ३ |
| १२ | कवि हुने धुनमा | २०१७ | **रूपरेखा**, वर्ष १, अङ्क ५ |
| १३ | दाडिमको रूखनेर | २०१९ | **रूपरेखा**, वर्ष ३, अङ्क १ |

उल्लिखित निबन्धहरूको प्रकाशनपछि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित केही पूर्वप्रकाशित र केही अप्रकाशित निबन्धहरूको सङ्कलन गरी उनको मत्युपछि २०३९ सालमा निबन्धसङ्ग्रहको दोस्रो भागका रूपमा **दाडिमको रूखनेर** (२०३९) निबन्धसङ्ग्रह प्रकाशित हुन्छ । राजेन्द्र सुवेदीको सम्पादकत्वमा प्रकाशित उक्त सङ्ग्रहमा सङ्कलित १८ वटा निबन्धहरूमध्ये १४ वटा निबन्धहरू यस अघि नै विभिन्न पत्रिकामा तथा पाठ्यपुस्तकहरूमा प्रकाशित भइसकेका थिए भने यसै सङ्ग्रहमा पहिलोपटक ४ वटा निबन्धहरू प्रकाशित भएका छन् । वि. सं. २०३९ सालमा पहिलो पटक प्रकाशित चारवटा निबन्धहरू यसप्रकार छन् :

(क) म सुवासिनी मान्छे भए के गर्ने थिएँ ?

(ख) शिशुभक्षकका लागि क्षमाप्रार्थना

(ग) साँढे

(घ) मेरो पाल्पा तानसेनतर्फको यात्रा

१९९३ सालदेखि २०१६ सालसम्म अर्थात् २३ वर्षको समयमा रचना गरेका ६० वटा विशुद्ध आत्मपरक निबन्धहरू हालसम्म प्रकाशित उनका निबन्धहरू हुन् । ती निबन्धहरूमध्ये

सैँतीसवटा निबन्धहरू **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) र १८ वटा निबन्धहरू **दाडिमको रूखनेर** (२०३९) सङ्ग्रहभित्र सङ्कलित भएका छन् भने बाँकी निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित अवस्थामा रहेका छन् ती सङ्ग्रहमा सङ्कलित भएका छैनन् ।

राजेन्द्र सुवेदीले निबन्धकार देवकोटाको यो २३ वर्से लामो निबन्धलेखनको समयलाई पूर्वार्द्ध (१९९३-२००२) र उत्तरार्द्ध (२००३-२०१६) गरी दुई चरणमा विभाजन गर्दै पुनः दुई चरणका पनि दुईदुई उपचरण देखाएका छन् । ती निम्नानुसार रहेका छन् :

(क) प्रथम उपचरण (१९९३-१९९७)

(ख) द्वितीय उपचरण (१९९८-२००२)

दोस्रो चरणका

(क) प्रथम उपचरण (२००३-२००७)

(ख) द्वितीय उपचरण (२००८-२०१६) (सुवेदी; २०५६ : २१-२२) ।

सुवेदीले देवकोटाको निबन्धयात्राका चरणभित्र उपचरण राखी अध्ययन गर्ने मूल आधारका रूपमा पहिलो चरणको पहिलो उपचरणमा स्वच्छन्दता मात्रै र द्वितीय उपचरणमा स्वच्छन्दताका अतिरिक्त आलोचनात्मक यथार्थवादको थालनी हुनुलाई मानेका छन् । त्यसैगरी द्वितीय चरणअन्तर्गतको प्रथम उपचरणमा सामाजिक, आर्थिक, राजनैतिक, विसङ्गतिमा सन्तुलन ल्याउने सन्देश प्रदान गर्ने विशेषतालाई बनाएका छन् । देवकोटा पहिलो चरणमा हृदयबाट निस्केका भावहरूको स्वतस्फूर्त अनियन्त्रित रूपमा अभिव्यक्ति दिन्छन् भने २००२ सालपछि प्रबल वेग र युग चेतनाको समन्वय गर्न पुग्छन् । देवकोटाको निबन्धलेखनको यात्रा निरन्तर रूपमा अगि नबढी र बीचबीचमा समेत रोकिन पुगेकाले र अघिल्लो **लक्ष्मी निबन्धसङ्ग्रह** र त्यसपछिका निबन्धहरूमा पाइने प्रवृत्तिमा खासै भिन्नता नपाइने भएकाले चरणविभाजन गर्न कठिन देखिन्छ तापनि सूक्ष्म रूपमा हेर्ने हो भने प्रथम चरणमा कट्टर हिन्दूवादी चिन्तकका रूपमा देखिएका देवकोटा पछिल्लो चरणमा क्रमशः अनिश्वरवादी एवम् राजनैतिक विकृतिप्रति व्यङ्ग्य प्रहारक भएका देखिन्छन् । यही विश्वबोध र युग चेतना नै दुई चरणमा विभाजन गर्ने एक आधार हुन सक्छ ।

## तेस्रो परिच्छेद

## विधातात्त्विक दृष्टिले देवकोटाका निबन्धको विश्लेषण

### ३.१ निबन्धको सैद्धान्तिक स्वरूप

देवकोटाका निबन्धको विधातात्त्विक विश्लेषण गर्नुपूर्व निबन्धको सैद्धान्तिक स्वरूपको निरूपण पनि आवश्यक छ । यस क्रममा निबन्धसम्बन्धी पूर्वीय र पाश्चात्य मान्यताको बेग्लाबेग्लै शीर्षकअन्तर्गत अनुशीलन गरेर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

### ३.१.१ पूर्वीय दृष्टिकोणमा निबन्ध

निबन्ध तत्सम शब्द हो । 'नि' उपसर्ग रहने बन्ध धातुमा 'घञ्' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको हो । 'नि' उपसर्ग रहने बन्ध धातुमा 'अच्' प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ (सुवेदी; २०५८ : ६) । श्रीमद्भागवत गीतामा कुनै वस्तुलाई राम्ररी बाँध्नु भन्ने अर्थमा निबन्ध शब्दको व्युत्पत्ति गरिएको छ (व्यास; २०५४ : १६) ।

निबन्धकै प्रायः समानार्थी शब्दका रूपमा प्रबन्ध शब्द पनि संस्कृतमा प्रचलित छ । यी दुई शब्द मूलतः आफ्ना भावनालाई बाँध्नाकै तात्पर्यमा प्रयोग भएका छन् तापनि यिनमा सूक्ष्म अन्तर पनि पाइन्छ । हिन्दी शब्दकोशका अनुसार कुनै एक विषयसम्बन्धी अनेक व्याख्याहरूको सङ्ग्रहलाई निबन्ध र कुनै अनेक विषयसम्बन्धी अनेक मतहरूको सङ्ग्रहलाई प्रबन्ध भनिन्छ (वर्मा; २०२० : ४४५) । यसबाट निबन्धमा गृहीत विषयलाई स्पष्ट्याउनका लागि निजी दृष्टिकोण र अनेक विषय भए पनि त्यसलाई स्थापित मत, सिद्धान्त वा तर्कपूर्ण स्थापनाद्वारा प्रमाणित गरिन्छ भन्ने तथ्य देखापर्दछ । त्यसैले निबन्ध वैयक्तिक र प्रबन्ध सार्वभौम रचना हो तर प्रबन्ध शब्द साहित्यक शब्दमानै बढी प्रयोग भएको पाइन्छ । सस्कृतमा यसको प्रयोग कथा वा आख्यानका अर्थमा भएको देखिन्छ । वाणभट्टको **कादम्बरी** र दण्डीको **दशकुमारचरितम्**लाई

प्रबन्धकाव्य भनिएको छ । त्यस्तै खण्डकाव्य र महाकाव्यलाई पनि प्रबन्धकाव्यभित्र राखेको पाइन्छ ।

संस्कृत साहित्यपरम्परामा निबन्ध र प्रबन्धका बीचको भिन्नता स्पष्ट रूपमा देखिँदैन । निबन्ध एउटै विधाविशेषमा सीमित नरही अनेक सन्दर्भमा प्रयोग भएको छ भने प्रबन्ध शब्दले अपेक्षाकृत रूपमा साहित्यिक तात्पर्यमा बढी जोड दिएको छ । हिजोआज लेखकले सविस्तार साङ्गोपाङ्ग विवेचना गरेको ग्रन्थलाई प्रबन्ध भनिन्छ । विचार र अनुभूतिलाई बाँधेको वैयक्तिक रचना निबन्ध मानिएको देखिन्छ ।

आज आएर निबन्ध शब्दले जुन अर्थ दिन्छ त्यो अर्थ प्राचीन युगमा पाइँदैनथ्यो । यसको मूल कारण के हो भने संस्कृत साहित्यमा आजको जस्तो निबन्ध विधाको सिर्जना भएको थिएन । आज निबन्ध शब्दले स्वतन्त्र रूपमा शृङ्खलित गर्न सीमित आकारको रचनामा बाँध्नु भन्ने बुझाउँछ । नेपाली साहित्यका क्षेत्रमा आधुनिकताको प्रादुर्भाव पाश्चात्य साहित्यको देन पनि हो । यसबाट के स्पष्ट हुन्छ भने निबन्ध विधा पनि पाश्चात्य साहित्यकै उपज हो ।

## ३.१.२ पाश्चात्य दृष्टिकोणमा निबन्ध

अङ्ग्रेजीमा निबन्धलाई एस्से (Essay) भनिन्छ । 'एस्से' शब्दको सम्बन्ध ल्याटिन भाषाको 'एग्जिनियर'सँग रहेको छ। यसको अर्थ निश्चितापूर्वक निरीक्षण गर्नु हो (वर्मा; २०२० : ४४५) । आधुनिक अर्थमा बुझिने निबन्ध भने विश्वसाहित्यमा सोह्रौं शताब्दीमा लेखिन थालेको हो । आधुनिक निबन्धका जन्मदाता मोन्तेनले फ्रान्समा सन् १६७१ पछि आफ्ना सङ्क्षिप्त रचनाहरूलाई फ्रान्सेली भाषामा 'एस्से' भनेर परिभाषित गर्न खोजे । उनले निबन्धका नाममा छुट्टै टिप्पणी त गरेनन् तापनि आत्पप्रतिपादन र अहम्को अभिव्यक्ति गरेका छन् । मान्छेले सबैभन्दा बढी चिनेको स्वयम् नै हुने भएकाले म नै मेरा निबन्धको विषय हुँ (सुवेदी; २०५६ : १७) र त्यसैलाई निबन्धमा प्रकट गरिन्छ भन्ने धारणा व्यक्त गरेका छन् । फ्रान्सिस बेकन निबन्धलाई वस्तुपरक ढङ्गबाट चिनाउँदै विकीर्ण चिन्तनको समग्र प्रस्तुतीकरण (सुवेदी; २०५६ : १७) निबन्ध हो भन्छन् । यसरी पहिलोपटक तयार भएका परिभाषाबाट के स्पष्ट हुन्छ भने निबन्ध स्रष्टाको आत्मप्रस्फुटन त्यसको सिर्जनात्मक प्राप्तिको प्रक्रिया र प्रत्यक्ष उद्‌गार हो

(सुवेदी; २०५६ : ८) । पश्चिमी साहित्यमा यसका विभिन्न नामहरू प्रचलित छन् तर परिभाषित अर्थ भने एकै छ । ग्रिसेली भाषामा निबन्धलाई 'एसिज' भनियो जसको अर्थ प्रयास गर्नु हुन्छ । प्रयासलाई फ्रान्समा मोन्तेनले 'एस्से' नाम दिएर अर्थ भावनालाई स्वतन्त्र र निर्वाध रूपमा प्रकट गर्ने प्रयास गर्नु हो भने । यसरी हेर्दै जाँदा आजको निबन्ध पाश्चात्य साहित्यको देन हो भन्न सकिन्छ ।

पूर्वीय संस्कृत साहित्यमा निबन्ध शब्दको प्रयोग हुँदै आए पनि त्यसले साहित्यको विशिष्ट गद्य विधालाई बुझाउन सकेको पाइँदैन तर पाश्चात्य एस्से शब्दले आरम्भकालदेखि नै साहित्यरचनाकै अर्थ वहन गरेर व्यापक अर्थमा गद्य विधाविशेषलाई समेट्दै आएको छ । यसरी निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थभन्दा पाश्चात्य एस्सेसँग निकट छ र एस्सेको समानार्थी शब्दका रूपमा नेपालीमा निबन्ध शब्द प्रचलित छ ।

## ३.२ निबन्धको परिभाषा

साहित्यका चार मूल विधाहरूमध्ये एउटा विधा निबन्ध हो । निबन्ध हुनका निम्ति केके कुरा आवश्यक पर्दछन् भन्ने बारेमा धेरै विद्वान्हरूले आआफ्नो पाराले परिभाषा गरेको पाइन्छ र तीमध्ये केही विद्वान्का परिभाषाको अनुशीलन यहाँ गरिएको छ ।

निबन्धका प्रथम सर्जक मोन्तेन भन्छन् : "मेरो इच्छा हुन्छ निबन्धमा बिना आडम्बर सहज र सरल तरिकाले म स्वयम् उपस्थित होऊँ त्यसमा म कुनै वाग्मिता वा कला भर्न चाहन्न । मेरो निबन्धको विषय म नै हुँ" (शर्मा; २०५७ : ७) । मोन्तेनले दिएको यस परिभाषाबाट के कुरा स्पष्ट हुन्छ भने निबन्धमा आडम्बरीपन वा अतिरिञ्जनात्मक प्रभाव नभएर सहजताको अभिव्यक्ति हुन्छ ।

बेकनका अनुसार निबन्ध एउटा छरिएको चिन्तन हो । यस परिभाषाका अनुसार स्रष्टाले कुनै पनि विषयमा चिन्तन गर्दछ तर चिन्तन गरिएको विषयवस्तु शृङ्खलित रूपमा आएको हुँदैन (शर्मा; २०५७ : ७) ।  यसै आधारमा बेकनले मोन्तेनको भन्दा भिन्न पाण्डित्यपूर्ण विषयकेन्द्री परात्मकताजस्ता कुराले निबन्धमा व्यापक स्थान ओगट्न सक्ने कुरा देखाएका छन् ।

बेकनले निबन्ध आत्मकेन्द्री नभएर वस्तुकेन्द्री हुन्छ भनेपछि निबन्धमा नयाँ गोलार्धको आविष्कार भएको देखिन्छ ।

नेपाली बृहत् शब्दकोशमा भनिएको छ : "कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना निबन्ध हो" (पोखरेल र अन्य; २०४० : ७३१) । यस परिभाषालाई हेर्दा निबन्धको कुनै निश्चित विषय हुन्छ । सर्जकले त्यसै विषयमा कलात्मकता थपेर गद्यमा छोटोछरितो ढङ्गबाट प्रस्तुत गरेको रचना निबन्ध हो । निबन्धमा आत्मतत्त्व प्रबल हुने भएकाले कलात्मकताको मात्रा केही न्यून हुन्छ किनभने कुनै व्यक्तिका कुनै शीर्षकमा राखिएका भावनाहरू कलात्मक रूपमा नै पोखिन्छन् भन्ने हुँदैन । भाव तथा बौद्धिकताले कलालाई निस्तेज पार्न सक्छ ।

महाकवि देवकोटाले निबन्धका बारेमा भनेका छन् : "यो रौँचिरा दर्शन होइन न हो पाण्डित्य प्रदर्शनको ठ्यासफू, यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरुरत पर्दैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो जो सडकमा हिँड्दा कहिलेकाहीँ ढुङ्गा हान्छ, कतैकतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन । पाठघोकुवा हलन्त मिजाजले यो एक किसिमको मनको जालीले जगतमा लहडी माछा मार्ने कला हो" (देवकोटा; २०५७ : २३) ।

यस परिभाषाले निबन्ध के हो भन्ने परिभाषा मात्र नदिएर निबन्धमा लेखक कसरी बहकिएको हुन्छ र विचार कसरी आएको हुन्छ भन्ने कुरासमेत देखाएको छ । निबन्ध सूक्ष्म रूपमा दर्शन प्रस्तुत गर्ने, पाण्डित्य वमन गर्ने विशाल ग्रन्थ नभएर एउटा बदमास ठिटोजस्तो अस्थिर क्रियाकलापमा आधारित वा विचारको अवसरअनुसारको परिवर्तन भएर सिर्जिएको विधा हो भन्ने देखाइएको छ तर यसरी हेर्दा विचार एउटै विषयमा केन्द्रित नभई विषयान्तर पनि हुन सक्छ ।

रामलाल अधिकारीले निबन्धको परिभाषा यसरी प्रस्तुत गरेका छन् : "निबन्ध त्यो काव्यविधा हो । जसमा लेखकले व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेश नभई आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रित हुनुपर्छ" (अधिकारी; सन् १९७५ : १०) ।

ईश्वर बरालले निबन्धलाई यसरी परिभाषा गरेका छन् : "निबन्ध एक किसिमको कुरा

गराइ हो । यो लेखकका मनमा उठेका भावनाहरूलाई स्वगतकथनका रूपमा उद्घाटित गराउने विधाविशेष हो" (बराल; २०३० : ७) ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले निबन्धको परिभाषा यसरी गरेका छन् : "अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको वा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिलामा तथा अनुक्रमयुक्त विषयविशेषमा केन्द्रित भएर लेखिएको गद्यात्मक रचना निबन्ध हो" (श्रेष्ठ र शर्मा; २०५९ : ११५) ।

उपर्युक्त सबै परिभाषाहरूलाई अध्ययन गर्दा जीवनजगत्का जुनसुकै विषयमा पनि निबन्ध सिर्जना गर्न सकिने विषयको ज्ञान हुन्छ । मूल रूपमा मोन्तेनको आत्मप्रकाशन र बेकनको विकीर्ण चिन्तनलाई समेटेर अन्य परिभाषाहरू गरिएका छन् । जुनसुकै विषयमा स्वतन्त्र ढङ्गले गद्यभाषामा आत्मप्रकाशन गर्नु निबन्ध हो भन्न सकिन्छ । यस्तो रचनामा लेखक आफ्नो अनुभूति र विचारलाई सरल र सहज ढङ्गले रागात्मक, कलात्मक, काव्यात्मक शैलीमा व्यक्त गर्दछ । यसमा स्वतन्त्रतापूर्वक भोगिएका जीवनका आत्मिक तथा वस्तुपरक अनुभवलाई समेटिन्छ । सङ्क्षेपमा स्वयम्मा पूर्ण, सङ्क्षिप्त आयाम र प्रशस्त वैयक्तिक पुट भएको गद्यात्मक साहित्यिक रचना निबन्ध हो ।

## ३.३ निबन्धका तत्त्वहरू

साहित्यका प्रत्येक विधाका विधातत्त्वहरू स्वीकृत गरिएका हुन्छन् र सम्बद्ध विधातत्त्वको कुशल संयोजन, सङ्गठनबाटै कुनै रचनाले आकार प्राप्त गर्दछ । त्यसैले रचनाको मूल्याङ्कनको प्राथमिक आधार सम्बद्ध विधातत्त्व नै हुन्छन् । अन्य विधाझैँ निबन्धका पनि आफ्ना विधातत्त्वहरू छन् र तिनकै आधारमा निबन्धको विश्लेषण-मूल्याङ्कन गर्नु उपयुक्त हुन्छ । यद्यपि निबन्धका तत्त्वका बारेमा विभिन्न विद्वान्हरूले अलगअलग मान्यताहरू अगि सारेका छन् । यहाँ ती मान्यताको अनुशीलन गर्दै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

टङ्कप्रसाद न्यौपाने **साहित्यको रूपरेखा** (२०३८) पुस्तकमा निबन्धका निम्नलिखित तत्त्वहरू उल्लेख गरेका छन् : (न्यौपाने; २०३८ : ३३२-३३८) ।

(क) वस्तु

(ख) शैली

(ग) उद्देश्य

(घ) सङ्गठन

डा. देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेलले **नेपाली निबन्ध** (२०५४) निबन्धका तत्वहरू निम्नलिखित रूपमा प्रस्तुत गरेका छन् : (गौतम र लुइटेल; २०५४ : ५) ।

(क) विषयवस्तु

(ख) उद्देश्य

(ग) हार्दिकता, बौद्धिकता

(घ) बौद्धिकता

(ङ) भाषाशैली

(च) दृष्टिबिन्दु

गोपीकृष्ण शर्माले **नेपाली निबन्ध परिचय** (२०५७) शीर्षक पुस्तकमा निबन्धका तत्त्वहरू यसप्रकार निर्धारण गरेका छन्: (शर्मा; २०५७ : १९-२२) ।

(क) वस्तु

(ख) शैली

(ग) उद्देश्य ।

ध्रुवप्रसाद बस्यालले लक्ष्मीप्रसाद देवकोटाको निबन्धसङ्ग्रह **लक्ष्मी निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन** (२०५६) स्नातकोत्तर शोधपत्रमा निबन्धका तत्त्वहरू यसप्रकार निर्धारण गरेका छन् : (बस्याल; २०५६ : १२) ।

क. विषयवस्तु

ख. विचार एवम् उद्देश्य

ग. प्रस्तुति

उनले साहित्यले साकार रूप लिनका लागि प्रस्तुतिको ठूलो भूमिका रहने बताएका छन् । प्रस्तुति अन्तर्वस्तु र रूपमा दुई तहमा रहन्छ । विषयवस्तु र विचारले मात्र साहित्य पूरा

हुन सक्तैन । विषयवस्तु र विचारको आत्मपरक हार्दिक रूपमा विभिन्न शैलीको प्रयोग गर्दै कलात्मक भाषिक स्वरूपबाट मात्र निबन्धको स्वरूप खडा हुन्छ भन्दै प्रस्तुतिलाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरी ती भित्र पनि विभिन्न तत्त्वहरू रहने बताएका छन् । ती यसप्रकार छन् :

(क) आन्तरिक प्रस्तुति

(अ) आत्मपरकता/वस्तुपरकता

(आ) बौद्धिकता/हार्दिकता

(इ) तार्किकता

(ई) व्यङ्ग्यात्मकता

(उ) दृष्टिबिन्दु

(ख) बाह्यपस्तुति

अ) काव्यात्मकता

आ) रीति, गुण र अलङ्कार

इ) बाह्याभिमुखी र केन्द्राभिमुखी प्रतिपादन

ई) भाषाशैली

राजेन्द्र सुवेदीले **सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण** (२०५७) पुस्तकमा निबन्धका तत्त्वहरू निम्नलिखित रूपमा निर्धारण गरेका छन् : (सुवेदी; २०५७ : ५९-६०) ।

(क) विषय

(ख) संवेदना

(ग) निजात्मक

(घ) उद्देश्य

(ङ) यथार्थको प्रतिपादन

(च) लघु आयतन

(छ) पूर्णता

(ज) गद्य

(झ) रचनात्मक शैली

मोहनराज शर्माले **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (२०६३) पुस्तकमा निबन्धका तत्त्वहरू निम्नलिखित रूपमा निर्धारण गरेका छन् : (शर्मा, २०६३ : ५०१-५०२) ।

(क) विषय

(ख) शैली

(ग) प्रयोजन

माथि प्रस्तुत गरिएका निबन्धका तत्त्वसम्बन्धी विभिन्न विद्वान्हरूका धारणालाई मूल्याङ्कन गर्दा सबै विद्वान्हरूले गद्यविधा निबन्धका तत्त्व निर्धारण गर्ने प्रयास गरेको देखिन्छ । साहित्यिक विधाको तत्त्व निर्धारण गर्नु भनेको अन्य विधाबाट सो विधालाई छुट्याउनुका साथै स्वयम्मा पनि त्यो विधा कति महत्त्वपूर्ण छ भनी निर्क्योल गर्ने आधार निर्माण गर्नु हो । माथि दिइएका विभिन्न विद्वान्हरूका धारणा हेर्दा कसैका पनि पूर्णतः वैज्ञानिक र वस्तुगत देखिँदैनन् । साहित्यका विधाको तत्त्व निर्धारण गर्नु भनेको आफ्नो मान्यता अरूको भन्दा भिन्न देखाउन खोज्नु मात्र होइन बरु सबैको मान्यताबाट निचोड निकाली एक महत्त्वपूर्ण मान्यताको स्थापना गर्नु हो । यहाँ विभिन्न विद्वान्हरूका मान्यतालाई अध्ययन गरी निष्कर्षमा निबन्धका तत्त्वको निर्धारण गरी ती तत्त्वका बारेमा सङ्क्षिप्त व्याख्या गर्दै अगाडि बढ्ने काम भएको छ ।

## ३.३.१ विषयवस्तु

विषय निबन्धको मेरुदण्ड हो । निबन्धको विषय जेपनि हुनसक्छ । यसको विषय जुनदेखि कसिङ्गरसम्म र भ्रूणदेखि मानिससम्म हुन्छ भन्ने मानिन्छ (शर्मा, २०६३ : ५०) । विश्वका सूक्ष्म जीवाणुदेखि बृहत् आकृतिका प्राणीसम्म, परमाणुदेखि स्थूल ग्रहसम्म र कल्पनाका तरङ्गदेखि यथार्थका क्रियाकलापसम्म व्यापकतम क्षेत्र निबन्धको विषय हुनसक्छ (सुवेदी; २०५६ : ५९) । कुनै पनि विचार, भाव, घटना, व्यक्ति, स्थान आदि यसको विषय हुनसक्छ र यसकै आधारशिलामा निबन्धको जग उभिएको हुन्छ (शर्मा; २०५७ : २३) । मानव मस्तिष्क वा मानव हृदयले टिपेका जुनसुकै सन्दर्भ पनि निबन्धका विषय हुन सक्छन् (गौतम र लुइटेल; २०५४ : ६) । निबन्धकारले निबन्ध लेख्नुपूर्व कुनै वस्तुका बारेमा सोचकै हुनुपर्छ । वस्तुका यथेष्ट ज्ञानबिना निबन्धको सिर्जना हुन सक्दैन । समाज, इतिहास, पुराण, मनोविज्ञान, कला, दर्शन,

विज्ञानको नवीन आविष्कार, संस्कृति र धर्मका साथै सांसारिक जगत्का जुनसुकै वस्तुलाई लिएर निबन्ध सिर्जना गर्न सकिने भएकाले निबन्धको विषयवस्तुगत क्षेत्र व्यापक र विस्तृत देखिन्छ ।

### ३.३.२ विचार (उद्देश्य)

विषयवस्तुजस्तै विचार पक्ष पनि निबन्धको महत्त्वपूर्ण तत्त्व हो । कुनै पनि सपाट वा झिनो पक्ष नै किन नहोस् निबन्धकार निबन्धलेखनमा विचार संयोजन पूर्ण रूपले सहभागी भएको हुन्छ । निबन्धकारले आफ्ना रचनाका माध्यमबाट आफ्ना धारणा वा जीवनपद्धतिलाई पाठकका सामु प्रस्तुत गर्दछ । विचारको क्षेत्र व्यापक हुने गर्दछ । भौतिक, सामाजिक तथा वैज्ञानिक विभिन्न विचारहरूमध्ये कुनै न कुनै विचार वा दर्शनमा निबन्धकार केन्द्रित हुन्छ । भौतिक वा आध्यात्मिक दुबैतर्फ आस्तिक वा नास्तिक भएर निबन्धकार दर्शन प्रस्तुत गर्दछ । त्यस्तै सामाजिक दर्शनअन्तर्गत राजनीति, अर्थव्यवस्था, शिक्षा, धर्म, संस्कृति, भाषा एवम् साहित्यजस्ता पक्षमा विचार केन्द्रित गर्न सक्दछ । वैज्ञानिक क्षेत्रमा विशुद्ध विज्ञान र रहस्यवादी विज्ञानको वकालत गर्न सक्दछ ।

उद्देश्य विषयवस्तु एवम् विचारसँग बढी नजिक हुन्छ । निबन्धकारले निबन्धका माध्यमबाट आफ्ना मान्यता, विचार, धारणा एवम् जीवनदर्शन पाठकका सामु प्रस्तुत गर्दछ । जेका लागि निबन्ध लेखिएको छ त्यसलाई त्यस निबन्धको प्रयोजन भनिन्छ । उद्देश्य भनेको यही हो (शर्मा; २०६३ : ५०२) । निबन्ध पनि साहित्यकै एक विधा भएकाले साहित्य निर्माणका उद्देश्य छन् : आत्मप्रकाशन र सूचनात्मकता (शर्मा; २०५७ : २२) । विचारको प्रतिपादन गरी जायज पक्ष यो वा त्यो भनी लेखक एउटा निष्कर्षमा पुग्नु नै उद्देश्य हो । कुनै विचार प्रतिपादन गर्नु नै रचनाकारको उद्देश्य हुन्छ ।

### ३.३.३ हार्दिकता/बौद्धिकता

हार्दिकता हृदय पक्षसँग सम्बन्धित हुन्छ भने बौद्धिकता मस्तिष्क पक्षसँग सम्बन्धित हुन्छ (शर्मा; २०५७ : २२) । निबन्धमा हृदय पक्षको ठूलो महत्त्व रहेको हुन्छ । बुद्धि र हृदय नै निबन्धका मूलभूत सामग्री हुन् र राम्रा निबन्धमा यी दुबैको समन्वय कायम गरिएको हुन्छ (शर्मा; २०५७ : १९) । निबन्धमा बुद्धि तत्त्व आए पनि त्यो हार्दिक भएर प्रस्तुत हुनुपर्छ ।

हार्दिकता व्यक्तिको आन्तरिक व्यक्तित्व हो भने बौद्धिकता व्यक्तिको बाह्य व्यक्तित्व हो । हार्दिकता र बौद्धिकता दुबै अभिव्यक्तिसँग सम्बन्धित पक्ष हुन् ।

### ३.३.४ दृष्टिबिन्दु

स्रष्टाका भाव, विचार, अनुभव, अनुभूतिलाई पाठकसामु प्रस्तुत गर्ने माध्यम दृष्टिबिन्दु हो (गौतम र लुइटेल; २०५४ : ८) । प्रथम र तृतीय दुबै दृष्टिबिन्दुमा निबन्धको रचना गर्न सकिन्छ । वैयक्तिक भाव, मानसिकता वा सोको अभिव्यक्ति प्रथम पुरुष शैलीमा गरिएमा प्रथमपुरुष दृष्टिबिन्दु हुन्छ भने कुनै विषयवस्तु, घटना, सन्दर्भ आदिको उपस्थापन गरी तृतीय पुरुष शैलीमा भावाभिव्यक्त गरिएमा तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ । निबन्धकारले एकै रचनामा दुबै दृष्टिबिन्दुको प्रयोग गरेर पनि निबन्ध लेख्न सक्छ ।

### ३.३.५ सङ्क्षिप्तता

सङ्क्षिप्तता निबन्धको आयाम र आकारप्रकारसँग सम्बन्धित पक्ष हो । विभिन्न विद्वान्हरूले निबन्धको परिभाषा गर्ने क्रममा सङ्क्षिप्ततालाई जोड दिए तापनि हर्बट रिडले बाहेक अरूले यसको आयामगत सीमा निश्चित गरेको पाइँदैन । रिडले यो ३५०० सय शब्ददेखि ५००० शब्द हुनुपर्ने जनाएका छन् (अर्याल; २०५७ : ९६) । निबन्धमा विषयवस्तु व्यापक हुन्छ तापनि त्यसलाई आकर्षक तरिकाले प्रस्तुत गर्न सङ्क्षिप्त शैली अवलम्बन गर्नुपर्दछ । सङ्क्षिप्तताको आशय व्यापक विषयलाई छोटो समयमा पढिसकिने गरी सङ्क्षिप्त रूपमा प्रस्तुत गरिनुपर्छ भन्ने हो ।

### ३.३.६ भाषाशैली

निबन्धको अर्को तत्त्व भाषाशैली हो । निबन्ध गद्य विधा भएकाले यसको रचना गद्यमा गरिन्छ । निबन्धमा प्रयोग गरिने भाषा सरल र सहज हुनुपर्दछ । निबन्धकारको भाषा अलङ्कारबाट मुक्त र सकेसम्म सरल हुनु राम्रो मानिन्छ । सङ्क्षिप्तता, सुगठितता र कसिला वाक्यको प्रयोग निबन्धका भाषाशैलीगत वैशिष्ठ्य हुन् । निबन्धको भाषा सरल, सहज, कोमल, हार्दिक, सम्प्रेषणीय, रागात्मक र हृदयस्पर्शी हुनुपर्दछ । यस्तै प्रकारको भाषालाई निबन्धकार

देवकोटाले पोथी गद्यको नाम दिएका हुन् (अर्याल; २०५७ : ८) । निजात्मकभन्दा परात्मक निबन्धको भाषा केही बौद्धिक हुने गर्दछ ।

आफ्नो विचार वा कुनै विषयवस्तुलाई अरू छेउ सम्प्रेषण गर्न तयार गरिएको शब्द, वाक्य र अनुच्छेदहरूको बुनोट शैली हो । यसले भाव र भाषालाई एकै ठाउँमा समन्वित गर्दछ । क्रम, सङ्गति, सङ्गठन र अन्विति शैलीका आन्तरिक गुण हुन् (शर्मा; २०५७ : २०) । भावका दृष्टिले शैली सम्यक्, भावुक र व्यङ्ग्य गरी तीन प्रकारका हुन्छन् भने भाषाका दृष्टिले प्रसाद र समास दुई प्रकारका शैली देखिन्छन् (शर्मा; २०५७ : २०-२१) ।

## ३.४ देवकोटाका निबन्ध-विश्लेषणका आधार

कुनै पनि साहित्यिक रचनाको विश्लेषण वा आधारहरू प्रथमतः सम्बद्ध विधाको कुशल संयाजन र सङ्गठनका लागि आवश्यक पर्ने विधातत्त्वहरू नै हुन्छन् । यसबाहेक अन्य विविध पक्षलाई पनि रचनाको विश्लेषणका आधार बनाउन सकिन्छ । देवकोटाका निबन्धहरूलाई पनि विधातत्त्वबाहेक अरू विविध पक्षबाट विश्लेषण गर्न सकिने देखिन्छ । देवकोटाले आफ्ना निबन्धको विषयवस्तुका रूपमा समाज, दर्शन, प्रकृति, संस्कृति, विज्ञान, भाषा, शिक्षा आदिलाई बनाएका छन् र यसैगरी विविध कोणबाट देशभक्तिको भावना पनि प्रस्तुत गरेका छन् । एउटै निबन्धमा पनि विविध विषयवस्तु जेलिएर आउनाका साथै एउटै विषयवस्तुलाई पनि कलात्मकताका साथ उच्च महत्त्व दिएर लेखिएका निबन्धहरू पनि पाइन्छन् । देवकोटाले कतै केन्द्रीय, कतै एकल र कतै विषववस्तुगत सम्मिश्रणको रूपमा देशभक्तिका भावनालाई व्यक्त गरेको पाइन्छ । विशेष गरी नेपालीमा भाषा, नेपाली जाति, नेपाली प्रकृति, संस्कृति, माटो, भेषभूषा आदिको वर्णन गर्ने क्रममा देशभक्तिको भाव अभिव्यक्त भएर आएको पाइन्छ । यस शोधकार्यको मूल उद्देश्य पनि देवकोटाका निबन्धमा पाइने देशभक्तिको भावनालाई केलाउनु रहेकाले यस आधारमा उनका निबन्धको विश्लेषण एउटा बेग्लै अध्यायमा गरिएको छ । यस अध्यायमा निबन्धमा सामान्य विधातत्त्वका आधारमा उनका निबन्धको विश्लेषण गरिएको छ । यस सन्दर्भमा अध्याय ३ को ३.३ मा निरूपित निबन्धका तत्त्वलाई विश्लेषणको आधार बनाइएको छ ।

## ३.५ निबन्धमा देशभक्तिको अभिव्यक्तिका माध्यम

देशका लागि गरिने भक्ति वा प्रेम देशभक्ति हो । यहाँ देश भनेर आफू जन्मेर हुर्केको स्वदेशलाई लिइएको छ । देश र देशवासीको सम्बन्ध अत्यन्तै नजिकको हुने गर्दछ । देशवासीका नाताले मन, वचन र कर्मले देशको विकासनिर्माणमा सहभागी हुनु, आफ्नो सामर्थ्यअनुसार देशकै भलाइका लागि काम गर्नु देशभक्ति हो । देशको भावनाअनुसार काम गर्ने व्यक्ति देशभक्त ठहर्छ ।

देशभक्ति भावनात्मक कुरा हो । यो भावनामा जन्मन्छ र कार्यमा परिणत हुन्छ । निबन्धमा देशभक्तिको भावनालाई अभिव्यक्त गर्ने माध्यमहरू विषयअनुसार अलगअलग हुन सक्छन् । हरेक देशभक्त नागरिकमा देशप्रति समर्पित हुने भावनाले नै उसलाई देशको उत्थानतर्फ प्रेरित गर्दछ । आफू जन्मेको देश र त्यस देशका जनताप्रति अन्तरात्मादेखि गरिने माया, सम्मानको भावलाई देशभक्ति भन्ने शब्दले बुझाउँछ । त्यसकारण देशभक्ति भन्नासाथ आफ्नो भूभाग, त्यसमा भूभागमा बसोबास गर्ने जनसमुदाय, ती जनसमुदायको संस्कृति, भाषा र परम्पराप्रतिको भक्ति हो । आफ्नो देशको उत्थान गर्न चाहने व्यक्तिले समाजलाई देशप्रेमको पाठ पठाउँछ । स्वदेश अरूको अधीनमा जान खोजे मुक्तिका लागि लडाइँमा नेतृत्व गर्दछ अनि लेखक भएर कलमका माध्यमबाट मानवहृदयमा देशभक्तिको भावना फिँजाइदिन्छ ।

निबन्धकारले पनि आफ्ना रचनामा कलमको सहायताले देशभक्तिपूर्ण भावनालाई अभिव्यक्त गर्ने गर्दछ । देशभक्तिको भावनालाई कार्य रूपमा परिणत गर्ने प्रमुख साधनका रूपमा कलमलाई बनाउँछ । उसले आफ्ना साहित्यिक रचनाका माध्यमबाट आफू जन्मेको देशलाई माया गरेको र त्यस देशमा आफू जन्मेकोमा गर्व गर्दछ । यसका अतिरिक्त यसको इतिहास, संस्कृति, परम्पराको खुलेर प्रशंसा गर्दछ । आफू जन्मेको देशको प्रकृतिको वातावरणले आफूलाई आकर्षित गरेका कारण त्यसप्रति अनुराग व्यक्त गर्दछ । कुनै दुश्मनले आफ्नो जन्मभूमिप्रति उपनिवेश जमाउन खोजेको वा आफ्नो हातभर लिनका लागि षड्यन्त्रमूलक तरिकाले आक्रमण गर्न खोजेमा त्यसविरुद्ध सबै एक भई लड्नुपर्ने चेतना जगाइदिने काम गर्छ । युद्धमा योद्धाहरू बन्दुक लिएर लडेजस्तै लेखकहरू कलमद्वारा देशप्रेमको भावना जगाएर स्वदेश रक्षाका लागि

काम गर्दछन् । निबन्ध पनि एक साहित्यिक रचना भएकाले निबन्धरचनामा रचनाकारले आफ्नो परम्परा र संस्कृतिप्रति गर्व गरेर, भाषाप्रति मोह देखाएर, प्रकृतिको सुन्दरताको महिमागान गरेर एवम् त्यस देशमा बसोबास गर्ने विभिन्न जातजाति, समुदायको भेषभूषा, रीतिरिवाज, लवाइखवाइको प्रशंसा गरेर आफ्नो देशभक्तिको भावनालाई व्यक्त गर्दछ । साथै आफू जन्मेको जन्मभूमिको सेवा एवम् संरक्षण गर्न सम्पूर्ण देशवासीहरू सचेत र जागरुक हुनुपर्दछ भन्ने भावना व्यक्त गरेर पनि देशप्रति भक्तिभाव प्रकट गर्दछ । निबन्धकार पनि अरू व्यक्तिजस्तै उक्त देशको नागरिक भएकाले त्यही देशका जातजाति, भेषभूषा, संस्कृति, धर्म, परम्परा र भूगोलको आस्था, राष्ट्रिय प्रकृतिप्रतिको अनुराग नै उसका लागि देशभक्तिको भावना व्यक्त गर्ने माध्यमका रूपमा आउँछन् ।

## ३.६ देवकोटाका निबन्धको विधातात्त्विक विश्लेषण

देवकोटाकाले लेखेका निबन्धहरूको सँगालोका रूपमा दुई निबन्धसङ्ग्रह क्रमशः **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) र **दाडिमको रूखनेर** (२०३९) प्रकाशित छन् । उनका यी दुई निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूको अगाडि निष्कर्षका  रूपमा ३.३ मा निकालिएका निबन्धतत्त्वहरूको कसीमा छुट्टाछुट्टै विश्लेषण तल दिएअनुसार गर्न सकिन्छ :

### ३.६.१ 'लक्ष्मी निबन्धसङ्ग्रह'का निबन्धको विधातात्त्विक विश्लेषण

यस निबन्धसङ्ग्रहका निबन्धहरूको विधातत्त्वका आधारमा बेग्लाबेग्लै उपशीर्षकमा विवचेना गरिएको छ :

#### ३.६.१.१ विषयवस्तु

**लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) देवकोटाको पहिलो प्रकाशित निबन्धसङ्ग्रह हो । यसमा देवकोटाले १९९३ देखि २००२ भन्दा अगि लेखेका र विभिन्न पत्रिकामा प्रकाशित र अप्रकाशित (प्रथम पटक यसै सङ्ग्रहमा प्रकाशित) निबन्धहरू यस सङ्ग्रहमा सङ्गृहीत भएका छन् । यस सङ्ग्रहमा सङ्कलित निबन्धहरूमध्ये 'श्री गणेशाय नमः', 'सुकुलमाथि', 'आषाढको पन्ध्र', 'कुम्भकर्ण', 'साधुको महात्म्य' निबन्धमा संस्कृतिपरक विषयवस्तु केन्द्रीय रूपमा आएको छ । यसैगरी 'मेरी शिशु', 'फूल', 'सरिताको कलकलमा', 'मसलाको बोटले के हेर्छ', 'आमाको दिल',

'एउटी चरीको चिरबिरी' प्रकृतिलाई विषयवस्तु बनाएर लेखिएका छन् भने समाजका विविध क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई मूल विषय बनाएर लेखिएका निबन्धहरूमा 'सुस्तरी श्वास फेर', 'जूवा', 'भलाद्‍मी', 'गधा बुद्धिमान् कि गुरु ?', 'नेपाली गुन्डो', 'कविराजको च्याङ्ग्रे खच्चर' निबन्धहरू पर्दछन् । 'मान्छेलाई घडीबाट हानी', 'मान्छे जादु' वैज्ञानिक विषयलाई समेटिएर लेखिएको निबन्ध हुन् । 'के नेपाल सानो छ ?' र 'वीरहरू' विशुद्ध देशभक्तिपरक निबन्ध हुन् । नेपाली साहित्यको इतिहासमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्ति वा इतिहासलाई विषयका रूपमा लिएर सिर्जना गरिएका निबन्धमा 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' र 'पण्डित लेखनाथ पौड्यालको विषयमा' निबन्ध पर्दछन् । 'हाई हाई अङ्ग्रेजी' र 'शिक्षा' निबन्धमा शैक्षिक विषय समेटिएको छ । यसैगरी मानवीय मनोभावना वा आकाङ्क्षा एवम् विशुद्ध कल्पनालाई आधार बनाएर पनि देवकोटाले 'गौरीशङ्कर यात्रा', 'कला र जीवन', 'पहाडी जीवन', 'कल्पना'जस्ता निबन्ध लेखेका छन् । 'पाँचौँटा चाहिने कुराहरू', 'सत्य सोझो हुन्छ' धार्मिक विषयवस्तुमा केन्द्रित छन् । 'हास्य रस' र 'छन्द र लय' साहित्यसिद्धान्तसँग सम्बन्धित छन् ।

यसरी देवकोटाले सांसारिक जगत्का जुनसुकै पक्षलाई आफ्ना निबन्धको विषयवस्तु बनाएको देखिन्छ । यस दृष्टिले उनका निबन्धको विषयवस्तुगत प्रयुक्तिको क्षेत्र व्यापक र विस्तृत रहेको पाइन्छ । समाज, इतिहास, पुराण, संस्कृति, धर्म, विज्ञान, कला, कल्पना, प्रकृति आदि विभिन्न विषयलाई लिएर देवकोटाले निबन्धमार्फत् आफ्नो अभिव्यक्ति दिएको देखिन्छ । देवकोटाका निबन्धमा विषयवस्तुगत सम्मिश्रण पाइने भएकाले माथिको वर्गीकरण केवल विषयवस्तुको प्रयुक्तिगत केन्द्रीयताका आधारमा मात्र गरिएको हो ।

## ३.६.१.२ विचार

निबन्धकार देवकोटाले जुनसुकै विषयवस्तुलाई टिपेर निबन्ध सिर्जना गरे पनि उनले निबन्धमार्फत कुनै विचार प्रतिपादन गरेको भेटिन्छ । उनले निबन्धमा प्रस्तुत गरेको विचारलाई हेर्दा प्रायः समाजसुधार एवम् देशको विकासलाई अग्रगति दिने उद्देश्य राखेको देखिन्छ ।

देवकोटाका **लक्ष्मी निबन्धसङ्ग्रह**भित्रका निबन्धहरूले वैचारिक विविधतालाई समेटेका छन् । उनका 'श्री गणेशाय नमः'जस्ता निबन्धले कार्य पूर्णताका लागि सहज मार्ग बनाउने

मङ्गलाचरण गर्नुपर्ने पूर्वीय हिन्दू धर्ममा आधारित आध्यात्मिक विश्वासलाई प्रतिपादन गरेका छन् साथै प्राकृतिक जीवन नै मानवीय सभ्यताको बलियो आधार हो भन्ने विचारको प्रक्षेपण पनि उनका निबन्धमा पाइन्छ । प्रकृति, मानव र ईश्वरका बीच त्रिकोणात्मक सम्बन्ध देखाएर मानवतावादी दृष्टिकोण व्यक्त गर्ने उद्देश्य उनका निबन्धहरूले लिएका छन् । शिक्षा ग्रहणका लागि आधुनिक तडकभडकयुक्त वातावरणभन्दा प्राचीन गुरुकूल सभ्यताको अनुशरण गरे वास्तविक ज्ञान हासिल गर्न सकिने विचार पनि उनले अभिव्यक्त गरेका छन् । सिर्जना गर्ने व्यक्तिलाई कुनै पनि बाधाले छेक्न नसक्ने विचार व्यक्त गर्दै साहित्यको साधनालाई हृदयबाट सबैले सम्मान गर्नुपर्ने उद्देश्य पनि देवकोटाका निबन्धले लिएका छन् । प्रकृति मधुर, मौलिक र स्वतन्त्र भएजस्तै साहित्य पनि मौलिक, मधुर र स्वतन्त्र हुनुपर्दछ साथै आधुनिकताका नाममा अङ्ग्रेजी शिक्षाले ल्याएको विकृति समाप्त पार्नुपर्ने विचारको प्रतिपादन गर्ने उद्देश्य उनका निबन्धहरूमा पाइन्छ । वैज्ञानिक शोधखोज र अनुसन्धान अझै अपूर्ण रहेको विचार देवकोटाले आफ्ना निबन्धहरूमा कलात्मक र काव्यात्मक ढङ्गले प्रस्तुत गरेका छन् । नेपालीहरूका राष्ट्रिय संस्कृतिलाई विश्वसामु चिनाउने उद्देश्य लिएका निबन्धहरू पनि यस सङ्ग्रहमा सङ्कलित छन् साथै देशभक्तिको भावनालाई विभिन्न कोणबाट समुन्नत बनाउनुपर्ने विचार पनि उनका कतिपय निबन्धहरूमा पाइन्छ ।

कला र मानवजीवनका बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । जसरी कलाकार कलालाई सुन्दर बनाउन प्रयत्नशील रहन्छ, त्यसैगरी मानवजीवनलाई सुन्दर र प्रकाशमय बनाउन कलालाई आत्मसात् गर्नुपर्ने विचार उनका निबन्धहरूमा भेटिन्छ । यसका साथै मानवजीवन भौतिकतामा भन्दा आध्यात्मिकतामा र यान्त्रिकतामा भन्दा प्राकृतिकतामा सुन्दर देखिन्छ । आफ्नो कर्तव्यलाई बिर्सेर मान्छे सुखको खोजीमा छ तर यस्तो व्यवहारले मान्छेलाई हास्य पात्रका रूपमा स्थापित गरेको छ भन्ने धारणा उनका निबन्धमा पाइन्छ । साहित्यलाई यान्त्रिकताबाट मुक्त गराउन छन्द र लयको आवश्यकता नपर्ने विचार देवकोटाले व्यक्त गरेका छन् । सिर्जनाको मूल आधार कल्पना हो भन्दै कल्पनालाई ईश्वरीय दिव्यशक्तिका रूपमा उनको स्वीकारोक्ति छ ।

यसरी देवकोटा आफ्नो निबन्ध यात्राको पूर्वार्द्ध समय वा **लक्ष्मी निबन्धसङ्ग्रह**भित्रका अधिकांश निबन्धहरूमा विचारका दृष्टिले अध्यात्मवादी देखिन्छन् । यस सङ्ग्रहभित्रका धेरैजसो निबन्धलाई अध्ययन गर्दा निबन्धकार अध्यात्मवादी पूर्वीय सभ्यताका बढी नजिक छन् । हिन्दूवादी व्यवस्थामा आधारित मानवतावादी र विश्वभातृत्व देवकोटाको मूल वैचारिक आदर्श बनेको पाइन्छ । 'श्री गणेशाय नम :', 'साधुको महात्म्य', 'सुकुलमाथि', 'वैराग्य', 'शिशु' यस्तै विचार अभिव्यक्त भएका निबन्ध हुन् । यस सङ्ग्रहभित्रका निबन्धहरूमा निबन्धकार देवकोटा वर्तमानतिरको क्षतिपूर्ति आर्य सांस्कृतिक अतीतमुखी भएका प्राप्त गर्न प्रयासरत जस्ता देखिन्छन् । राष्ट्रिय राजनीतिमा प्रत्यक्ष सम्बन्ध राख्ने खालका निबन्धहरू यस सङ्ग्रहभित्र भेटिँदैनन् । सामाजिक विकृति सत्ताविरोधी विचार व्यक्त गर्नु परे पनि निबन्धकार त्यसको यथार्थपरक समाधानतर्फ नलागी धर्म र ईश्वरको विश्वासमा सन्तोष लिएका देखिन्छन् । 'पाँचौटा चाहिने कुराहरू'जस्ता निबन्धमा देवकोटा कट्टर हिन्दूवादी आध्यात्मिक चिन्तकका रूपमा देखिन्छन् । राजनीतिक, दार्शनिक, आर्थिक, सांस्कृतिक दृष्टिले निबन्धकार परम्पराकै घेराभित्र सीमित छन् भन्न सकिन्छ ।

### ३.६.१.३ हार्दिकता/बौद्धिकता

देवकोटा आत्मपरक निबन्धकार हुन् र उनका सम्पूर्ण निबन्धहरू उनकै व्यक्तित्वका प्रकाशन हुन् । देवकोटाले आफ्नो जीवनमा देखेका, सुनेका, भोगेका र स्वतस्फूर्त व्यक्तित्वबाट उनका निबन्धमा कतै आत्माभिव्यक्तिको प्रबलता पाइन्छ भने कतै तटस्थ रहेर प्रकृति र जीवनजगत्को चित्रण पनि गरिएको देखिन्छ । **लक्ष्मी निबन्धसङ्ग्रह**मा सङ्कलित भएका निबन्धहरूमध्ये 'पहाडी जीवन', 'मेरी शिशु', 'सुकुलमाथि', 'सरिताको कलकलमा', 'मान्छे जादू', 'हाइहाइ अङ्ग्रेजी', 'के नेपाल सानो छ ?', 'फूल', 'आषाढको पन्ध्र', 'कुम्भकर्ण', 'साधुको महात्म्य', 'मसलाको बोटले के हेर्छ ?', 'आमाको दिल', 'गौरीशङ्कर यात्रा', 'जूवा', 'एउटी चरीको चिरीबिरी' निबन्धहरू आत्माभिव्यक्तिको प्रधानता भएकाले यिनमा अन्य निबन्धमा भन्दा बढी हार्दिकता पाइन्छ । यस सङ्ग्रहका 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष', 'पाँचौँटा चाहिने कुरा', 'हास्य रस', 'शिक्षा', 'नेपाली गुन्डो', 'वैराग्य', 'आकार र अभिप्राय' आदि निबन्धहरूमा भने वस्तु पक्ष तुलनात्मक रूपमा प्रबल रहेकाले यिनमा बौद्धिकताको प्रबलता

भेटिन्छ । 'श्री गणेशाय नमः', 'लेख्ने बानी', 'वीरहरू', 'गधा बुद्धिमान् कि गुरु', 'कविराजको च्याङ्ग्रे खच्चर', 'छन्द र लय', 'सुस्तरी सास फेर', 'मान्छेलाई घडीबाट हानी' जस्ता निबन्धहरू विचारतत्त्व र आत्मतत्त्व दुवैको मिश्रित प्रयोग देखिन्छ ।

### ३.६.१.४ सङ्क्षिप्तता

सङ्क्षिप्तता निबन्धको आयामसँग सम्बन्धित पक्ष हो । सङ्क्षिप्तताले आकारलाई जनाउँछ । आकारका आधारमा देवकोटाका निबन्धहरू विविध छन् । हवर्ट रिडले प्रस्तुत गरेको आयामगत मान्यतामा उनका निबन्धहरू आबद्ध देखिँदैनन् । लघु आकारका निबन्धहरू पाँच सय शब्दभित्र संरचित छन् । **लक्ष्मी निबन्धसङ्ग्रह**मा सङ्कलित 'सुकुलमाथि', 'मेरी शिशु', 'लेख्ने बानी', 'नेपाली गुन्डो', 'एउटी चरीको चिरीबिरी', 'मान्छेलाई घडीबाट हानी', 'सत्य सोझो हुन्छ'जस्ता निबन्धहरू न्यूनतम तीन सयदेखि अधिकतम पाँचसय शब्दमा निर्मित छन् । पाँच सय शब्ददेखि पैँतीस सय शब्दसम्ममा संरचित निबन्धहरूमा 'श्री गणेशाय नमः', 'पहाडी जीवन', 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' आदि पर्दछन् । दीर्घ आकारका निबन्धहरू अपेक्षाकृत लामा देखिन्छन् ।

### ३.६.१.५ दृष्टिबिन्दु

दृष्टिबिन्दुले स्रष्टाका विचार वा अनुभूतिलाई पाठकसमक्ष सम्प्रेषण गर्ने पद्धतिलाई जनाउँछ । **लक्ष्मी निबन्धसङ्ग्रह**मा सङ्कलित निबन्धहरूमा 'श्री गणेशाय नमः', 'मेरी शिशु', 'सुकुलमाथि', 'लेख्ने बानी', 'पाँचौँटा चाहिने कुराहरू', 'सरिताको कलकलमा', 'हाइहाइ अङ्ग्रेजी', 'के नेपाल सानो छ ?', 'कला र जीवन', आदि निबन्धमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भेटिन्छ भने 'पहाडी जीवन', 'छन्द र लय', 'गधा बुद्धिमान् कि गुरु' आदि निबन्धमा प्रथम र तृतीय दुबै दृष्टिबिन्दुको मिश्रित प्रयोग भेटिन्छ । 'फूल', 'भलाद्मी', 'वीरहरू'जस्ता केही निबन्धहरू तृतीय पुरुष दृष्टिबिन्दुमा रचित निबन्धहरू हुन् । यसरी देवकोटाले कतै प्रथम, कतै तृतीय र कतै मिश्रित दृष्टिबिन्दुको प्रयोग गरेर निबन्धहरू रचना गरेको देखिन्छ ।

### ३.६.१.६ भाषाशैली

देवकोटा स्वच्छन्दतावादी निबन्धकार हुन् । उनी आफ्ना निबन्धमा सधैँ रूपवाद र शिल्पवादका विरोधी बनेर देखिएका छन् । शैल्पिक सौन्दर्यका लागि देवकोटाले आफ्ना कुनै पनि निबन्धहरूको रचना नगरेको कुरालाई 'श्री गणेशाय नमः' निबन्धमा यसरी व्यक्त गरेका छन् : "कुनै शैलीका निमित्त लेख्दिन, लेख्दछु लेख्नका निमित्त र आफ्ना विचार भावहरूलाई सच्चा प्रकाशन गर्नका निमित्त" (**लक्ष्मी निबन्धसङ्ग्रह** : पृ. ५) उनको यही शिल्पमा ध्यान नदिने प्रवृत्तिले नै आधुनिक निबन्धमा स्वतस्फूर्त शिल्पको जन्म भएको हो । आत्मपरकता, हार्दिकता, बौद्धिकता, सङ्क्षिप्तताजस्ता कुराहरू शिल्पसँग सम्बन्धित हुन्छन् । देवकोटा **लक्ष्मी निबन्धसङ्ग्रह**भित्रका सबैजसो निबन्धहरूमा आयोजित शिल्प संरचनाको विपरीत स्वच्छन्द शिल्पशैलीको प्रयोग गर्ने निबन्धकारका रूपमा देखिएका छन् तापनि तुलनात्मक रूपले आत्माभिव्यक्तिको प्रधानता भएका निबन्धहरूमा संरचनात्मक सङ्गठन र क्रमबद्ध प्रस्तुतिमा असचेतता, स्वच्छता र उदासीनता भेटिन्छ । लेखकीय कल्पना र अनुभूतिको प्रबलताले विशेष स्थान प्राप्त गरेका यस्ता निबन्धहरू व्यङ्ग्यात्मक देखिन्छन् । मानसिक भावको निजात्मक अभिव्यक्तिमा अत्यधिक झुकाव भएका निबन्धहरूमा विचारतत्त्व छिन्नभिन्नको स्थितिमा आएको पाइन्छ । विचारात्मक निबन्धहरूमा तर्कसङ्गत अभिव्यक्ति, वस्तुपरक शैली, लेखकीय तटस्थता, विषयवस्तुको प्रारम्भ, विकास, तुलना, समापनको सुसङ्गठितताजस्ता विशेषता भेटिन्छन् । उनका निबन्धमा सरल, सहज भावलाई हार्दिकतापूर्वक व्यक्त गरिएको पाइन्छ । विषयवस्तुको परिधिमा रही देवकोटाले आफ्ना निबन्धमा हार्दिक, बौद्धिक एवम् तार्किकताको उपयोग पनि गरेका छन् । निबन्धको बाह्य स्वरूपमा काव्यात्मक भाषाकै बाहुल्य भेटिन्छ । कतैकतै अनावश्यक शब्द, अनुच्छेद तथा भाव र विचारको पुनरावृत्ति पाइए पनि उनका निबन्धहरू साङ्गीतिक छन् । वस्तुसंयोजनमा वक्रता, सङ्गठनमा व्यक्तिक्रमिकता, आदि, मध्य र अन्त्यको अन्वितिमा विचलन तथा भाव र विचारको क्रमिकमा असमर्थन देवकोटाका निबन्धका प्राप्ति र अप्राप्ति दुबै हुन् । देवकोटा सचेत आयोजनाकार, अलङ्कार, रीति, गुण आदिको विरोधी भए पनि सौन्दर्य सामग्रीको स्वतस्फूर्त आयोजना उनका निबन्धमा पाइन्छ । समग्रमा यस

सङ्ग्रहभित्रका निबन्धहरूलाई हेर्दा परात्मकताभन्दा निजात्मकताको अभिव्यक्ति, व्याकरणिक तथा अनुशासित भाषाभन्दा भावनको प्रवाहलाई टिप्ने क्रममा भाषिक स्वरूपमा नवीनता, आयोजना र परिष्कारको विरोध, शाब्दिक र वार्णिक पुनरावृत्तिमा कलात्मकता, नवनव शब्दनिर्माणमा सुन्दरता, कवितात्मक गद्य प्रवाहमा तरलताजस्ता विशेषताहरू भेटिन्छन् । वर्णनात्मक, विचारात्मक, विवरणात्मक एवम् भावात्मक शैलीका अतिरिक्त संस्मरणात्मक शैली र विस्मयमूलक ढङ्गले प्रयोगात्मक शैलीको प्रयोग पनि देवकोटाले गरेका छन् । यिनै उनका भाषाशैलीगत वैशिष्ट्य हुन् ।

### ३.६.२ 'दाडिमको रूखनेर' निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको विधातात्त्विक विश्लेषण

यस निबन्धसङ्ग्रहका निबन्धहरूको विधातत्त्वका आधारमा बेग्लाबेग्लै उपशीर्षकमा विवचेना गरिएको छ :

### ३.६.२.१ विषयवस्तु

**दाडिमको रूखनेर** (२०४९) देवकोटाको दास्रो प्रकाशित निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहमा देवकोटाद्वारा लिखित केही पूर्वप्रकाशित (विभिन्न पत्रिकामा) र केही अप्रकाशित (पहिलो पटक यसै सङ्ग्रमा प्रकाशित) सङ्कलित भई प्रकाशित भएका १८ वटा निबन्धहरूमा प्रयुक्त विषयवस्तुको यहाँ चर्चा गरिन्छ ।

**लक्ष्मी निबन्धसङ्ग्रह**मा सङ्कलित निबन्धहरूजस्तै **दाडिमको रूखनेर** निबन्धसङ्ग्रहभित्रका निबन्धहरूमा पनि विविध विषयवस्तुको प्रयोग पाइन्छ । 'निद्रा', 'बेलामा', 'दाडिमको रूखनेर', 'म सुवासिनी मान्छे भए के गर्ने थिएँ ?' जस्ता निबन्धहरू प्रकृतिमूलक विषयमा केन्द्रित छन् भने 'फर्सीको झोल', 'कट्टरता', 'श्रीपञ्चमीको दिन २०१०', 'साहित्यमा शिवत्व', 'दान'जस्ता संस्कृतिमूलक विषयवस्तुको प्रयोग भएको छ । सामाजिक विकृति वा विसङ्गतिलाई मूल आधार बनाएर सिर्जना गरिएका निबन्धहरूमा 'शिशुभक्षकका लागि क्षमाप्रार्थना', 'साँढे', 'धुम्रपानको क्षमा प्रार्थना'जस्ता निबन्धहरू पर्दछन् । आफैँले यात्रा गरेको अनुभवलाई विषयवस्तुका रूपमा लिएर निजात्मक अनुभूति पोखिएका निबन्धहरूमा 'मेरो पाल्पा

तानसेनतर्फको यात्रा', 'भ्रमणको महत्त्व' पर्दछन् । वैज्ञानिक विषयवस्तुमा आधारित निबन्ध 'नरनारी' हो । 'मातृभाषाको लागि'नेपाली भाषामा भाषिक विषयवस्तु समेटिएको छ ।

**लक्ष्मी निबन्धसङ्ग्रह**मा जस्तै यस सङ्ग्रहमा सङ्कलित निबन्धहरूमा देवकोटाले प्रकृति, समाज, इतिहास, दर्शन, धर्म, संस्कृति, यात्रानुभूति आदि विविध विषयलाई आफ्नो निबन्धको विषयवस्तुको क्षेत्र बनाएको देखिन्छ ।

### ३.६.२.२ विचार

देवकोटाले **दाडिमको रूखनेर** (२०३९) निबन्धसङ्ग्रहभित्रका निबन्धहरूमा कुनै न कुनै विचार प्रतिपादन गर्ने उद्देश्य बोकेको देखिन्छ । यस सङ्ग्रहभित्र विचारको विविधता पाइन्छ । उनले मानवीय भावनासँग सङ्गीत तत्त्वको सूक्ष्म सम्बन्ध रहने विचार 'बेलामा' जस्ता निबन्धमा व्यक्त गरेका छन् । यसका साथै सम्पन्नताका लागि कलुषित भावना लिएर बाँच्नुभन्दा सरल र सहज जीवनका लागि दृष्टिकोण फराकिलो पार्नुपर्ने विचार पनि व्यक्त गरेको पाइन्छ । कट्टरताले मानिसलाई कहिल्यै सही ठाउँमा नपुऱ्याउने भएकाले कट्टरतापूर्वक व्यवहार गर्ने बानीलाई त्यागी धर्मप्रतिको धारणा समयसापेक्ष बनाइनुपर्ने विचार पनि उनका निबन्धले व्यक्त गरेका छन् । आफ्नो मातृभाषाभन्दा पराइका भाषाप्रति मोह दर्साउने काम नराम्रो भएको ठान्दै मातृभाषा नै स्वजातिरक्षक भएकाले अरू भाषाको उन्नति देखेर त्यता नलागी आफ्नै भाषाको संरक्षण र उत्थानमा आफै लाग्नु पर्ने विचार पनि 'नेपाली भाषा र मातृभाषाका लागि' जस्ता निबन्धमा व्यक्त गरेका छन् । समाजलाई व्यवस्थित रूप दिन बनाइएका सामाजिक नियनअनुसार परिवर्तन र सुधार गर्नुपर्दछ, नारी समाजका गहना हुन् र तिनीहरूमाथिको दमन र शोषणको अन्त्य गरी सम्मान र कदर गर्दै स्नेहभाव राखेमा संसार प्रगतिपथमा अगि बढ्ने विचार पनि उनका निबन्धले व्यक्त गरेका छन् । भाषाको विकासले मानवसभ्यता यो युगमा आइपुगेको चर्चा गर्दै मातृभाषा सबैभन्दा ठूलो कुरा हो, त्यसको संरक्षण गर्नु हाम्रो कर्तव्य हो र यसको संरक्षण गर्न सक्यौं भने कला, संस्कृतिको विकास भई विश्वका सामु नेपाली बनी सगौरव बाँच्न सकिने विचार उनका निबन्धमा प्रकट भएको छ । मानवीय उदात्तताको प्रतीकका रूपमा दानलाई स्वीकार गर्दै यसको मर्म बुझेर काम गर्न सके

मात्र मानवकल्याण हुने भावनाको अभिव्यक्ति उनका निबन्धमा पनि पाइन्छ । हिन्दू संस्कृतिको महिमागान गरेर प्राचीन आर्यसभ्यतातर्फ निबन्धकार देवकोटाको आस्था रहेको कुरा कतिपय निबन्धमा झल्किएको छ । साहित्यमा शिवत्व एकाकार भइरहेको हुन्छ । साहित्यकारले आत्मसत्य मानी हृदय र बुद्धि जगाएर आफूभित्रको शिवत्व जागृत बनाई परमानन्द प्राप्त गर्न सकिन्छ भन्ने विचार पनि देवकोटाको रहेको छ । समाजको विकृति प्रवृत्तिका रूपमा रहेको धुम्रपानको धुवाँबाट मुक्ति लिई स्वच्छ वातावरणमा जिउन सिक्नुपर्ने कुरालाई पनि देखाइएको छ ।

प्रकृतिको हरियाली नै मानवजीवनको सर्वोत्कृष्ट आनन्द र शान्ति प्रदान गर्ने उपहार हो भन्दै वृक्षको अभावमा मानवसभ्यता रोगी बन्दै गएको कारण यसलाई जोगाएर हरियो मानव विश्वविद्यालयको स्थापना गर्नुपर्ने धारणालाई उनका निबन्धले समेटेका छन् । आजको युग हत्या, हिंसामा प्रवृत्त हुँदै जानाको मूल कारण आफ्नै बच्चाहरूको भोकबाट सिर्जित चिच्याहट हो, कानुनको मात्र भर नपरी यस्तो अमानवीय क्रियाकलापहरूलाई अन्त्य गरी स्वच्छ समाज र राष्ट्रनिर्माणको बाटोमा अग्रसर हुनुपर्ने भावनाको अभिव्यक्ति पनि केही निबन्धमा पाइन्छ । नेपाली समाजमा उच्च कुलीन वर्ग वा शासकहरूले निमुखाहरूमाथि गरेको सामन्ती व्यवहारलाई टुलुटुलु हेर्न बाध्य भएको स्थितिलाई उद्घाटन गर्दै यस्तो कार्य अन्त्य गर्नुपर्ने विचार पनि व्यक्त भएको छ । यात्रा गर्दा प्राप्त हुने आनन्दानुभूति सम्प्रेषण गर्नुका साथै नेपाली प्रकृति अनुपम रहेको विचार पनि देवकोटाका निबन्धले व्यक्त गरेका छन् ।

राष्ट्रिय सन्दर्भमा २००३/०४ सालतिर र अन्तर्राष्ट्रिय सन्दर्भमा द्वितीय विश्वयुद्धको समाप्तिपछिको नवयुगीन परिवेशमा स्वराष्ट्र र छिमेकी राष्ट्रमा चलिरहेको जागरणले देवकोटामा पनि प्रभाव पार्‍यो र उनी प्रत्यक्ष रूपमा राजनैतिक क्रियाकलापमा संलग्न भए । उनले आफ्ना निबन्धरचनाका माध्यमबाट व्यङ्ग्य र विद्रोहका स्वरहरूलाई प्रकट गरेको पाइन्छ ।

देवकोटाका निबन्धमा पूर्वार्द्ध समय वा **लक्ष्मी निबन्धसङ्ग्रह**मा सङ्कलित निबन्धहरूमा पाइने ईश्वरवादी, अध्यात्मवादी चिन्तनको प्रभाव पछिल्लो चरणका वा **दाडिमको रूखनेर** निबन्धसङ्ग्रहमा सङ्कलित 'निद्रा', 'बेलामा' आदि निबन्धहरूमा पाइन्छ तर पनि यस समयका निबन्धहरू क्रान्तिकारी, स्वच्छन्दवादी भावना, अनिश्वरवादी चिन्तन, युगबोध र विश्वबोधजस्ता

विशेषताले भरिपूर्ण छन् । 'फर्सीको झोल', 'नरनारी', 'मातृभाषाका लागि'मा सामाजिक विसङ्गत पक्षको उद्घाटन गरी नारी शोषणको विरोध र भाषिक चेतनाको उद्बोध भएको देखिन्छ । सुरुमा ईश्वरीय अध्यात्मवादी, कट्टर हिन्दूवादी चिन्तकका रूपमा देखापरेका देवकोटा क्रमशः अनिश्वरवादी एवम् राजनैतिक-सामाजिक विकृति र विसङ्गतिप्रति प्रहारक बनेका देखिन्छन् । 'निद्रा', 'श्री पञ्चमीको दिन', 'दान' 'साहित्यमा शिवत्व' 'कवि हुने धुनमा' निबन्धमा पूर्वीय आर्यसंस्कृतितर्फको मोह झल्किन्छ । सुरुमा मानवीय तथा प्राणी जगत्को कल्याणका लागि पुराणमुखी बनेका देवकोटा पछिल्ला निबन्धहरूमा क्रान्तिमुखी विद्रोही बनेका छन् । सामाजिक विकृति र विसङ्गतिप्रति विद्रोह एवम् राजनैतिक कारणले सिर्जना गरेका अनमेल व्यवहार र परिस्थितिका विरुद्ध कलम चलाउने सशक्त निबन्धकार देवकोटाका निबन्धहरूको सँगालोका रूपमा रहेको **दाडिमको रूखनेर**मा क्रान्तिकारी अनिश्वरवादी विचार भेटिन्छ । यस समयमा देवकोटा आत्मपरक निबन्धमा भन्दा प्रबन्धात्मक लेखनमा बढी सक्रिय रहेका देखिन्छन् । देवकोटाको प्रवास जीवन, राजनैतिक संलग्नता आदिका कारणले दोस्रो चरणमा व्यङ्ग्य निबन्धको लेखन त्यति उत्कृष्ट हुन सकेको देखिँदैन र सङ्ख्यात्मक दृष्टिले पनि यस समयमा कमै निबन्धहरू लेखेका छन् । पहिलो निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको तुलनामा पछिल्लो निबन्धसङ्ग्रहका निबन्धहरूमा देवकोटा अपेक्षाकृत अभिव्यक्ति र प्रस्तुतिमा संयमित, सन्तुलित एवम् नम्र शब्द निर्माणप्रति बढी आकृष्ट भएका देखिन्छन् ।

### ३.६.२.३ हार्दिकता तथा बौद्धिकता

पूर्वार्द्ध निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूजस्तै यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू पनि आत्माभिव्यक्ति प्रधान, विचारप्रधान र मिश्रित गरी तिनै प्रकारका पाइने भएकाले कुनैमा हार्दिकताको पक्ष बढी छ, कुनैमा बौद्धिक पक्ष प्रबल बनेर आएको देखिन्छ । 'निद्रा', 'बेलमा', 'फर्सीको झोल', 'श्री पञ्चमीको दिन', 'धुम्रपानको क्षमाप्रार्थना', 'म सुवासिनी मान्छे भएँ के गर्ने थिएँ ?', 'शिशुभक्षकका लागि क्षमाप्रार्थना', 'साँढे', 'मेरो पाल्पा तानसेनको यात्रा' जस्ता निबन्धहरू आत्माभिव्यक्ति प्रधान भएकाले यिनमा हार्दिक पक्ष बढी देखिन्छ । 'कट्टरता', 'नरनारी', 'नेपाली भाषा', 'दान', 'साहित्यमा शिवत्व', 'दाडिमको रूखनेर'जस्ता निबन्धहरूमा

बस्तुतत्त्व बढी भएकाले वैचारिक पक्ष बढी रही बौद्धिकताको प्रबलता भेटिन्छ । उनका 'कवि हुने धुनमा' जस्ता केही निबन्धहरू हार्दिकता र बौद्धिकताको सन्तुलित प्रयोगमा आधारित पनि छन् ।

### ३.६.२.४ सङ्क्षिप्तता

सङ्क्षिप्तताले निबन्धको आकार वा आयामलाई सङ्केत गर्दछ । देवकोटाको आकारगत दृष्टिले सबैभन्दा लामो निबन्ध 'नेपाली भाषा' पनि यसै निबन्धसङ्ग्रहमा सङ्कलित छ । 'नेपाली भाषा' र 'धुम्रपानको क्षमाप्रार्थना' निबन्धबाहेक यस सङ्ग्रहभित्र सङ्कलित निबन्धहरू लघु र मध्यम आकारमै संरचित छन् । समग्रमा यस सङ्ग्रहभित्रका अरू सबै निबन्धहरू मध्यम आकारका नै देखिन्छन् । सङ्क्षिप्तताभित्रै पूर्णता हुनुपर्ने मान्यतालाई प्रायः सबै निबन्धहरूले अङ्गीकार गर्न सकेको देखिन्छ ।

### ३.६.२.५ दृष्टिबिन्दु

देवकोटाले यस सङ्ग्रहभित्रका निबन्धहरूमा प्रथम, तृतीय र मिश्रित दृष्टिबिन्दुको प्रयोग गरेका छन् । 'निद्रा', 'बेलामा', 'फर्सीको झोल', 'कट्टरता', 'मातृभाषाका लागि', 'नरनारी', 'नेपाली भाषा', 'श्री पञ्चमीको दिन', 'भ्रमणको महत्त्व' निबन्धमा प्रथम र तृतीयपुरुष दृष्टिबिन्दुको मिश्रित प्रयोग भेटिन्छ भने 'शिशुभक्षणका लागि क्षमाप्रार्थना', 'मेरो पाल्पा तानसेनतर्फको यात्रा', 'दान' र 'भ्रमण' निबन्धमा तृतीय दृष्टिबिन्दुको प्रयोग पाइन्छ । यीबाहेक अन्य निबन्धहरू प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग गरेर लेखिएका छन् ।

### ३.६.२.६ भाषाशैली

देवकोटाका यस सङ्ग्रहभित्र सङ्कलित निबन्धहरू वैचारिक दृष्टिले **लक्ष्मी निबन्धसङ्ग्रह**भित्र सङ्कलित निबन्धहरूभन्दा केही भिन्न छन् । पूर्वार्द्ध चरणमा विशुद्ध स्वच्छन्दतावादी देखिएका निबन्धकार देवकोटा यहाँ स्वच्छन्दतावादी प्रगतिवादी देखिन्छन् । यही विचारलाई प्रस्तुत गर्न वा समाजमा विविध क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई टङ्कारो रूपमा आफ्ना निबन्धमा प्रस्तुत गर्न गद्यभाषामा उनले खस्रोपनको प्रयोग गरेको भेटिन्छ ।

इतिहास चेतना, राष्ट्रिय चेतना र अन्तर्राष्ट्रिय बोधको प्रत्यक्ष अभिव्यक्ति दिन बौद्धिकता र तार्किकतातर्फ चासो दिएको भेटिन्छ तापनि उनका निबन्धमा काव्यात्मका भने रहेकै छ । **लक्ष्मीनिबन्धसङ्ग्रह**भित्र सङ्कलित निबन्धका तुलनामा देवकोटा यस सङ्ग्रहभित्रका निबन्धहरूमा भाषिक परिष्कार र परिमार्जनतर्फ उन्मुख देखिन्छन् ।

## ३.७ निष्कर्ष

यसरी निबन्धविधाका विधातत्त्वका आधारमा देवकोटाका दुई निबन्धसङ्ग्रहभित्रका निबन्धहरूलाई विषयवस्तु, विचार, हार्दिकता/बौद्धिकता, सङ्क्षिप्तता, दृष्टिबिन्दु र भाषाशैलीअन्तर्गत समेटेर अध्ययन गर्न सकिन्छ । देवकोटाले आफ्ना निबन्धमा देशभक्तिको भावनालाई अभिव्यक्त गर्नका लागि नेपाली भाषा, नेपाली संस्कृति, नेपाली जाति, नेपाली माटो र नेपाली वेशभूषालाई माध्यम बनाएका छन् । स्वच्छन्दतावादी निबन्धकार देवकोटाका निबन्धमा विषयवस्तुगत प्रयुक्तिमा व्यापकता भेटिन्छ भने जुनसुकै विषयमा केन्द्रित रहेर पनि उनले कुनै न कुनै विचार पाठकसमक्ष प्रस्तुत गरेका देखिन्छन् । निबन्धमा वस्तुपक्ष आएको भए पनि त्यो हार्दिक रूपमा प्रस्तुत भएको पाइन्छ । **लक्ष्मी निबन्धसङ्ग्रह**मा भन्दा **दाडिमको रूखनेर** निबन्धसङ्ग्रहमा देवकोटा भाषाशैलीको प्रयोगमा अलिक सचेत देखिन्छन् । उनका सबै निबन्धहरू काव्यात्मक गुणले ओतप्रोत छन् ।

# rf}yf] kl/R5]b

# b]jsf]6fsf b]zelQmd"ns lgaGwsf] ljZn]if0f

## ४.१ पृष्ठभूमि

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा विषयवस्तुगत वैविध्य पाइन्छ । उनका निबन्धले गम्भीर वैचारिक चिन्तनदेखि लिएर मानवीय स्वभाविक गुणलाई विषयवस्तुका रूपमा स्वीकार गरेका छन् । यसका साथै प्रकृति, साहित्य, समाज, कल्पना आदिलाई पनि विषयवस्तु बनाएर निबन्धको सिर्जना गरेको भेटिन्छ । प्रकृति, संस्कृति, धर्म, इतिहास, शिक्षा, सौन्दर्यचेतना, अमूर्त विज्ञान, वैयक्तिक चिन्तन आदि कुराहरू पनि उनका निबन्धमा विषयवस्तु बनेर आएका छन् । एउटै निबन्धमा यी विविध विषयवस्तु जेलिएर आएका रचना पाइनाका साथै एउटै विषयवस्तुलाई पनि कलात्मकताका साथै उच्च महत्त्व दिएर लेखेका निबन्धहरू पनि भेटिन्छन् । देवकोटाले कतै स्वतन्त्र रूपमा देशभक्तिको भावनालाई पोखेका छन् भने कतै विषयवस्तुगत सम्मिश्रणको रूपमा देशभक्तिपूर्ण भावलाई व्यक्त गरेका छन् । यहाँ यसभन्दा अघिल्लो परिच्छेदको ३.५ उपशीर्षकमा देवकोटाले देशभक्तिको भावलाई व्यक्त गर्नका लागि माध्यमका रूपमा अपनाएका भाषा, संस्कृति, प्रकृति, जाति, वेशभूषा र माटोलाई आधारका रूपमा लिएर उनका निबन्धमा अभिव्यक्त भएको देशभक्तिको भावनालाई केलाउने काम निम्नानुसार तलका उपशीर्षकहरूमा गरिएको छ :

### ४.१.१ भाषामा देशभक्ति

देवकोटाले आफ्नै स्वदेशी नेपाली भाषालाई मूल विषयवस्तु बनाएर लेखेका निबन्धहरूमा भाषिक सन्दर्भमा देशभक्तिको भावनालाई व्यक्त गरेका छन् । उनका ‘नेपाली

भाषा' र 'मातृभाषाको लागि' दुई निबन्धहरू भाषालाई विषयवस्तु बनाएर लेखिएका छन् भने के 'नेपाल सानो छ ?' निबन्धमा पनि नेपाली भाषाप्रति प्रेम दर्साइएको छ ।

देवकोटाले 'के नेपाल सानो छ ?' निबन्धमा सेक्सपियर, मिल्टन, गेटे इत्यादिका कल्पना र महाकाव्यहरूमा भन्दा नेपाली भाषामा लिखित व्याकरणविरोधी प्राकृतिक कविता आफूलाई राम्रो लाग्ने कुराको चर्चा गरेका छन् । विदेशी भाषाको पछि लागेर त्यसको नक्कल गरी मातृभाषाका शब्दसमेत अशुद्ध बनाउँदै साहित्य लेखिएको कुराप्रति उनलाई चिन्ता छ । अरूले हिन्दी, बङ्गाली, अङ्ग्रेजी आदि भाषाको वकालत गरे पनि देवकोटालाई अर्थहरूको मीठो लवज बोकेको तीनतारे सारङ्गीको धुनजस्तो नेपाली भाषा नै मीठो लागेको छ र यहीँ पहाडी खोलाको प्राकृतिक भाषाले हृदय छुन सक्ने ठान्दै उनले भनेका छन् :

"मेरो भाषा ज्यादा विपना हो, नफैलिएको होस् तर मेरो इन्द्राणीको झरना यहीँ हो ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. ६०) ।

'नेपाली भाषा' निबन्धमा भाषालाई सामाजिक वस्तुका रूपमा लिँदै उनले भाषाको उत्पत्ति, विकास, कार्य, महत्त्व आदिको बारेमा चर्चा गरेको पाइन्छ । नेपाली समाजमा मातृभाषाका रूपमा नेपाली भाषा रहेको छ । नेपाली भाषामा नेपाली माटोमा मात्र नभई बर्मा, आसाम, दार्जिलिङ, सिक्किमसम्मको समाजमा लोकप्रिय छ । नेपाली समाजभित्र अनेकौँ अन्य प्रान्तीय भाषाहरू रहे तापनि ती भाषाहरूको समेत संरक्षण हुनुपर्छ भन्ने देवकोटाको विचार छ । नेपाली भाषा नेपालको भाषा हो, जन्मभूमिको भाषा हो । नेपाली मातृभूमिका पुत्रहरूले आफ्नो मातृभाषाको विकासका लागि उत्साहपूर्वक लाग्नुपर्दछ तर त्यसो नगरी यसलाई बिर्सन पुग्यौँ भने कुपुत्र हुन्छौँ भन्ने विचार व्यक्त गर्दै देवकोटाले भनेका छन् :

"यिनलाई आदर गर्न छाडेको दिन हामी कुपुत्र हुन्छौँ । यिनै भाषाका यिनै जननी जन्मभूमिका । यिनलाई फुल्ने, फल्ने फैलिने हावापानी नदिए मातृघातक हुन्छौँ । यिनको मुटुको धड्कन बन्द गरे हाम्रो राष्ट्रको जीवन सेलाउँछ । यिनलाई चारा पानी नदिए हामी अजात शत्रु हुन्छौँ । यिनको गला कसेर बन्द गरे हामी आफैँ भुतभुतु मर्न जान्छौँ । को यति नालायक नेपाली होला जो नेपाली भाषाको विकास र प्रचारको विरोधी छ ? को नेपालीको हृदयमा जहर होला जसले मातृभाषालाई मार्न खोज्ने छ ?" (**दाडिमको रूखनेर**, पृ. ७२) ।

यसरी देवकोटाले नेपाली भाषालाई फलाउन सके नेपाल फुल्छ भनेका छन् । नेपाली भाषाको प्रयोगस्थलको विकास गर्न सके विशाल नेपाल हुनसक्थ्यो भन्ने खालको देशभक्तिपूर्ण विचारलाई विषयवस्तु बनाइएको छ । नेपाल सानो छैन । राम्ररी हेर्ने हो भने नेपाल विशाल छ । उनका दृष्टिमा मातृभाषा सबैभन्दा ठूलो कुरा हो र मातृभाषाको संरक्षण गर्नु हरेक मानिसको कर्तव्य हो । जन्मभूमि र मातृभाषालाई कहिल्यै अवमूल्यन गर्नुहुँदैन । नेपाली भाषामाथि अन्य भाषाले अतिक्रमण गर्न खोजिरहेको यसप्रकारको कमजोरी पक्षलाई हटाउनुपर्छ र मात्र संरक्षण गर्न सकिन्छ भन्ने कुराको उल्लेख गर्दै देवकोटाले 'नेपाली भाषा' निबन्धमा भनेका छन् ।

"कतै उर्दूका टुटफुट, कतै हिन्दीका सडलपडल, कतै बङ्गलाका धुलिफुली, कतै अङ्ग्रेजीका टुक्रामुक्रा, कतै सब चीजको सडेको खिचडी पर्न जाँदा मातृभाषाका स्वास्थ्यमा ज्यादा हानी पर्न गएको छ भने विदेशीय सम्मिश्रण तरफ होसियार रहनुपर्दछ । ठिमाहा शब्दबाट हुने कुलक्षणबाट बाँच्नु उचित हुनेछ ।" (**दाडिमको रूखनेर**, पृ ७३) ।

हामीले हाम्रो भाषाको उत्थान गर्न सक्यौं भने साहित्य, कला, संस्कृतिको विकासको साथै राष्ट्रियताको समेत विकास भई विश्वका सामु नेपाली बनी सगौरव बाँच्न पाउने भएकाले नेपाली भाषाको उत्थानमा दत्तचित्त भएर लाग्नुपर्छ भन्नु भाषाप्रतिको मोहले नै हो ।

देवकोटाले 'मातृभाषाको लागि' निबन्धमा भाषा हरेक मानव समुदायमा हुन्छ र हरेकको आफ्नो मातृभाषा हुन्छ भन्दै भाषाको खस्कदो दयनीय रूप र आधुनिक शिक्षा पाएकाहरूले नेपाली भाषाप्रति देखाएका उदासीनताबाट आफूलाई चिन्ता लागेको बताएका छन् । उनले नेपाली भाषामा संसारको जुनसुकै भाषामा भएको भावाभिव्यक्तिको क्षमता विद्यमान भएको प्रमाण प्रस्तुत गर्दै भनेका छन् :

"नेपाली भाषाको एक अङ्ग छैन, हजार अङ्गहरू छन्, कुनै ठाउँमा छुनोस्, यो कल्पना प्रचुर इन्द्रेणीले इटालियन रङ लिन्छ, कतै छुनोस् कडा, कर्मठ, खँदिलो जोडदार आङ्लो साक्सन नजीक आउँछ । कतै अनुनासिक नरम संवाद लचके फ्रेन्च नजीकै पुग्दछ, कतै रौनक, कतै भोट भाषाको दोसाँध ! नेपालीमा के छैन ?" (**दाडिमको रूखनेर**, पृ. ५३) ।

देवकोटाले नेपाली भाषामा सबैथोक अटाएको देखेका छन् । तत्कालीन अवस्थामा नेपाली भाषाप्रतिका शिक्षित मानिसको धारणा र सामाजिक रूपमा अन्य भाषीको रवाफ एवम्

रौनक छाएको देखाएका छन् र ती सबैलाई नेपाली भाषाको सामर्थ्यका रूपमा दर्साएर नेपाली भाषा साहित्यको सेवा गर्न फर्कन आह्वान गरेका छन् । प्रत्येक मानिसलाई आफ्नो मातृभाषाप्रति बफादार रहन अभिप्रेरित गरिरहेका छन् । आफ्नो भाषाभन्दा अर्काको भाषाप्रति आकर्षित हुँदा तथा अर्काको सम्पूर्ण क्रियाकलापको अनुकरण गर्दै जाँदा मौलिक मूल्यहरू लोप भएर जाने एवम् राष्ट्र, राष्ट्रियता र देशभक्तिको भाव गुम्न जाने हुन्छ । मातृभूमिको गन्ध पाइरहने हुनाले मातृभूमिको रक्षा गर्दै स्वदेश, स्वजाति, स्वभाषा आदिको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने कुरामा देवकोटाको जोड देखिन्छ । विद्वान् कहलिएर रवाफ देखाउने अनि आफ्नो मातृभाषालाई उपेक्षाभावले हेर्ने, अपमान गर्नेहरूलाई मातृभाषाको महत्त्वबारे प्रस्ट पार्दै सबैलाई नेपाली भाषाप्रति अनुराग राख्न निवेदन गर्नु तथा नेपाली भाषामा सबथोक पाइने भएकाले यसको सेवा, संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्न सबै तयार हुनुपर्दछ भन्ने विचार व्यक्त गर्नु, नेपाली मातृभाषामा नै सभ्यता र संस्कृति अडिएको हुनाले अन्य भाषाको प्रयोग नगरी स्वपहिचान गुमाउनु नहुने भावको अभिव्यक्ति निबन्धमार्फत गर्नु देशभक्तिकै भावना हो ।

## ४.१.२ संस्कृतिमा देशभक्ति

संस्कारबाट विकसित जीवनपद्धतिको नाम संस्कृति हो । जीवनका चिन्तन, दर्शन, धर्म, परम्परा र आनुवंशिक क्रियाकलापमा संस्कार जीवित रहन्छ । समय र परिस्थितिअनुसार संस्कारमा थोरबहुत परिवर्तन हुनसक्छ तर यसको खास तत्त्वमा भने त्यस्तो बढी फेरबदल आउँदैन । नेपाली समाजमा आध्यात्मिक संस्कृतिले अग्रणी भूमिका खेलेको छ । ईश्वरीय आस्था, सादा जीवन उच्च विचार, अतिथि सेवा, परोपकार आदि विषय र व्यवहार आध्यात्मिक संस्कृतिका उज्ज्वल पक्ष हुन् । मानव समुदायको जीवन र प्रक्रिया भएर युगौँदेखि समाजमा भिज्दै आएका यस्ता कार्यशैलीले नेपालीको राष्ट्रिय संस्कृतिलाई जगेर्ना गर्दै आएका छन् । नेपालीहरूका सबै जाति, धर्म, वर्ण, सम्प्रदायहरूमा पाइने धार्मिक आस्था र विश्वासको साझा रूपमा संस्कृतिको सम्बन्धसूत्र गाँसिएको छ । जीवनभरिको वारि र पारि, शान्ति, सुख र सन्तोष चाहने नेपाली जातिको सांस्कृतिक सम्बन्धलाई जोड्ने सूत्रका रूपमा धार्मिक भावनाको

योगदान रहेको देखिन्छ । यस परिप्रेक्ष्यमा देवकोटाले पनि संस्कृतिलाई मूल विषयवस्तु बनाएर निबन्धहरू लेखेका छन् । त्यस्ता निबन्धमा समेत देशभक्तिको भाव प्रकट भएको छ ।

देवकोटाले 'श्री गणेशाय नमः' निबन्धमा पूर्वीय आध्यात्मिक-धार्मिक संस्कृतिप्रति आस्था देखाएका छन् । आधुनिक-भौतिक समाजमा पाश्चात्य संस्कृतिको बढ्दो प्रभाव रहँदारहँदै पनि देवकोटा भन्छन् :

"जवानीको जोश र सफलताको स्वयम्विकासी हौसला पाउने भाग्यवान् सफल साहित्यकारले गणेशजीको त्यतिको कदर नगरे पनि मेरो हिन्दू हृदयमा ता अनेक न्यूनता र अपूर्णतामा चैतन्यको त्रास चिसो भएर पस्तछ र म प्रकृतिवश या त सरस्वतीको चिह्न या त श्री गणेशाय नमःको रुद्रचण्डीको स्मरण नगरी सक्तिनँ ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. १) ।

देवकोटाले नेपाली समाजमा प्राचीन समयदेखि नै कुनै काम थाल्नुपूर्व त्यसको सहज पूर्णताका लागि गणेश वा अरू कुनै देवीदेवताको मङ्गलाचरण गर्ने प्रवृत्तिलाई आफूले त्याग्न नसकेको बताएका छन् । आधुनिकताको नाममा एकातिर पश्चिमी सभ्यताको दबदबा बढ्दै गइरहेको र अर्कातिर प्राचीन दाढीवाल विद्वान्हरूका विद्वत्ता एवम् सभ्यताको भण्डारण पुस्तकालय पनि रहेको बताउँदै भनेका छन् :

"यो फैलिँदो, फुल्दो आङ्गल भाषा विद्यालयले नेपाल संसारलाई हित गरिरहेको छ खालि आर्यसभ्यता र आर्य संस्कारबाट वञ्चित गराउन र पश्चिमेका छोटो कोट लाएको, पुतली जुँघे उल्था बनाउनको तालिम दिइरहेको छ ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. २) ।

देवकोटालाई तडकभडकयुक्त आधुनिक पश्चिमेली सभ्यताभन्दा पूर्वीय सभ्यता नै प्यारो लागेको छ । प्राचीन दाढीवाल अध्यापकहरूका व्याख्यामा रहुन्जेल हामी पश्चिमका यात्री, लन्डनका गल्ली र मिजाजका जिज्ञासु मात्र भएको तर आज त्यो ज्ञानलाई भारत वर्षमा ल्याएर हिमालयको काखमा मातृभाषा र मातृभूमिको भविष्य सपना देख्छौँ, यो सरासर आफ्नो मौलिक संस्कृति, मौलिक पहिचानलाई गुमाउने प्रयास मात्र हो भन्ने देवकोटाको विचार छ ।

'सुकुलमाथि' निबन्धमा अप्राकृतिक तबरले प्राचीन ऋषिमुनिहरूले सुकुल बिछ्याएर प्राप्त गरेको आधुनिक मेच, कुर्सी, टेबिलमा बसेर प्राप्त गरेको ज्ञानभन्दा धेरै गरिमामय, उच्च र गम्भीर थियो भन्दै प्राचीन आर्यसभ्यता, आध्यात्मिक संस्कारप्रति आफ्नो मोह देखाएका छन् ।

श्रीकृष्णलाई कथाका गुन्डा राजा भन्नु, संस्कृतलाई देखेर नाक चेप्राउनु, प्राचीन आर्यसभ्यतालाई बिर्सिएर हिन्दू हुँ भन्नु अप्राकृतिक र नालायकपन हो भन्ने देवकोटाले यहाँ आफ्नो पूर्वीय प्राचीन संस्कृतिप्रतिको उन्मुखता र आधुनिक भौतिक संस्कृतिप्रतिको विमुखतालाई प्रकट गरेका छन् । पूर्वीय आध्यात्मिक आर्य संस्कृतिप्रति गर्व गर्नु उनको देशभक्तिको नमुना हो । देवकोटाका विचारमा पूर्वीय आर्यसभ्यता विश्वकै मानवसभ्यताको आधारभूमि हो ।

'आषाढको पन्ध्र' निबन्धमा देवकोटाले नेपालको सांस्कृतिक चाड असारको पन्ध्रलाई व्याख्या गरेका छन् । नेपालका धेरैजसो चाडपर्वहरू धार्मिक सम्प्रदायसँग सम्बन्धित हुने गर्दछन् । कुनै विशेष जातजातिले मनाउने चाडहरू पनि यहाँ प्रशस्त हुन्छन् । देवकोटाले यहाँ कुनै पनि एक जातिविशेषको नभई सम्पूर्ण नेपालीहरूको चाडलाई सम्झेका छन् । देवकोटाको राष्ट्रिय संस्कृतिसम्बन्धी चिन्तन यहाँ छ । असार पन्ध्रको दिनमा रोपाइँको हिलो छ्यापाछ्याप, असारे गीत, युवायुवतीको मुस्कानमा नेपाल नै हाँसेको अनुभव व्यक्त गर्दै अरू पर्वहरूमा गरिने खर्च र खाइने मिष्ठान यसै दिनबाट सञ्चारित हुने बताएका छन् । यसरी नेपालीहरूको विशेष चाड वा पर्व असार पन्ध्रलाई वस्तुका रूपमा लिएर त्यसका विशेषताहरू बताउनु देशभक्तिकै भावना हो भन्न सकिन्छ ।

'साधुको महात्म्य' निबन्धमा साधुका विशेषताहरू देवकोटा आफ्नो तर्फबाट र साधुकै प्रवचनबाट व्यक्त गरिरहेका छन् । उनका विचारमा हिन्दूहरूले संस्कार र परम्परालाई बुझ्न साधुको सम्मान गर्नुपर्छ । गेरुवा लगाएर जटा पाल्ने साधुलाई सांसारिक परिपञ्चदेखि घृणा छ । साधुपनमा मात्र सच्चा छ । जटा, राम, माला, भष्मलेपन, चिसो पानी, दत्तिवन अनि कन्दमूल प्रकृतिका वरदान हुन् र यिनमा बढी शान्ति र स्वाधीनता हुन्छ । साधुका महात्म्यका नाममा निबन्धकार हिन्दू संस्कृतिको महात्म्य गाउँछन् र भन्छन् :

"तर म मेरा पुर्खाहरूलाई बिर्सन चाहन्न । मलाई बाइबल साहित्यजस्तो लाग्दछ अलि मीठो तर धर्म पुस्तक मेरा वेद नै हुन् ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. १४८) ।

साधुसन्तहरूले भारत बचाउने भएकाले उनीहरूले जप्ने रामनामको विश्वासमा भारतको आत्मा अडेको छ । पश्चिमी सभ्यताबाट सिक्नुपर्ने कुराहरू धेरै भए पनि ऋषिमुनिका सन्तान तथा साधु एवम् महात्माहरूका चेला भएकाले पूर्वीय संस्कार मात्र हामीमा जीवित

रहन्छ । साधुतामा नै नेपाली हिन्दू संस्कृतिले आडभरोसा पाउँछ भन्नु संस्कृतिका सन्दर्भमा देशभक्ति हो ।

'कुम्भकर्ण' पूर्वीय पौराणिक ऐतिहासिक कथाका प्रसिद्ध पात्रलाई प्रतिबिम्ब बनाएर संरचित निबन्ध हो । निबन्धकारले सुषुप्तावस्थाको प्रतीकका रूपमा कुम्भकर्णलाई लिएका छन् जुन हिन्दू संस्कृतिको परिचायक हो । जागृत अवस्थामा भन्दा सुषुप्त अवस्थामा मान्छे नयाँ संसारको कल्पनामा रमाउँछ । सुषुप्तिमा आध्यात्मिक आँखा काम गर्दछन् भने जागृतिमा भौतिक आँखाले काम गर्दछन् । आध्यात्मिक आँखाले आफैँमा पूर्णताको आनन्दानुभव गरी अपूर्ण र अभावबाट पिल्सिएको अशान्त संसारदेखि मुक्त रहेर शान्तिको पदभित्र मीठो निदमा हुन्छ भन्दै पूर्वीय सभ्यता र संस्कृतिको महिमागान गरिरहेका छन् ।

'फर्सीको झोल' निबन्धमा आध्यात्मिक भाव व्यक्त हुने संस्कृतिमूलक विषय आएको छ । स्वर्ग र नरक एवम् पारसनाथको प्रसङ्ग ल्याउँदै वेदका मन्त्र, ईश्वर श्रीकृष्णका साथै महात्माहरूको गुणगान गरिएको छ । हिन्दू सभ्यताले दिग्दर्शन गरेको सादा र सरल जीवनयापन नै सुखको आधार हो भन्ने सिद्धान्तबाट प्रेरित बनी स्वल्प भोजनमा स्वर्गीय उच्चता प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई समेटिएको छ ।

'श्री पञ्चमीको दिन' निबन्धमा हाम्रो हिन्दू संस्कृतिको महिमागान गरेर प्राच्य आर्य सभ्यतातर्फ आफ्नो आस्था दर्साएका छन् । हिन्दूहरूको पवित्र दिन श्री पञ्चमीलाई आफ्नो निबन्धको विषयवस्तु बनाइएको यस निबन्धमा श्रीपञ्चमीलाई विद्याकी देवी सरस्वतीको आराधना गर्ने परम्परा यस समाजले पहिलेदेखि मान्दै आएको छ । ऋतुहरूको राजा वसन्तको आगमनलाई सहर्ष स्वीकार गरेर स्वागत गर्ने प्रचलन रहेको कुरालाई यस निबन्धमा प्रस्तुत गरेको पाइन्छ । यहाँ शिवपार्वती र राधाकृष्णको खेल देखिरहेका देवकोटाले पुनर्जन्ममा विश्वास गर्ने परम्पराको चर्चा गरेर अतीतप्रतिको मोह पनि प्रकट गरेका छन् :

"यहाँ शिवपार्वती, राधाकृष्ण खेल खेलिरहेका छन् । हृदयलाई खिच्ने सारा कलाहरू जो सुन्दरका सम्पत्ति हुन् । यही प्रादुर्भाव हुन्छन् । यो समय अध्ययन आनन्दको समय हो । पुनर्जन्मको हिन्दू सिद्धान्त यहाँनेर प्रमाणित हुँलाजस्तो लाग्छ । (**दाडिमको रूखनेर**, पृ. ८२) ।

'साहित्यमा शिवत्व' निबन्धमा देवकोटाले कला वा साहित्यको विषयलाई संस्कृतिको आडमा प्रस्ट पार्ने प्रयास गरेका छन् । शिव तत्त्व हिन्दू धर्मका आराध्य देवतासँग सम्बन्धित छ । कल्याणको भावनालाई सर्वश्रेष्ठ ठान्ने हाम्रो संस्कृति हो । यही सांस्कृतिक भावले ओतप्रोत भएको साहित्यलाई देवकोटा सच्चा साहित्य मान्छन् । हिन्दू दर्शन, धर्म र पुराणलाई सहायक वस्तुको रूपमा यस निबन्धमा देवकोटाले चर्चा गरेका छन् । शिवत्व कल्याणकारिता हो, धर्म र ईश्वर शिव भावनाका विकसित रूपहरू हुन् । हृदयस्पर्शिता र उच्च आदर्श निदर्शन नै शिवत्वको कला वा साहित्यको निष्कर्ष हो । यसरी देवकोटाले यस निबन्धमा साहित्यमा हुने कल्याणतत्त्व वा शिवत्वको चर्चा गरेर प्राचीय आर्यसभ्यतातर्फ उन्मुखता देखाएका छन् ।

'कवि हुने धुनमा' निबन्धकार देवकोटाले नेपाली समाजको पुरानो पुस्तामा संस्कृत वेद-वेदान्तको अध्ययन, मनन हुने कुरा देवकोटाकै पिताको वर्णनबाट गरेका छन् । उनमा पनि देवकोटाको हजुरबुबाको प्रतिभाको सानो भङ्केको किरणबाटै त्यति सफल विद्वान् वाचक बन्न सकेको विवरण सुनाएर प्राचीन आर्य आर्जित ज्ञानमा मान्छेको प्रतिभा उकास्ने क्षमता रहेको बताएका छन् । आधुनिक शिक्षाको खोक्रो आडम्बरले प्रतिभाको प्रस्फुटन गर्न नसकेको बताउँदै अप्रत्यक्ष रूपमा प्राचीन आर्य संस्कृतिको गायन गरेको देखिन्छ । यस निबन्धमा संस्कृत वेद-वेदान्तको अध्ययन, मनन र त्यसबाट प्राप्त ज्ञानले देवकोटाको अतीतप्रतिको मोह जागेको र हिन्दूसंस्कृतिको महत्त्वगान गर्न पुगेको कुराले आर्य संस्कृतिप्रतिको मोह प्रकट भएको पाइन्छ ।

यसरी देवकोटाले नेपाली संस्कृतिका विभिन्न झाँकीहरू प्रस्तुत गर्दै आफ्नो देशभक्तिको भावनालाई विभिन्न निबन्धहरूमार्फत व्यक्त गरेका छन् । नेपाली समाजले मान्दै आएका चाडवाड तथा परम्परा र देवदवीका स्तुतिलाई विषयवस्तुका रूपमा स्वीकार गर्दै नेपालीहरूको सरल र जीवित संस्कृतिले विश्वलाई नै आकर्षित गरेको प्रसङ्ग पनि उल्लेख गरेका छन् । प्राचीन हिन्दू ग्रन्थ हाम्रा जीवन्त संस्कृति हुन् र तिनीहरूकै प्रेरणाबाट नेपालीहरूले जीवनको वास्तविक सत्य थाहा पाई सदैव सादा जीवन उच्च विचारमा बाँचेका नेपालीहरूको परिचय गराएका छन् । समग्रमा नेपालीहरूले मनाउने असारको पन्ध्र, श्रीपञ्चमीजस्ता चाडबाडलाई मौलिक संस्कृतिको प्रतीकका रूपमा व्याख्या गरेका छन् साथै धार्मिक विश्वास र प्राचीन आर्यसभ्यताको परम्परालाई शिरोधार्य गर्ने नेपालीहरूको महान् कार्यको वर्णन गर्दै देवकोटाले

नेपाली संस्कृतिप्रतिको सच्चा प्रेम प्रकट गरी समग्रतः देशभक्तिको गहिरो भाव व्यक्त गरेका छन् ।

### ४.१.३ प्रकृतिमा देशभक्ति

देवकोटा स्वच्छन्दतावादी निबन्धकार हुन् । उनका निबन्धमा प्रकृतिको प्रयोग जताजतै पाइन्छ । सम्पूर्ण मावनसभ्यता र मानव पाठशालाका रूपमा स्वच्छन्दतावादीहरू प्रकृतिलाई नै लिन्छन् । उनीहरूका विचारमा प्रकृति गुरु हो, आनन्दको स्रोत हो । देवकोटाले आफ्ना प्रायः सबैजसो निबन्धमा प्रकृतिको चित्रण गरेको पाइन्छ र यस क्रममा नेपाली भूगोलको नेपाली प्रकृति नै मुख्य आलम्बन भएर आएको पाइन्छ । नेपाली भूगोलमा अवस्थित ढुङ्गा, माटो, पानी, हावा, बोटबिरुवा, कीटपतङ्ग, हिमाल, पहाड, नदी, समुद्र, आकाश आदि प्राकृतिक परिवेशको चित्रणमा देवकोटा लागिपरेका देखिन्छन् । यहाँ उनका प्रकृतिलाई नै मूल विषयवस्तु बनाएर सिर्जना गरिएका निबन्धलाई आधार बनाएर देशभक्तिको भावना केलाउने प्रयास गरिन्छ :

'पहाडी जीवन' निबन्धमा भिल्टुङ्को यात्राका क्रममा त्रिशूली नदीको रमणीय दृश्य, पहाडी घर, घरको छानामा पाकेका फर्सीको सुन्दरता, भिराला खेत, सुर्कासुर्की बारी, केरा, भोगटे र सुन्तलाजस्ता फलफूल, लिचीका बोट, ससाना पहाडी बोटहरूको सुन्दर दृश्य देखेको कुराको वर्णन गरेका छन् । निबन्धकार यी सबै चीजहरू रहेको ठाउँमा गोसाइँथानको भन्दा राम्ररी पहाडी जीवनका बारेमा बुझ्न सकेको बताउँछन् ।

'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' निबन्धमा भानुभक्त आचार्य सहज र स्वतःस्फुर्त प्राकृतिक कवि हुन् भन्ने धारणा व्यक्त गर्दै उनले नेपाली साहित्यमा दिएको योगदानलाई प्रस्तुत गरेका छन् । भानुभक्तको कवि व्यक्तित्वको चर्चा गर्ने क्रममा बालाज्यू वर्णन कवितामा भानुभक्तले नेपालको नगरी बालाजुको प्राकृतिक परिवेशमा स्वर्ग देखेको बताएका छन् । त्यहाँका चराले मोहनी बोल्ने बताएका छन् । हाम्रो कान्तिपुरी कविलाई कान्तिको पुरीजस्तो लाग्यो भन्दै नेपाली नालाहरूमा सबैले सागरको गहिराइ भेट्न सक्ने तर खोज्नुपर्ने बताएका छन् । यसरी नेपाली प्रकृतिमा सम्पूर्ण कुराहरू अटेको देख्नु प्रकृतिको चित्रणका सन्दर्भमा देशभक्ति नै हो ।

'के नेपाल सानो छ ?' निबन्धमा देवकोटा भौगोलिक सीमा सानो र ठूलो निर्धारण गर्ने शक्ति होइन, यसका निर्धारणका रूपमा देशका जनता, प्राकृतिक स्रोत, प्राचीन सम्पत्ति, सभ्यता र संस्कृति हो भन्ने विचार व्यक्त गर्दछन् । उनले मैदानी देश उराठ र चिच्याहट लाग्दो हुन्छ भन्दै यहाँका हिमाल र पहाडहरूको प्रशंसा यस निबन्धमा पनि गरेको भेटिन्छ । देवकोटा गाढा हरिया रङका पहाडी शृङ्खलाहरूमा विभिन्नताको माधुरी भएको बताउँछन् । पहाडमा सजीव दुनियाँ, चरा, मृगका बाघहरूले परिपूर्ण संसार, ढुङ्गामा चाँदीका जिभ्रा, झ्याउँमा मोती, खोलानालामा दिव्य भाषण, रूखका पातहरूमा हरिया भाव, अनेकौँ फूलहरूले सुसोभित सर्वोच्च हिमालयहरूले शासन गरेको कुरालाई यसरी व्यक्त गर्दछन् :

"जहाँ एउटा पहाड सजीव दुनियाँ छ, चरा, मृग र बाघहरूले परिपूर्ण संसार छ, जसलाई हेर्दा मानवमुटु विचित्र त्रासले ढक्क फुल्दछ, जहाँ ढुङ्गामा चाँदीका जिभ्रा छन् । जहाँ नालामा दिव्य भाषण, जहाँ प्रकृति र रङका दृश्यचित्र रचीरची रङ रोशनी परेको कुशलता प्रदर्शन गरिरहेका छन्...सर्वोच्च हिमाल शासन गरिरहेछ.... ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. ६२-६३) ।

देवकोटालाई नेपालकै वनकालीमा आनन्द पाइन्छ भन्ने विश्वास छ । यहाँका वनको मिरमिरेमा सम्पूर्ण मधुरता र मिठास पाइने तर मैदानी देशमा बाँझोपन, तातो हावा र सुख्खा रोटीजस्तो निरसपन पाइने उनको विचार छ । पृथ्वीमण्डलमा हुने सम्पूर्ण प्राकृतिक तत्त्व र तिनका जादूगरी विशेषताहरू नेपाली प्रकृतिमा खास रहेको देख्नु अनि तिनको मुक्तकण्ठले प्रशंसा गर्नु प्रकृतिप्रेम सम्बन्धमा देशभक्ति नै हो । स्वर्ग, नरक, विद्वान्, ऋषि अनि विज्ञानको सुविधाभन्दा अझ आनन्द यही नेपाली भूमिको प्रकृतिमा पाइन्छ भन्ने कुरा निबन्धकारले यहाँ व्यक्त गरेका छन् । निबन्धकारले बेबिलोनको झुलनाबाग, नागराफल्स, चीन पर्खाल आदि सबै कुरा नेपालकै हिमाली प्रकृतिमा पाइने धारणा व्यक्त गरेका छन् । उनले नेपाली पहाडी भूभागको हरियाली, हिमालका पवित्र जादू, पर्वत शृङ्खला, भञ्ज्याङ, बेँसी, सिमसिमे पानी तथा कुहिरोको हृदय आकर्षक चित्रको वर्णन गरेका छन् ।

'आषाढको पन्ध्र' निबन्धमा सम्पूर्ण नेपाली जातिहरूको चाडका रूपमा रहेको र मनाइँदै आएको यस दिनमा एकातिर सम्पूर्ण नेपालीहरू खुसी र आनन्दित छन् भने अर्कातिर त्यस

दिनको प्राकृतिक सुन्दरताले झन मनमोहकता थपेको बताएका छन् । हातमा हरिया धानका बीउ, दबदबे हिलो, आकाशमा छरिएका बादलका टीका, ठिटाठिटीहरूले गाएको मधुर गाना-ध्वनिले डाँडाकाँडा, खाल्डा, पहाड, फाँट नै गुञ्जायमान बनाएको परिवेशको चित्रण गरेका छन् । यसप्रकारको खुसी र आनन्दले सबैतिरका मान्छेलाई छोएको छ । खेतबारीमा नै नेपाली हृदयले प्राकृतिक बोलावट सुनेको र यस प्रकारको खुसीमा प्रकृतिले हामीलाई बोलाइरहेको छ किनभने हामी प्रकृतिका नातेदार हौँ भन्ने कुरा व्यक्त गर्दै देवकोटा आफू पनि त्यसमा सामेल हुन बाहिर हिँडेको बताउँछन् । यस दिनको उल्लासमय वातावरणले देवकोटाको मनलाई छोएको र त्यसैको वर्णन, प्रशंसा र महत्त्वको चर्चा यस निबन्धमा उनले गरेका छन् । भ्रमण गर्दागर्दै देवकोटा यस्तो ठाउँमा पुगेको बताउँछन् :

"पूर्वका डाँडा हरिया भएका थिए, तिनको नौलो चेहेरा विचित्र अस्पष्टताको मोहनी थियो । बादलको छरिएका टुक्रामा बीचबाट सूर्य भगवानको उज्यालोले दृश्यपटलाई टाटापाटा गराएको थियो, दूरवर्ती पहाड पाटापाटामा घामले छोएर हरियालीको सौन्दर्य देखिन्थ्यो ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. ६४) ।

'एउटी चरीको चिरीबिरी' निबन्धमा निबन्धकार घुम्दैघुम्दै रानीवन पुगेका छन् र त्यहाँका चरीको चिरीबिरी सुनिरहेका छन् । खोलाका किनारमा बसेर सुनेको चरीको बोली कविलाई मीठो लागेको छ । चरीको नबुझिने भाषा, नअर्थिने शब्दहरूको माधुर्य अनि ती ईश्वरीय सूचनाहरू निबन्धकारलाई महत्त्वपूर्ण लागेका छन् । चराका भाषाका तुलनामा हाम्रा ध्वनि मानेदार बनेर बिग्रन्छन् र हाम्रा शब्द सङ्कुचित अर्थमा प्रकट हुन्छन् । देवकोटालाई माटाको पूर्णता फूल र फूलको चरो हो भन्ने लाग्छ । देवकोटाले आफ्नो बासस्थान पनि सोही चरीको जस्तै ठाउँमा भएको बताउँदै भनेका छन् :

"म त्यस्तै सानोसानो कुञ्जमा बास गर्दथे । मेरो हरियो रानीवन रमाइलो थियो, म त्यसैलाई रोजेर प्रकृतिमा गुँड बनाएर बसेको थिएँ ... त्यही कलकले जलले मेरो आँत रसाउँथ्यो । जहाँ त्यो चरी चुच्चो डुबाउँथी । तिनै पहाडहरूको मोहनीले मलाई घेर्दथे । जसले चरीलाई बिउँझाएका थिए । नेपाली मट्टीबाट बनेको सानो मूर्तिले त्यही नेपालनुरागी भावुक हृदय लिएर आएकी थिई जो मेरो हृदयको हृदय थियो ।" ( **लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. २२८) ।

यहाँ निबन्धकारले नेपालकै रानीवन, त्यहाँ वरिपरिको वातावरण एवम् त्यही वनभित्र रहेको चरीको आवाजको मुक्तकण्ठले प्रशंसा गरेको भेटिन्छ । रानीवनभित्रकै कलकले जलले आफ्नो आँत रसाएको, पहाडहरूको मोहनीले घेरेको तथा वन नै रमणीय लागेको कारण वासस्थान बनाएर बसेको देवकोटाले जनाएका छन् ।

'दाडिमको रूखनेर' निबन्ध प्रकृतिलाई विषयवस्तु बनाएर लेखिएको निबन्ध हो । यहाँ उनले आफूले केटाकेटी हुँदा खेलेका ठाउँहरूमा पाइने भोगटे, जाई, कोइराला, बोहोरी, काइँयो रिठो, नासपाती, आलुबखडा, आरु, अमला, कनकचम्पा, केराका बोटहरूको चित्रण गरेका छन् । डिल्लीबजारको पुरानो कमल पोखरीमा आफू जन्मेको बताउँदै त्यो ठाउँ रमणीय भएको उल्लेख गरेका छन् । समयक्रममा बुढेसकाल हुन लागेका देवकोटाले प्रकृतिबाट टाढिन पुगेको महसुस गरी बाल्यकालको संस्मरण गरी प्रकृतिले मानिसलाई आफ्नो सुन्दर सिर्जनाद्वारा शान्त, सङ्गीत, मिठास, आनन्द प्रदान गरेको चर्चा गरेका छन् ।

"यस तल्लो बारीमा भोगटे, काइँयो, रिठ्ठा, पारिजात, नासपाती, आलुबखडा, आरु, ममल, कनकचम्पा, कल्की, खरीका अनेक बोट थिए ।" (**दाडिमको रूखनेर**, पृ. १११) ।

स्वच्छन्दतावादी निबन्धकार देवकोटाले प्रकृतिको गुणगान गर्दै प्रकृतिसँगको सामीप्यलाई मन पराएको देखिन्छ । प्रकृतिको विनासबाट मानवजीवन रोगी बन्ने कुरा व्यक्त गर्दै जीवनलाई स्वच्छ र स्वस्थ रूपमा अगि बढाउन प्रकृतिको शरणमा पर्नुपर्ने भएकाले प्रर्कतिको संरक्षण गर्नुपर्छ भन्ने देवकोटाको विचार छ । स्वस्थ र सुखी जीवन बिताउन एवम् ज्ञान प्राप्त गर्न देवकोटाले नेपाल प्रकृति नै पूर्ण देखेको कुरा माथिको कथनले पुष्टि गरेको छ । देवकोटाले भोगटेको बोटमा वीर उपन्यास ढुङ्गामा छड्कँदो आत्मा, बूढो कोइरालाले वसन्त ॠतुको आगमनको सङ्केत गरेको कुरा बताएका छन् । देवकोटाले व्यक्त गरेका भोगटे, काइँयो, रिठ्ठा, पारिजात, नासपाती सबै नेपाली भूमिको भीरपाखा, वन पहरातिर पाइने प्राकृतिक वस्तुहरू र बुढेसकालमा पुग्दा आफूले जानेका र नेपाली भूमिमा नै रहेका त्यस्ता तत्त्वहरूको उल्लेख पनि गर्न सक्थे तर त्यसो गरेनन् ।

निबन्धकार देवकोटाले 'मेरो पाल्पा तानसेनको यात्रा'मा आफ्नै जीवनमा आफूले गरेको तानसेनको यात्रालाई विषय बनाएका छन् । यात्राको रमणीयतामा रम्नु स्वच्छन्दतावादीहरूको

विशेषता हो । त्यसमाथि प्रकृतिको अनुपम छटाहरूले भरिएका डाँडाकाँडाहरूको दृश्यावलोकन अरू सुन्दर हुन्छ । देवकोटाले हवाइजहाजमा तानसेनतर्फ उड्दा देखेका प्रकृतिका पहाड, जङ्गल, गाउँबस्तीको वर्णन गर्दै भनेका छन् :

"नेपाल विचित्र विषमताको देश अनुमान हुन्थ्यो । उचाउचा पहाडहरू, गहिरागहिरा खाडीहरूसँग दृश्यपटमा आलोपालोसँग देखिन्छन् ।...पहाडको जङ्गलका बीचमा भिराला जमीन र शिखरहरू कोरेर नेपाली कृषक तपस्वी जीवन व्यतीत गरिरहेछ... ।" (**दाडिमको रूखनेर**, पृ. १३१) ।

यसप्रकार देवकोटाले यस निबन्धमा यात्रा गर्दा प्राप्त हुने आनन्दको अनुभूति एकातिर व्यक्त गरेका छन् भने अर्कातिर नेपाली प्रकृति अनुपम रहेको विचार व्यक्त गरेका छन् । यहाँ उनले विचित्र प्राकृतिक विषमताले भरिएको नेपालको गुणगान गाएका छन् ।

## ४.१.४ नेपाली भेषभूषामा देशभक्ति

भेषभूषा भनेको पहिरन हो वा पोसाक हो । खास जाति वा समुदायका मान्छेले लगाउने पोसाक नै भेषभूषा हो । निबन्धकार देवकोटाले नेपाली जाति र त्यसमा पनि कुनै समुदाय विशेषको पहिरन भेषभूषाको चित्रण कुनैकुनै निबन्धमा गरेको भेटिन्छ र यो भेषभूषाको चित्रणमा सन्दर्भमा देशभक्ति हो ।

'पहाडी जीवन' निबन्धमा गोसाइथानको यात्राका क्रममा बाटामा शेर्पा जातिहरूले लगाएको वस्त्रको चित्रण गर्दै देवकोटाले भनेका छन् :

"तिनीहरू हँसिलो चेहेराका, मङ्गोलियन कदका, साना दाँतका राताराता घिउ गन्हाउने रातो कोट र सत्रञ्जीजस्ता जामा लगाएका पुड्कापुड्का ठिटीहरू थिए ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. १२) ।

सोही निबन्धमा भिल्टुङको यात्राका क्रममा बाहुन जातिले लगाएको पोसाकको वर्णन पनि निबन्धकारबाट भएको छ । मङ्गोलियन शेर्पिनीहरूले मैलाधैला लुगा र कुनै साजसज्जा बिना देखाएको नृत्य, गीत गाएको आदि कुराले उनलाई प्रभाव पारेको छ । भिल्टुङका मानिसहरूको पोसाकको वर्णन यस्तो छ :

"पोसाक पनि यहाँ आफ्नै किसिमको थियो । बाक्ला कोराका भोटाहरू नै पोसाकका प्रधान अङ्ग थिए र तिनीहरूमा नलीदार तुनाहरू सुर्काउने पारिएका देखिन्थे । त्यसउपर कोराको बाक्लो पटुका कसेर हावाको बचाउ गर्ने आदत देखिन्थ्यो । एकटा सेतो कोराको टोपी र घुँडासम्म आउने कोराको धोती, कोहीकोही लबेदा लगाउँथे, घरबुनाजस्तो कोठे र घुँडासम्म पुग्ने स्वास्नीमान्छेहरू घुँडासम्म फरिया उचालिने गरेर बाक्ला पटुकाले बेर्ने गर्दछन् ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. १३) ।

यहाँ निबन्धकारले नेपाली जातिमा लोग्ने मान्छेले लगाउने दौरा, पटुका, टोपी, धोतीलगायतका स्वदेशी घरबुट्टे कपडा तथा स्वास्नीमान्छेले लगाउने फरिया, पटुका छिटको चित्रण गरेका छन् । प्रत्येक देशका जातिहरूले लगाउने आआफ्नै राष्ट्रिय पोसाक हुन्छ र नेपाली जातिहरूको पनि आफ्नै स्वदेशी वा स्वदेशमा नै निर्मित राष्ट्रिय पोशाक छ जसको आफ्नो छुट्टै अस्तित्व र मौलिक पहिचान छ भन्ने देवकोटाको विचार छ । दौरा, सुरुवाल, पटुका, टोपी एवम् फरिया, चौबन्दी र साडी नेपालका राष्ट्रिय पोसाक हुन् र यिनले संसारमा नेपालीहरूको छुट्टै मौलिक पहिचान देखाउन सकेका छन् । नेपालीहरूको छुट्टै आफ्नो मौलिक पहिचानयुक्त भेषभूषाको वर्णन आफ्ना निबन्धमा गर्नु भेषभूषाका सन्दर्भमा देशभक्ति नै हो ।

### ४.१.५ नेपाली भूगोल/माटामा देशभक्ति

देवकोटाले आफ्नो 'के नेपाल सानो छ ?', 'वीरहरू'जस्ता निबन्धमा नेपाली भूगोल तथा माटोको चर्चा गर्दै भूगोलप्रतिको प्रेमलाई व्यक्त गरेका छन् । देवकोटालाई आफ्नो मातृभूमि नै प्यारो लागेको छ ।

देवकोटाले 'के नेपाल सानो छ ?' शीर्षक निबन्धमा नेपाललाई सुन्दर, शान्त र विशाल विशेषणहरू दिएर तिनको पुष्टि विभिन्न सन्दर्भहरू दिएर गरेका छन् । नेपाल भौगोलिक क्षेत्रफलका आधारमा सानो हुँदाहुँदै पनि आँखाको नानीजस्तो, अबोध शिशुजस्तो महत्त्वपूर्ण भएकाले नेपाल विशाल छ भन्ने देवकोटाको विचार छ । अत्यन्त तार्किक र भावपूर्ण शैली प्रयोग गरी यसमा भौगोलिक सीमा तथा अन्य परिमाणका हिसाबले सानो नेपाललाई निबन्धकारले ठूलो र महत्त्वपूर्ण सिद्ध गरेका छन् । विश्व मानचित्रमा ०.०३% मात्र क्षेत्रफल

ओगटेको नेपाललाई गुण तथा महत्ताका आधारमा हीरा, मणि, मिष्टभाषी शिशु, आँखाको नानी र मुटुको केन्द्रसँग तुलना गर्दै निबन्धकारले भनेका छन् :

"सानो छ तर स्वर्ग छ, अल्प छ तर आँखा छ, छुट्टा छ तर आफै विश्व छ, दूर छ तर यसको दिव्य जादू ।" पृ. ८) ।

देवकोटाका विचारमा माटोको मात्राले भन्दा खेत त्यसको उब्जनीले ठूलो हुने हुँदा नेपालभन्दा चीन ठूलो छ भन्नु मान्छेभन्दा हात्ती ठूलो छ भन्नुजस्तै हास्यास्पद विषय हो । शक्तिको दुरुपयोग गरी ठूलोपनको सान देखाउने मुलुकभन्दा भावना र कल्पनाका आडमा मानवीय सम्पन्नताको पवित्र चिन्तन गर्ने शान्तिप्रिय भूमि नेपाल ठूलो छ भन्ने तर्क निबन्धकारको प्रशंसनीय छ । निबन्धकार विदेश भन्ने कुरा सपना, नदेखेको स्वर्गको झिलीमिलीको भ्रम र दन्त्यकथाको जस्तै काल्पनिक लागेको सङ्केत गर्दै भन्छन् :

"विदेश भनेको सपना हो, एउटा कताकताको कथा हो, नदेखेकै झिलीमिली हो, अग्राह्य बाहिरी कुरा हो, जो मेरो क्षितिजभित्र पर्दैन ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. ६४) ।

देवकोटालाई मैदानी देश उराठ र चिच्याहटलाग्दो हुन्छ भन्ने लाग्छ । आफ्नो देशको उत्थान र सम्बर्द्धनमा नलागेर हेला गरी विदेश जानु देशद्रोही हुनुजस्तै हो । जसले पहिला आफूमा आफ्नो देशप्रति श्रद्धा वा मायाको भावनाको विकास गर्छ, अति मान उसमा विश्वप्रेम राख्न नसक्नेले विश्वप्रति प्रेम गर्छु भन्नु नालायकपन हो । निबन्धकारलाई मातृभूमि सबैभन्दा ठूलो वस्तु हो भन्ने लागेको छ । विश्वप्रेमको सुरु पाठशाला स्वदेश वा मातृभूमिप्रेम हो भन्ने देवकोटा आफ्नो परिचय नै नेपाल भन्ने शब्दको उच्चारण गरेर दिने कुराको उल्लेख गर्दै राष्ट्रप्रतिको असीम प्रेमलाई यसरी व्यक्त गर्दछन् :

"म विश्वको अन्तर दूर कुनामा अहिले गएको भए तँ को होस् ? भन्ने कुनै भ्रमण प्रियाको धर्मको प्रश्नलाई म उत्तर दिन्थेँ नेपाल, मृत्यु स्वर्गबाट ओर्लेर तँ के चाहन्छस् को प्रश्नलाई पनि म उत्तर दिन्थे नेपालको भलाई, अरू मुक्ति खोजून् स्वर्गपछि दौडून् म खोज्छु नेपालको तर्फ अविरल शुभकामना र नेपालको अनन्त सेवा .....हस्सी उडाउने हस्सी उडाउँछन् तर भन्दछु कि मेरी मातृभूमिमा त्यो आर्यसभ्यता छ .... ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. ६४) ।

संसारका जुनसुकै देशमा पाइने सम्पूर्ण वस्तुहरू हिमालयको सुन्दर काखमा रहेको सानो नेपालमा देख्नु जस्तोसुकै परिस्थितिमा जोसुकैले आफ्नो पहिचान माग्न खोजेमा नेपालको नामबाट दिने इच्छा व्यक्त गर्नु, विदेशलाई सपनाका रूपमा चित्रण गरी जीवनको अनुभव स्वदशमै मात्र गर्न सकिने धारणा व्यक्त गर्नु, स्वदेश प्रेमको भावना जागेपछि मात्र विश्वप्रेम उम्रन्छ भन्नु, साना तर महत्त्वपूर्ण वस्तुहरूसँग नेपाललाई दाँजेर विशाल छ भनी तार्किकताका साथ पुष्टि गर्ने प्रत्यत्न गर्नु देवकोटाका आफ्नो देश/मातृभूमि वा माटोप्रतिका प्रेमका उदाहरण नै हुन् । यस निबन्धमा देवकोटाको राष्ट्रियताको भावना प्रखर रूपमा अभिव्यक्त भएको देख्न सकिन्छ ।

'वीरहरू' **लक्ष्मी निबन्धसङ्ग्रह**भित्र (२००२) सङ्गृहीत राष्ट्रियताको भाव व्यक्त भएको एक उत्कृष्ट निबन्ध हो । यस निबन्धमा देवकोटाले वीरका विशेषता प्रस्ट्याएका छन् । परमार्थका लागि आफूलाई नसम्भने व्यक्ति नै वीर हो भन्ने देवकोटाको विचार छ । आफ्नो नाम कमाउन खोज्ने तर कीर्तिपिपासु वीर होइन । समर्पणको भावना भएको व्यक्ति म वीर हुँ भन्न चाहँदैन । आवश्कता परेका बेलामा दायाबाँया नहेरी र पछाडि नफर्की अघि बढ्ने व्यक्ति वीर हो । वास्तविक वीरमा विश्वासको पूर्ण प्रभाव रहन्छ । वीरपुरुष आफ्नो देशको अस्तित्वका लागि इतिहासको बोध गर्दछ भन्दै मातृभूमिको रक्षाका लागि आफ्नो वीरपुर्खाहरूले दिएको योगदानलाई सम्भँदे अगाडि बढ्ने सल्लाह निबन्धकारले दिएका छन् । हामीले जन्मेर मातृभूमिप्रति केही गर्न नसकेकोमा उनलाई खेद छ र भनेका छन् :

"हामी ऋणमा डुबिरहेका छौँ, दूधको भारा तिर्न हिच्किचाउनु कातरता हो, के तिमीलाई विश्वास छैन कि तिमी माटो होइनौँ (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. ६७) ।

यहाँ आमा वा मातृभूमिप्रतिको ऋण तिर्न सधैँ सचेत हुनुपर्ने बताइएको छ । वीरलाई ईश्वरले अरू मावनभन्दा भिन्न जादूको छडी दिएर पठाएको हुँदैन तर पनि कायर भई बस्ने, आफू माटोबाट बनेको हुँ भन्ने नजान्ने व्यक्तिदेखि निबन्धकार चिन्तित छन् । सामर्थ्य, बहादुरी, अटल, विश्वासजस्ता विशेषताहरूलाई मूल विषय बनाएर लेखिएको यो निबन्धले केही नेपाली सपूतहरूले देखाएको बलिदानलाई प्रशंसा गरेको छ भने अर्कातिर मोह, भोगविलास, ऐस, आराम त्यागेर समाज र राष्ट्रका लागि आफूलाई समर्पित गर्दै वीर बन्ने प्रेरणा प्रदान गरेको

छ । आफ्नो राष्ट्र र राष्ट्रहितको विरुद्धमा कुनै दुस्मनले टाउको उठाउन खोजेमा डटेर लाग्नुपर्ने विचार व्यक्त गर्नु एवम् व्यक्तिगत स्वार्थभन्दा राष्ट्रिय स्वार्थलाई ठूलो मानेर राष्ट्रहितका लागि ज्यानको बाजी लगाई अगाडि बढ्न सके आफ्नो वीरता पनि झल्कने र मातृभूमिको रक्षा पनि हुने बताउनु देशप्रतिको ममताकै करण हो । देशको भूगोलको रक्षाका लागि होस् वा जनतन्त्रको स्थापनाका लागि होस् आफूलाई निस्वार्थ भावले देशको हितमा निष्ठापूर्वक संलग्न गराउने निबन्धकारको भावना देशभक्ति नै हो ।

यसरी देवकोटाले प्रत्यक्ष वा परोक्ष रूपमा केही निबन्धहरूमा भूगोलप्रतिको प्रेमलाई देखाएका छन् । 'के नेपाल सानो छ ?' निबन्धमा निबन्धकार भौगोलिक सीमा सानो-ठूलो नाप्ने आधार होइन भन्दै अन्य प्रकृतिका विविध साना तर मूल्यवान् वस्तुहरूसँग दाँजेर नेपाललाई विशाल देखाउन खोज्छन् भने 'वीरहरू' निबन्धमा वीरका विशेषताको उल्लेख गर्दै नेपाली वीरहरूले बेलाबेलामा राष्ट्रहितका लागि गरेको बलिदानको समेत सम्झना गरी परेका बेलामा दुस्मनका विरुद्ध लडी मातृभूमिको रक्षा गर्न हामीलाई सल्लाह दिएका छन् । यी दुवै निबन्धहरू नेपाली माटो वा भूगोलप्रति प्रेमका नमुना हुन् ।

## ४.१.६ नेपाली जाति र देशभक्ति

निबन्धकार देवकोटाले आफ्नो केही निबन्धहरूमा नेपाली जातिको बारेमा वर्णन गरेको पाइन्छ । नेपाली जातिको यस्तो वर्णनका क्रममा निबन्धकार कतै ती जातिको दुःखलाई अन्त्य गर्न आफूले सक्दो सेवा गर्न पाए हुन्थ्यो भन्ने भाव प्रकट गर्दछन् भने कतै विश्वका महान् दार्शनिक, साहित्यकार आदिमा पाइने प्रतिभा र क्षमता नेपाली जातिमा पनि पाइन्छ भन्दै त्यसको प्रशंसा गर्दछन् ।

'पहाडी जीवन' निबन्धमा निबन्धकार गोसाइथानको यात्राका क्रममा त्यहाँका मान्छेले सरल सादा रूपमा जीवन बिताएको चर्चा गरेका छन् । त्यहाँका मानिसहरूले धूलोमा खेलेर जीवन बिताइरहेको, केटाकेटीहरूले उसिनेको सिस्नासँग ढिडो खाइरहेको, टुहुरा मरन्च्यासे र जङ्गली स्वभावका भएको बताएका छन् । यस प्रकारको दुःखित जीवन बिताइरहेको देखेर

देवकोटाले तिनको जीवनमा केही सुधार ल्याउन अध्ययन र नवीनताको बारेमा ज्ञान दिएर उज्यालोतर्फ धकेल्न मन लागेको भाव व्यक्त गर्दै भनेका छन् :

"मलाई त्यस्तो लाग्थ्यो कि म त्यहीँ कतै तिर बसूँ जीवनको नवीनतालाई, अध्ययनलाई तिनका सुधारलाई, तिनका जीवन सिकाउनलाई म एक जना त्यहाँ बसे कति गर्न सक्ने थिएँ ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. ७) ।

देवकोटालाई त्यही गाउँका मानिसहरूसँग बसेर काम गर्न मन लागेको छ । कम्तीमा एक जनालाई आफ्नै नजरमा विशाल जीवनको होस् दिन पाए आफूले एक नवीन जीवनको सृष्टि गर्न सकेको सम्झन्छन् । जीवनको उत्तरको रेखासम्म चिन्न नसक्ने ढुङ्गेसर क्षेत्रमा बसेर चमत्कार देखाउन सकिने उनको ठहर छ । त्यहाँका मानिसहरूले खाने कोदो, तीते फापर, सिस्नो, ढिँडो अर्कै स्वादको हुने देवकोटाको भनाइ छ । निबन्धकारले गोसाइथानको यात्राका क्रममा देखापरेका शेर्पिनीहरू, शेर्पाहरूमा सरसफइको वास्ता नभए पनि सोझा र साधु देखिए पनि अत्यन्तै सुन्दर लागेको वर्णन गरेका छन् भने झिल्टुङ यात्रामा बाहुन जातिको जीवन शैलीबाट आफू प्रभावित भएको चर्चा गरेका छन् । झिल्टुङ श्रद्धा, भक्ति, सनातन, रीतिथितिमा अडेको बाहुनहरू गोठाला र किसानका रूपमा आफ्नो जीवन व्यतीत गरिरहेका, आफ्नै परिश्रममा बाँच्ने स्वाभिमानी, सान र रवाफबाट टाढा रहेको, दृढविश्वासी सच्चा नेपाली पहाडका पुत्र बनेर आर्यसभ्यताको नमुना देखाएको हुनाले त्यसबाट आफू अत्यन्तै प्रभावित रहेको बताएका छन् । परम्परागत नेपाली संस्कारमा विश्वास गर्ने यी बाहुन जातिको परम्पराप्रतिको निष्ठाले मानन विश्वास, चलन, रीतिस्थितिको प्रभावकारिताका बारेमा आफूले जान्न पाएको उनको विचार छ । निबन्धकार झिल्टुङका बाह्मणहरूको जीवनशैलीबाट प्रभावित भएर यस ठाउँलाई वेदको केन्द्रका रूपमा स्थापित होस् र विज्ञानमा भन्दा ज्यादा विश्वास श्रद्धालु कल्पना गरेर मानव जातिको प्रगतिको अध्ययन होस् भन्दै यस्तो भाव व्यक्त गर्दछन् :

"सादा जीवन र उच्च विचारको आदर्शमा यहाँको उन्नति होस् त्यसका अभावहरू मेटिऊन्, सानो स्वर्ग बनोस् ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. १४) ।

यसरी नेपाली, मङ्गोल तथा आर्य जातिको रहनसहन, स्वभाव, चालचलन, बानीबेहोरा, परम्पराप्रतिको आस्था, तिनको जीवन शैली देखेर आफूले धेरै कुरा जान्न पाएको अनुभव गर्नु

तथा तिनको दुःखसुखमा आफू पनि समाहित भएर सेवा गर्न पाए हुन्थ्यो भन्ने इच्छा जाग्नु नेपाली जातिका सन्दर्भमा देशप्रेम नै हो ।

'के नेपाल सानो छ ?' निबन्धमा निबन्धकार देवकोटाले नेपालीहरूमा प्रशस्त सामर्थ्य भएको तर उनीहरूले त्यसलाई बाहिरी दुनियाँमा प्रकट गर्न नपाएको विचार व्यक्त गरेका छन् । त्यसै प्रसङ्गमा उनी यसो भन्छन् :

"यहाँ बाग्नर कोदाली खनिरहेछन्, सेक्सपियर हलो जोत्ता हुन्; टिसियन र टर्नर भेडा चराउँदा हुन्; सोक्रेटिज गुफामा घोत्लिरहेका होलान्, कालिदास आषाढको पन्धमा धारा प्रवाह गीत गाइरहेका होलान, म कहाँ सान्डाले दाउराका भारी बोकेर ल्याउँछन्, मेरो वनमा हेलेन, केलरहरू गीत गाउँछन्....।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. ५३) ।

यसरी निबन्धकारले जर्मनेली सङ्गीतकार बाग्नर कोदाली खनिरहेको, अङ्ग्रेजी नाटककार सेक्सपियरले हलो जोतेको, महाकवि कालिदास आषाढको पन्धमा गीत गाइरहेको, बहिरी तथा अन्धी अमेरिकाली हेलेन, किलरहरू गीत गाइरहेको कल्पना गरी ती उच्च प्रतिभाहरू नेपालमा भएका र हुन सक्ने बताएका छन् । स्विडेनका वास्तुकलाविद् रिसियन, अङ्ग्रेजी चित्रकार टर्नर अनि जर्मनीका पहलमान् सान्डोलाई उल्लेख गरेर यी विविध विषयका विशेषज्ञहरू नेपाली जातिमा भए पनि तिनले अवसर नपाएको उनको विचार छ । उनी नेपाली जनप्रतिको अगाध प्रेमभाव प्रकट गर्दै भन्छन् :

"नेपाली हृदय ! तँ भन्दा सुन्दर, शान्त, सजीव कुरा संसारमा के होला ? ।" (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. ५४) ।

यसैगरी 'वीरहरू' निबन्धमा निबन्धकार वीरका विशेषता र गुणहरूको चर्चा गर्ने क्रममा नेपाली वीरहरूको वीरतापूर्ण कार्यको प्रशंसा गर्दै भन्छन् :

"नेपाली माटोमा किरण त्यहाँ झऱ्यो, वीउ त्यहाँ रोपियो र सुगन्ध त्यहाँ फुल्यो, जहाँ तिनीहरू गुलाबी, लाली पोख्छन्, तिनका बास्नाहरू हावाले दूरतासम्म पुऱ्याएर अरूहरूलाई फूल्नको प्रेरणा दिन्छन् । " (**लक्ष्मी निबन्धसङ्ग्रह**, पृ. ६०) ।

यहाँ निबन्धकारले प्रजातन्त्रको प्राप्ति, मातृभूमिको स्वतन्त्रता, दासताको मुक्ति एवम् समानताका पक्षमा हाँसीहाँसी जीवन बलिदान गर्ने नेपाली जातिको सम्झना गरेका छन् ।

आफ्ना पुर्खाहरूले निर्माण गरेको इतिहासको सुरक्षाका लागि नेपाली जाति सधैँ तत्पर रहेको विचार उनको छ । आफ्नो स्वाधीनता स्वतन्त्रताका लागि जीवनको बलिदान गर्न सक्ने नेपाली वीरहरूले विश्वका अरू जातिलाई समेत वीरताको पाठ पढाउन सक्ने र तिनलाई प्रेरणा दिन सक्ने ठान्नु नेपाली जातिप्रतिको प्रेम हो ।

# पाँचौँ परिच्छेद

## उपसंहार

यस शोधपत्रलाई जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ र प्रत्येक परिच्छेदमा गरिएको अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**पहिलो परिच्छेद**अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद**अन्तर्गत नेपाली निबन्धको विकासक्रम सँगै देवकोटाको नेपाली निबन्ध साहित्यमा आगमन र उनको निबन्धयात्राका बारेमा चर्चा गरिएको छ । पाश्चात्य साहित्यको देनका रूपमा विकसित नेपाली निबन्धले देवकोटाको आगमनपूर्व आधुनिकतालाई वरण गर्न सकेको देखिँदैन । त्यसकारण देवकोटाको आगमनसँगसँगै नेपाली निबन्धले आधुनिक युगमा प्रवेश गरेको हो । त्यसपूर्वको समयलाई प्राथमिक काल (सुरुदेखि वि. सं. १९५८ सम्म) र माध्यमिक काल (वि. सं. १९५८ देखि वि. सं. १९९१ सम्म) गरी दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । देवकोटाको वि. सं. १९९३ को आषाढ महिनाको **शारदा** पत्रिकामा प्रकाशित ‘आषाढको पन्ध्र’ निबन्धले नेपाली निबन्ध साहित्यलाई आधुनिक युगमा प्रवेश गराएको देखिन्छ । यसभन्दा अगाडि वर्णन विवरण र बौद्धिक विषयको वस्तुपरक चाप देखिरहेकै समयमा देवकोटाको निजात्मक निबन्धकारमा नेपाली साहित्यको निबन्धविधामा प्रवेश भयो । देवकोटाको औपचारिक निबन्ध यात्रको थालनी वि. सं. १९९३ को यही **शारदा** पत्रिकामा प्रकाशित ‘आषाढको प्रन्ध’ निबन्धबाट भएको देखिन्छ । यो नै देवकोटाको प्रथम प्रकाशित निबन्ध हो । यसपछि उनका ‘फूल’, ‘निद्रा’, ‘भलाद्मी’, ‘पूर्व र पश्चिम’जस्ता निबन्धहरू प्रकाशित हुँदै गएको

पाइन्छ र २००२ सालमा उनको अठतीसवटा निबन्धहरूको सङ्ग्रह **लक्ष्मी निबन्धसङ्ग्रह** प्रकाशित भएको पाइन्छ । यसमा सङ्कलित अठतीसवटा निबन्धहरूमध्ये 'आषाढको पन्ध्र', 'फूल' र 'भलाद्मी' तीनवटा निबन्धहरू २००२ सालभन्दा अगि नै विभिन्न पत्रिकामा प्रकाशित भइसकेका देखिन्छन् भने अरू चौतीसवटा निबन्धहरू सर्वप्रथम यसै सङ्ग्रहमा प्रकाशित भएका देखिन्छन् । **लक्ष्मी निबन्धसङ्ग्रह**को प्रकाशनपश्चात् उनका निबन्धहरूको प्रकाशनमा केही सिथिलता आएको पाइन्छ । यसपछि वि. सं. २०१६ सालसम्ममा लेखिएका निबन्धहरूको सङ्कलित रूप **दाडिमको रूखनेर** वि. सं. २०३९ मा प्रकाशित भएको पाइन्छ । यस सङ्ग्रहमा सङ्कलित चौधवटा निबन्धहरू यसअगि नै विभिन्न पत्रपत्रिका तथा पाठ्यपुस्तकहरूमा प्रकाशित भइसकेका देखिन्छन् भने अरू बाँकी निबन्धहरू पहिलो पटक यसै सङ्ग्रहमा सङ्गृहीत भएका देखिन्छन् । निबन्धकार देवकोटा १९९३ देखि २०१६ सालसम्मको यो २३ वर्ष लामो निबन्धलेखनको समयलाई चरण तथा उपचरणमा स्पष्ट विभाजन गर्न सकिने आधार फेला पार्न नसक्नु उनको निबन्धलेखनमा निरन्तरता नहुनु र दुवै निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूमा पवृत्तिगत भिन्नता उति बढी नदेखिनु नै हो । २००२ सालपछि उनी बढी मात्रामा निबन्धभन्दा कवितालेखनमा सक्रिय रहेका देखिन्छन् तापनि **लक्ष्मी निबन्धसङ्ग्रह**भित्रका निबन्धहरूमा पाइने भावनाको स्वतस्फूर्त, अनियन्त्रित रूप २००२ सालपछि प्रबल बेगसँगै युगचेतनाको मिश्रण हुन पुगेको भेटिन्छ । **लक्ष्मी निबन्धसङ्गह**का निबन्धहरूमा कट्टर हिन्दूवादी देखिएका निबन्धकार देवकोटा पछिल्लो निबन्धसङ्ग्रहभित्रका निबन्धहरूमा अनिश्वरवादी एवम् राजनीतिक विकृतिप्रति तीव्र प्रहारक भएर उभिएका देखिन्छन् । यही युगचेतना र विश्वबोध नै उनका दुई निबन्धसङ्ग्रहहरूमा पाइने खास भिन्नता हो ।

**तेस्रो परिच्छेद**अन्तर्गत देवकोटा निबन्धविश्लेषणका आधार तय गरी विधातात्त्विक आधारमा देवकोटा दुई निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको मोटामोटी अध्ययन गरिएको छ । विभिन्न विद्वान्हरूले निबन्धका तत्त्वसम्बन्धी दिइएका मान्यताहरूलाई अगि सारी निष्कर्षस्वरूप निबन्धका तत्त्वका रूपमा विषयवस्तु, विचार, हार्दिकता/बौद्धिकता, दृष्टिबिन्दु, सङ्क्षिप्तता, भाषाशैलीको परिचय दिइएको छ र तिनै तत्त्वका परिप्रेक्ष्यमा उनका दुई निबन्धसङ्ग्रहको

मोटामोटी अध्ययन गरिएको छ । देवकोटाका निबन्धहरूको विषयवस्तु प्रकृति, समाज, दर्शन, इतिहास, संस्कृति, धर्म, विज्ञान, कल्पना, सौन्दर्यचेतना, वैयक्तिक अनुभूति आदि विविध रहेकाले दुवै सङ्ग्रहभित्र सङ्कलित निबन्धहरू विषयप्रयुक्तिका आधारमा सीमित नभई विस्तृत देखिन्छन् । देवकोटा **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) भित्रका अधिकांश निबन्धहरूमा विचारका दृष्टिले अध्यात्मवादी देखिएका छन् र हिन्दूवादी व्यवस्थामा आधारित मानवतावाद, विश्वभातृत्व उनको मूल वैचारिक आदर्श बनेको देखिन्छ । **दाडिमको रूखनेर** (२०३९) निबन्धसङ्ग्रहभित्रका निबन्धहरूमा पनि अघिल्ला निबन्धहरूको जस्तो अध्यात्मवादको प्रभाव परेको कुरा 'फूल', 'निद्रा', 'बेलामा'जस्ता निबन्धले दर्शाएका छन् तापनि क्रान्तिकारी स्वच्छन्दतावादी भावना, अनिश्वरवादी चिन्तन, युगबोध र विश्वबोध टड्कारो अभिव्यक्तिजस्ता विशेषताहरू यस सङ्ग्रहभित्रका निबन्धहरूमा प्रत्यक्ष रूपमा आएको देखिन्छ । देवकोटाका आत्माभिव्यक्ति प्रधान निबन्धहरू बढी हार्दिक छन् । वस्तुपक्ष बढी आएका निबन्धहरू बौद्धिक छन् भने दुवै सन्तुलित प्रयोग भएका निबन्धहरू पनि भेटिन्छन् । तुलनात्मक दृष्टिले मात्र उनका निबन्धहरूलाई वर्गीकृत गर्न सकिन्छ किनभने देवकोटा स्वच्छन्दतावादी निबन्धकार हुन् र स्वच्छन्दतावादी भएका नाताले हृदय वा आत्मपक्ष जुनसुकै निबन्धमा प्रबल भएर अभिव्यक्ति भएको देखिन्छ । उनले प्रथम, तृतीय र मिश्रित जुनसुकै दृष्टिबिन्दुको प्रयोग गरेर निबन्धहरू सिर्जना गरेको देखिन्छ । अघिल्लो निबन्धसङ्ग्रहमा विशुद्ध स्वच्छन्दतावादी देखिएका देवकोटाका निबन्धमा परात्मकताभन्दा निजात्मकताको अभिव्यक्ति, व्याकरिणक तथा अनुशासित भाषाभन्दा भावनाको प्रवाहलाई टिप्ने क्रममा भाषिक स्वरूपमा नवीनता, परिष्कारको विरोध, शाब्दिक र वार्णिक पुनरावृत्ति, सम्प्रेषणीयता जस्ता भाषाशैलीगत विशेषता पाइन्छन् । **दाडिमको रूखनेर** निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूमा देवकोटा स्वच्छन्दतावादी-प्रगतिवादी देखिएकाले त्यसप्रकारको भावलाई प्रस्तुत गर्न मर्दाना वा ओज पूर्ण भाषाशैलीको प्रयोग उनका निबन्धमा भेटिन्छ । यसका साथै केही परिष्कार र परिमार्जनतर्फको चासो पनि उनका यी निबन्धहरूमा पाइन्छ ।

**चौथो परिच्छेद**अन्तर्गत देवकोटाका दुई निबन्धसङ्ग्रहभित्रका निबन्धहरूमा प्रकट भएको देशभक्तिको भावनाको अनुशीलन गरिएको छ । उनका निबन्धहरूमा भाषा, प्रकृति, जाति, संस्कृति, वेशभूषा र नेपाली भूमिप्रति प्रकट भएको देशभक्तिलाई उजागर गरिएको छ । निबन्धकार देवकोटाले आफ्नो परम्परा र संस्कृतिप्रति गर्व गरेर, भाषाप्रति मोह देखाएर, नेपाली प्रकृतिको सुन्दरताको प्रशंसा गरेर एवम् देशमा बसोबास गर्ने विभिन्न जातजाति, समुदायको वेशभूषा, रीतिरिवाज, लवाइखुवाइको वर्णन गर्ने क्रममा अभिव्यक्त गरेको देशभक्तिको भावनालाई सबै सन्दर्भमा देखाइएको प्रेम व्यक्त गरिएको छ ।

निबन्धकारले 'के नेपाल सानो छ ?' मातृभाषाका लागि र 'नेपाली भाषा'जस्ता निबन्धमा मातृभाषाप्रति कुभाव राख्नेहरूलाई यसको महत्त्वका बारेमा स्पष्ट पार्दै हामी सबैलाई नेपाली भाषाप्रति अनुराग राख्न निवेदन गरेको पाइन्छ । नेपाली भाषामा जस्तोसुकै भाव अभिव्यक्त गर्ने सामर्थ्य देख्नु, मातृभूमिको रक्षा गरी स्वभाषाको संरक्षण गर्नुपर्ने सल्लाह दिनु, भाषामा नै  मौलिक पहिचान अडेको देख्नु, भाषाको विकास हुनु, सम्पूर्ण राष्ट्रको उन्नति हुनु, मातृभाषाको संरक्षण गर्नु असल नागरिकको कर्तव्य भएको ठान्नु र मातृभाषामाथि विदेशी भाषाको आक्रमणलाई रोक्नुपर्ने भावना व्यक्त गर्नु आदि प्रसङ्गहरूले यी निबन्धमा नेपाली भाषाप्रतिको निबन्धकारको मोहलाई प्रस्ट पारेको छ । निबन्धकार देवकोटाले यसप्रकारका भावना तथा विचारको अभिव्यक्ति दिएर नेपाली भाषाप्रतिको श्रद्धालाई व्यक्त गर्न भाषिक सन्दर्भमा देशभक्तिका प्रमाणहरू हुन् ।

'श्रीगणेशाय नमः', 'सुकुलमाथि', 'आषाढको पन्ध्र', 'साधुको महात्म्य', 'कुम्भकर्ण', 'फर्सीको झोल', 'श्रीपञ्चमीको दिन २०१०', 'साहित्यमा शिवत्व', 'कवि हुने धुनमा' आदि निबन्धहरू निबन्धकारले नेपाली संस्कृतिका विविध पक्षहरूलाई उजागर गर्दै संस्कृतिको सन्दर्भमा देशभक्तिको  भावनालाई व्यक्त गरेका छन् । नेपाली समाजले प्राचीन समयदेखि मान्दै आएका चाडवाड,  रीतिरिवाज, देवीदेवताप्रतिको आस्था आदिलाई मूल विषय बनाएर लेखिएका उनका यी निबन्धहरूको मूल सारतत्त्व भनेको हिन्दू संस्कृति, नेपालीको मौलिक प्राचीन आर्य संस्कृतिको हो र यसमा नै जीवनको सार लुकेको छ भन्ने रहेको भेटिन्छ । पाश्चात्य आधुनिक

तथा भौतिक संस्कृतिभन्दा पूर्वीय प्राचीन संस्कृति उच्च देख्नु, प्राचीन आर्यसभ्यताको परम्परालाई शिरोधार्य गर्ने नेपाली जातिको वर्णन गरी हिन्दू दर्शनले दिग्दर्शन गरेको सादा र सरल जीवनयापन सुखको आधार ठान्नु, पूर्वीय संस्कार मात्र हामीमा जीवन्त रहन सक्ने ठान्नु, पूर्वीय आर्यसभ्यता विश्वकै मानवसभ्यताको आधारभूमि भएको विचार व्यक्त गर्नु, साधुतामा हिन्दू संस्कृतिले आडभरोसा पाउने, आधुनिक शिक्षाले भन्दा प्राचीन शिक्षाले (वेद-वेदान्त, हिन्दू ग्रन्थादि) प्रतिभाको प्रस्फुटन गर्न सक्ने विचार निबन्धकारले माथिका निबन्धहरूमा गरेको पाइन्छ । यो उनको पूर्वीय संस्कृतिप्रतिको मोह हो ।

'पहाडी जीवन', 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष', 'के नेपाल सानो छ ?', 'आषाढको पन्ध्र', 'दाडिमको रूखनेर', 'मेरो पाल्पा तानसेनको यात्रा' आदि निबन्धहरूमा देवकोटाले नेपाली प्रकृतिको सुन्दर पक्षको मुक्तकण्ठले प्रशंसा गरेका छन् । विश्वको प्राकृतिक परिवेशमा पाइने सम्पूर्ण प्रकृतिका वस्तुहरू सानो तथा विश्व ओगटेर रहेको नेपाली प्रकृतिमा रहेको उनको विचार यी निबन्धहरूमा पाइन्छ । नेपाली भूमि, नेपाली डाँडाकाँडा, वन, पर्वत, खोलानाला, मैदान, फाँट, हिमाल-पहाड आदिमा देखिने सुन्दरताको वर्णन पनि यी निबन्धहरूमा पाइन्छ । यसकारण यी देवकोटाका प्रकृतिप्रेमको भावना अभिव्यक्त भएका निबन्धहरू हुन् ।

निबन्धकार देवकोटाले 'पहाडी जीवन' जस्ता केही निबन्धहरूमा नेपाली जातिले पहिलैदेखि राष्ट्रिय पोसाकका रूपमा लगाउँदै आएका दौरा, सुरुवाल, टोपी, गुन्यू, चोली, पटुकीको चर्चा गरेका छन् भने कतैकतै नेपाली जातिमा पनि समुदायविशेषले पहिरिँदै आएका पोशाकको वर्णन गरी आफूलाई ती जातिको पोशाक सुन्दर लागेको बताएका छन् । यो भेषभूषाका सन्दर्भमा देखिएको देशभक्ति हो ।

'के नेपाल सानो छ ?' र 'वीरहरू' जस्ता केही निबन्धहरूमा नेपाल सानो भए पनि संसारमा पाइने जुनसुके वस्तु, यहाँ रहेको हिरा, मणि, मिष्टभाषी शिशु, आँखाको नानी सबैसँग तुलना गरी तिनको जस्तै नेपालको पनि विशेष महत्त्व रहेको, आफ्नो देशको विकास गर्नु महानता भएको, कसैले आफ्नो परिचय सोधेमा नेपाल र नेपालीका रूपमा दिन चाहेको एवम् मातृभूमिको रक्षाका लागि आफ्ना पुर्खाले दिएको योगदानलाई पालना गर्नुपर्ने जस्ता भावहरू

व्यक्त गरेका छन् । 'वीरहरू' निबन्धमा मातृभूमिप्रतिको ऋण तिर्न सधैँ सचेत हुनुपर्ने धारणा पाइन्छ । देवकोटालाई व्यक्तिगत स्वार्थभन्दा राष्ट्रिय स्वार्थ नै महान लागेको छ । देशको भूगोलको रक्षाका लागि निस्वार्थ भावले देशको हितमा निष्ठापूर्वक संलग्न हुने र अरूलाई पनि गराउने भावना देशभक्ति नै हो । यसै गरी 'पहाडी जीवन', ' के नेपाल सानो छ ?', 'वीरहरू' जस्ता केही निबन्धमार्फत नेपाली जाति तिनको महानता, पौरख, साहसिलोपन र नेपाली जातिको प्रतिभा आदि पक्षको चर्चा गरी आफ्नो जातिप्रेमको भावनालाई व्यक्त गर्दछन् ।

समग्रमा देवकोटा स्वच्छन्दतावादी आधुनिक प्रथम मौलिक निबन्धकार हुन् र उनका निबन्धको एक विशिष्ट प्रवृत्तिका रूपमा देशप्रेम वा देशभक्ति रहेको देखिन्छ । देवकोटाले नेपाली प्रवृत्ति, नेपाली भाषा, नेपाली माटो, नेपाली जाति, नेपाली संस्कृति आदि विविध पक्षमा आफ्ना भावनात्मक अभिव्यक्ति दिने क्रममा देशभक्तिपूर्ण उद्गारहरू व्यक्त गरेका छन् । देवकोटाको विषयवस्तुगत प्रयुक्तिको व्यापकतासँगै निबन्धात्मक प्रवृत्तिको व्यापकताका रूपमा देशभक्ति अटाएर आएको पाइन्छ । यस दृष्टिले उनलाई एक देशभक्त निबन्धकारका रूपमा चिन्न सकिन्छ ।

# सन्दर्भग्रन्थसूची

## (क) पुस्तकसूची

अधिकारी, रामलाल, (सन् १९७५), **नेपाली साहित्य सञ्चयिका**, दार्जिलिङ ।

अर्याल, दुर्गाप्रसाद, (२०५७), **निबन्धकार देवकोटाका दार्शनिक चिन्तन**, काठमाडौँ : उदय बुक्स प्रा. लि. ।

ओझा, रामनाथ, (२०६१), **देवकोटाका निबन्धमा हास्यव्यङ्ग्य**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि. वि. ।

गौतम, देवीप्रसाद र लुइटेल, खगेन्द्रप्रसाद, (२०५४), **नेपाली निबन्ध**, काठमाडौँ : नवीन प्रकाशन ।

घिमिरे, कृष्णचन्द्र, (२०३८), **निबन्धकार देवकाटाको निबन्धकारितको विश्लेषण र मूल्याङ्कन**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

देवकोटा, लक्ष्मीप्रसाद, (२०५७), **लक्ष्मी निबन्धसङ्ग्रह**, बाह्रौँ संस्करण, ललितपुर : साझा प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद, (२०३८), **साहित्यको रूपरेखा**, ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर, **सयपत्री**, (२०३०), ललितपुर : साझा प्रकाशन ।

बस्याल, ध्रुवप्रसाद, (२०५६), **लक्ष्मी निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. ।

बन्धु, चूडामणि, **देवकोटा**, (२०५८), ललितपुर : साझा प्रकाशन ।

पोखेल, बालकृष्ण र अन्य, (२०४०), (सम्पा.), **नेपाली बृहत् शब्दकोष**, काठमाडौँ : ने. रा. प्र. प्र. ।

वर्मा, धीरेन्द्र, (२०२०), **हिन्दी शब्दकोश**, दो. सं., दिल्ली : ज्ञान मण्डल ।

**श्रीमद्भागवत गीता**, (२०५४), उन्नाइसौँ संस्करण, गोखरपुर : गीताप्रेस ।

शर्मा, गोपीकृष्ण, (२०५७), **नेपाली निबन्ध परिचय**, ए. सं., काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज, (२०६३), **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, दो. सं., काठमाडौँ : अक्सफोर्ड प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, (२०५६), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, छै. सं., ललितपुर : साझा प्रकाशन ।

सत्याल, रामप्रसाद, (२०५४), **सिङ्गो नेपाली भाषासाहित्यको इतिहास र इतिहासकारहरूको परिचय**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र, (२०३८), **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, ललितपुर : साझा प्रकाशन ।

__________ , (२०५६), **स्नातकोत्तर नेपाली निबन्ध भाग ३**, ते. सं., काठमाडौँ : पाठ्यसामग्री पसल ।

__________, (२०५७), **सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण**, काठमाडौँ : पाठ्यसामग्री ।

__________ , (२०५९), (सम्पा.), **दाडिमको रूखनेर**, चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

**(ख) पत्रिकासूची**

गोमा, (२०३०), 'देवकोटामा राष्ट्रियता', **रत्नश्री** (वर्ष ११, अङ्क १), पृ. ११२-११८ ।

त्रिपाठी, वासुदेव, (२०२७), 'निबन्धकार देवकोटा र नेपाली निबन्धको अभ्युदय, **रत्नश्री** (वर्ष ८, अङ्क २), पृ. ४२ ।

भट्टराई, घटराज, (२०३५), 'लक्ष्मीप्रसाद देवकोटा : व्यक्ति र कृति, **मधुपर्क** (वर्ष ११, अङ्क ६), पृ. ७९-९३ ।